CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री हरि:

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृत कृत्यास्स्युस्तं नमामी गजाननम् ।
वन्दे बोधमयं नित्यं गुरुं शङ्कर रूपिणम् ।
यमाश्रित्य हि बक्रोऽपि चन्द्रः सर्वत्र वन्धते ।

प्राक्कथन

गीर्वाणवाणीको शिक्षाको विषयमा हामी विचार गर्दैछौं । शिक्षा भनेको के हो त्यसको केही सामान्य उल्लेख यहां गरिन्छ । 'शिक्षा विद्योपादाने' धातुबाट शिक्षा बनेको हो । विद्या ग्रहण गर्नु नै शिक्षा हो भन्ने कुरा त्यसबाट झल्कन्छ । व्यक्तिको विकास गर्नु शिक्षा हो भन्ने कथन पनि छ र मनुष्यको सात्त्विक गुणको विकास हुनु नै शिक्षा हो भन्ने र मानिस वा बालकमा रहेका उत्कृष्ट कुराहरू शरीर मन र आत्मालाई सबैतिरबाट प्रस्फुरित गर्नु शिक्षा हो भन्ने मत पनि छ । वास्तवमा शैक्षिक प्रक्रियाले व्यक्तिको आचरणमा परिवर्तन ल्याउंछ यसमा केही सन्देह छैन । त्यसो हुंदा शिक्षाको निमित्त 'प्रथमे वयसि नाधीतम्' को अनुसार बाल्यावस्था उपयुक्त मानिएतापनि अनुभवद्वारा आचरणमा परिवर्तन निरन्तर आउने हुनाले शिक्षा भन्ने कुरो व्यक्तिको जीवनमा निरन्तर चली रहने प्रक्रिया हो । त्यसै हुनाले नै 'अजरामरवत् प्राज्ञो विद्यामर्थं च चिन्तयेत्' भनिएको छ । त्यसो हुनाले शिक्षाले-

(क) ज्ञान दिनुको साथै बुद्धिको विकास गर्छ ।

(ख) निर्देशन पथ प्रदर्शन र नियन्त्रण गर्छ ।

(ग) व्यक्तिको व्यक्तित्व विकासमा सहायता गर्छ ।

(घ) व्यक्तिलाई भावीजीवनको लागी तैयार पार्छ ।

(ङ) सामाजिक नीति र परम्परा तथा संस्कृतिको रक्षा गर्छ ।

त्यसो हुंदा शिक्षा त्यो नै उपयुक्त हुन्छ जसले उपर्युक्त कुराहरूको पूर्ति गर्छ । हाम्रो संस्कृत शिक्षाले ती जम्मै कुराको पूर्ति गर्छ त्यसो हुंदा संस्कृत शिक्षा एक पूर्ण शिक्षा हो जुन आधुनिक युगमा आधुनिक शिक्षाको प्रतियोगितामा निरन्तर आफ्नो गौरव अक्षुण्ण राख्न सफल भएको छ । हाम्रो नेपालको शिक्षाको इतिहासमा संस्कृत शिक्षाले सर्वदा अग्रगामी भूमिका लेलेको हामी पाउंछौं । 'जयतु संस्कृतम्' आन्दोलनले घोषित गरेको थियो -

जयतु संस्कृतम् धर्मभूतये , जयतु संस्कृतम् राजभूतये ।
जयतु संस्कृतम् देशभूतये, जयतु संस्कृतम् विश्वभूतये ।

यसरी - सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग भवेत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने आकाङ्क्षा राख्ने संस्कृत शिक्षाको पाठ्यक्रमको विषयमा विचार प्रस्तुत गर्नु यस कार्यपत्रको उद्देश्य हो । शिक्षाका साधनहरूको दुई वर्ग मानिएका छन् -

(१) औपचारिक साधन र

(२) अनौपचारिक साधन

समाजमा शिक्षाको निमित्त संघटित गरिएका संस्थाहरू शिक्षाका औपचारिक साधन मानिन्छ । प्रा०वि०, नि०मा०वि०, मा०वि० र विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान जस्तै संस्कृत अध्ययन संस्थान, मानविकी विज्ञान व्यवस्थापन आदि संस्थानहरू यस विधाभित्र पर्छन् ।

शिक्षाको अनौपचारिक साधनमा परिवार, समुदाय वृत्तपत्र नभोवाणी र चलचित्रहरू मानिएका छन् । हाम्रो संस्कृत अध्ययन संस्थान शिक्षाको औपचारिक साधन हो र यसले एक पूर्ण शिक्षा दिन्छ । यसको शिक्षा अन्तिम श्रेणीसम्मको अर्थात् अनुसन्धानस्तर-सम्मको छ । यसो हुंदा हुंदै पनि संस्कृत शिक्षामा ह्रास आएको छ, जति अनुपातमा अरू अध्ययन संस्थानहरूमा छात्रवृद्धि भएको छ त्यो अनुपातमा संस्कृत अध्ययन संस्थानमा छात्रवृद्धि भएको छैन । नयां शिक्षा योजना लागू भएपछि अन्य अध्ययन संस्थानहरूमा विद्यापीठ(क्याम्पस)हरूको वृद्धि भयो भने हाम्रो अध्ययन संस्थानमा हामीले विद्यापीठहरूको संख्या वृद्धि गर्न सकेका छैनौं ।कारणको अन्वेषण गर्न धेरै परिश्रम गर्न पर्दैन, मूलकारण संस्कृत शिक्षाको व्यावसायिकीकरण गर्न न सकिनु हो । संस्कृत शिक्षाको स्नातकोत्तर स्तरको परीक्षोत्तीर्ण छात्रको एक मात्र जीविका साधन शिक्षण हो । जम्मा चारवोटा विद्यापीठमा स्थान नै कहां अवशिष्ट छ, जसमा त्यस छात्रले जीविका प्राप्त गर्न सकोस्। अतः बाध्य भएर संस्कृताध्येता छात्रले वैकल्पिक जीविका साधनको रूपमा मानविकीका नेपाली, राजनीति, अर्थशास्त्र जस्ता विषयहरू लिएर स्नातकोत्तर स्तर उत्तीर्ण हुनुपर्छ र त्यसद्वारा उनीहरूको जीविका चल्छ । त्यसरी वैकल्पिक विषय लिएर स्नातकोत्तर पूर्ण गर्ने छात्रमा संस्कृतको पनि स्नातकोत्तर पूर्ण गर्ने रूचि र उत्साह हुंदैन र हाम्रो अध्ययन संस्थानबाट स्नातकोत्तर स्तर उत्तीर्ण छात्रको संख्या अङ्गुली गण्य नै रहन्छ ।

त्यसो हुंदा के कसो गरेमा संस्कृत शिक्षामा आकर्षकता आउन सक्छ, यस विषयमा विचार गर्नुपर्ने आवश्यकता स्पष्ट छ । संस्कृत शिक्षाको,त्यसको पाठ्यक्रमको व्यावसायिकीकरण नै अहिले तत्काल संस्कृतमा आकर्षकता ल्याउने उपाय बुझिन्छ।त्यो व्यावसायिकीकरणका मुख्य २ पद्धति छन् भन्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) संस्कृतमा विद्यमान व्यावसायिक विषयहरूको विकास गर्नु । जस्तै संस्कृतमा वास्तुशास्त्र छ त्यसको अध्ययनको राम्रो व्यवस्था र प्रायोगिक शिल्पको विकासको साथ भएको खण्डमा त्यतातिर प्रवृत्ति हुन सक्छ । हाम्रो प्राचीन शिक्षा संस्कृतमय नै थियो र त्यो व्यवसायमूलक पनि थियो । सबैले आ-आफ्नो व्यवसाय गर्दथे प्रतियोगिता प्रतिस्पर्धाको प्रश्न नै थिएन । त्यसो हुंदा कुनैलाई जीविकाको समस्या पनि थिएन । समय व्यतीत हुंदा महायन्त्रहरूको आविष्कारले हजारौं लाखौं मानिसले वर्षौंमा सम्पादनीय कार्य एकै दिनमा गर्न सकिने भए पछि मानव जीविका साधनको प्रश्न पनि अगिल्तिर उपस्थित भयो । वैदेशिक व्यापार विस्तारवादले पनि हाम्रा मौलिक शिल्प कलाहरूलाई अठ्याँयो । त्यसो हुंदा हाम्रा संस्कृत शास्त्रमा विद्यमान व्यावसायिक विषयहरूको पुनरूद्धार गरी सामयिक सम्बद्ध ग्रन्थहरूसंग यसको सान्दर्भिक अध्ययन हुनु पर्दछ । शाङ्गधर पद्धति, समराङ्गण सूत्रधार, मय विश्वकर्म प्रकाश आदि ग्रन्थहरू आजको युगमा पनि अन्वेषणको प्रतीक्षामा छन् ।

(२) अन्य व्यावसायिक विषयहरूको संस्कृतको साथमा अध्ययन । जस्तै - आज पनि संस्कृतको स्नातकस्तरसम्म नेपाली, राजशास्त्र, अर्थशास्त्र आदि विषयको अध्ययन ऐच्छिक रूपमा मूलविषय समानस्तरमा गराइन्छ । एस्ता व्यावसायिक विषयहरूको संख्यामा अरू पनि वृद्धि गर्नुपर्छ र केही नवीन ऐच्छिक विषयहरू, जस्तै - (१) विधिशास्त्र (२) प्राचीन इतिहास र संस्कृति (३) विज्ञान (४) समाजशास्त्र जस्ता विषयहरूको समावेश हुनुपर्छ। वाराणसीको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा ख वर्गको रूपमा- (१) राजशास्त्र (२) अर्थशास्त्र (३) इतिहास (४) प्राचीन भारतीय इतिहास तथा संस्कृति (५) भूगोल (६) हिन्दीभाषा (७) नेपाली भाषा(८) पाली (९) प्राकृत (१०) राजशास्त्रदर्शन (११) विज्ञान(रसायन विज्ञान, जीव विज्ञान, भौतिक विज्ञान)(१२) तुलनात्मक दर्शन (१३) समाजशास्त्र (१४) भाषा विज्ञान(१५) गृहविज्ञान(केवल बालिकाको निमित्त) समावेश छ। यसरी संस्कृतमा व्यावसायिक विषयको समावेश जो अद्यावधि छंदैछ त्यसमा केही विषयहरूको थप गर्ने मात्र हो यो केही नवीन कुराको थालनी हैन । अवश्य नै हामीलाई चिकित्सक(डाक्टर) अभियन्ता (इन्जिनियर, प्रशासक न्यायाधीशहरूको आवश्यकता छ तर यिनीहरू राष्ट्रसेवी हुन्,सच्चरित्र हुन्, राष्ट्रभाषा र संस्कृति प्रेमी हुन् यो राष्ट्रको अपेक्षा छ ।तर जबसम्म ईश्वर परलोकबाट भय हुंदैन तबसम्म कुकृत्यबाट कसैले रोक्न सक्दैन ।यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली संस्कृतिको रक्षा भएन, नेपालीपनाको रक्षा भएन भने नेपाल देश प्रशासनको दृष्टिले एक प्रदेश मात्र रहने छ स्वतन्त्र राष्ट्र रहने छैन, नेपालक आफ्नो संस्कृति र आफ्नो हिन्दुधर्म पनि रहने छैन । अतः संस्कृत शिक्षा चलाउन पर्छै छ र साथै त्यसको व्यावसायिकीकरण पनि गर्नु परेको छ।

आजका संस्कृतका छात्रहरू संस्कृतको साथ साथ अन्य विषय पनि पढ्छन् त्यो "न हि प्रयोजनमनुद्दिश्य मन्दोऽपि प्रवर्तते" यस न्याय अनुसार आफ्नो जीविका प्राप्ति निमित्त नै हो । गम्भीर शास्त्रीय अध्ययनले मात्र जीविकाको उपलब्धि हुन सक्दैन कि भन्ने उनीहरूको डर हो । साथै प्राचीन विद्याको साथ आधुनिक ज्ञान विज्ञानको समन्वि अध्ययनको लक्ष्य पनि हुन सक्छ । तिनीहरूले त्यस्तो विषय पढ्न किन्तु हाम्रो संस्कृत अध्ययन संस्थानमा नै पढ्न सहायक विषयको रूपमा पढून्, यसमा के दोष छ र ।

स्नातकतहसम्म सहायक बिषय भनौ अथवा ऐच्छिक विषय भनौ, त्यसको व्यवस भएकोले त्यो नवीन विषय ऐच्छिक विषयको स्नातकोत्तरस्तरमा अतिरिक्त ऐच्छिक विषयको रूपमा राखियोस् । चाहिको खण्डमा ऐच्छिक विषय स्नातकोत्तरस्तरमा अतिरिक्त ऐच्छिक विषयको रूपमा पढन पाउने व्यवस्था हुनुपर्छ । अहिले नेपाली, राजशास्त्र, प्राचीन इतिहास र संस्कृति यी ३ विषयहरू स्नातकोत्तर स्तरमा अतिरिक्त ऐच्छिक विषयको रूपमा राख्न पर्ने आवश्यकता देखिन्छ । पांचवर्षको योजना बनाएर क्रमशः यसलाई बढाएर विधिशास्त्र(कानून) र व्यवस्थापनशास्त्रको पनि अध्ययनको व्यवस्था गर्नु उचित हुनेछ । मानविकी स्नातकोत्तर १० पत्र स्नातकोत्तरको प्रथम र द्वितो वर्षमा तीन तीन पत्र र तृतीय वर्षमा ४ पत्र गरेर समाप्त गर्न सकिन्छ । विधिशास्त्र र व्यवस्थापनशास्त्रको भनै प्रशिक्षणशास्त्र स्नातकस्तरबाट नै लिन पर्ने हुनाले स्नातक तहबाट प्रारम्भ गरे स्नातकोत्तर तह पार गर्दा बी०एल को पढाई पूर्ण हुने व्यवस्था गर्नु उपयुक्त हुनेछ । साथै हाम्रो कतिपय विषयहरूको हाम्रो अध्ययन संस्थानमा अध्ययनको व्यवस्था हुन सकेको छैन । त्यसमध्ये (१) आगम(तन्त्र) (२) बौद्धदर्शन (३) सांख्ययोग (४) प्राचीन राजशास्त्र र अर्थशास्त्र(५) सामान्य नीतिशास्त्र यी विषयहरूको अध्यापनको व्यवस्था हुनुपर्ने देखिन्छ । हाम्रो अध्ययन क्षेत्र शास्त्रीय गाम्भीर्यको रक्षार्थ शास्त्रीय विषयहरूको अध्यापनको साथै दुइटा सामान्य विषयहरू पनि राखिनु पर्छन् जुन गम्भीर अध्ययन गर्न रूचि न भएकाको निमित्त पनि उपयोगी हुन सकुन ती हुन्-(१) नीतिशास्त्र (२) कर्मकाण्ड वा पौरोहित्य । कर्मकाण्ड यौटो व्यावसायिक विषय भएकोले यसको अध्ययन यथासंभव शीघ्र चालू गर्नुपर्ने देखिन्छ । प्राचीन इतिहास र संस्कृतिको संस्कृतसंग घनिष्ठ सम्बन्ध छ । हाम्रा इतिहासका स्रोत भएका अभिलेखहरू संस्कृतमा छन् । साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत अध्ययनको उद्देश्यमध्ये प्राचीन संस्कृति सभ्यताको रक्षा गर्न सक्ने जनशक्ति तैयार पार्नु पनि हो । राष्ट्रिय संस्कृतिको रक्षा गर्न संस्कृति विषयको संस्कृत अध्ययन संस्थानमा अध्ययन हुनुपर्ने आवश्यक देखिन्छ । राष्ट्रिय संस्कृति संस्कृतले ओतप्रोत छ।

नेपाली भाषामा संस्कृतका शब्दहरूको बाहुल्य भएको र संस्कृत साहित्यका सिद्धान्तहरू नै नेपाली भाषामा मान्य भएकोले नेपाली भाषामा स्नातकोत्तर अध्ययन गर्न संस्कृत छात्रहरूको विशेष रूचि पनि देखिएकोले स्नातकोत्तर तहमा नेपालीको पनि अध्यापनको व्यवस्था हुनु उचित देखिन्छ ।

राजशास्त्र र अर्थशास्त्रका विषयहरू हाम्रो प्राचीन राजशास्त्र र अर्थशास्त्रको विषयसंग तुलनात्मक दृष्टि राखेर अध्यापनको व्यवस्था हुनु उचित छ ।

यस गोष्ठीको प्रयोजन पाठ्यक्रमको अनुसन्धानात्मक अध्ययन भएकोले पाठ्यक्रम कस्तो हुनु पर्छ यस विषयमा विचार गर्नु पनि आवश्यक छ । पाठ्यक्रम औपचारिक शिक्षाको आधारभूत निर्देशनतत्व हो । कुनै देश वा समाजले त्यस देशमा कस्तो शिक्षा ~~[illegible]~~ कुन विषयको कुनविधिद्वारा दिइने हो यो कुरा पाठ्यक्रमले बुझाउंछ।

आजको युगमा शिक्षाको व्यवस्थाको उत्तरदायित्व प्रशासन अथवा भनौं सरकारले वहन गरेको देखिन्छ । प्राचीनकालमा शिक्षाको उत्तरदायित्व समाजले वहन गर्दथ्यो । हाम्रो प्राचीन इतिहास हेर्दा नगर भन्दा बाहिर वन, अरण्यहरूमा ऋषिकुल, गुरूकुल ब्रम्हचर्याश्रमहरू भएको हामी पाउंछौं । त्यसमा के कस्तो शिक्षाको व्यवस्था गर्ने त्यसको उत्तरदायित्वको वहन र त्यसको संचालन गहन चिन्तकशील विद्वान् ऋषि महर्षिहरूले नै गर्थे । रघुवंशकाव्यबाट थाहा हुन्छ,दिलीप आफ्नो कुलगुरू वसिष्ठको आश्रममा वनमा जान्छन्, त्यो आश्रम यौटो विश्वविद्यालय सरह हो र रात्रि त्यहां निवास गरेर प्रात:कालमा दिलीप कुलपति वसिष्ठका शिष्यहरूको वेदाध्ययनको शब्दले ब्युंझन्छन् । आज त्यो स्थिति छैन । एकान्तमा कुनै शिक्षा विकसित गर्न कठिन हुने भएको छ । यतायातको सुविधा, आधुनिक शिक्षण सामग्रीको सरलतापूर्वक प्राप्ति हुन सक्ने स्थानमा नै अध्यापनको विशेष गरेर उच्च शिक्षाको व्यवस्था गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षाको कुनै उद्देश्य न भएका पाठ्यक्रमहरू पनि छन् तापनि मानिसले शिक्षाबाट बालकले अमुक कुरा जान्नु पर्छ भन्ने उद्देश्य लिएको हुन्छ । आजको पाठ्यक्रममा त्यो पाठ्यक्रमको उद्देश्य राख्नु एक वैज्ञानिक कुरा मानिएको छ र हाम्रो संस्कृत अध्ययन संस्थानको पाठ्यक्रममा पनि उद्देश्यहरूको समावेश गरी पाठ्यक्रमनिर्मित (तर्जुमा) भएको छ ।

पाठ्यक्रम धेरै जसो सरकारले नै देश समाज र व्यक्तिको आवश्यकता भविष्यजीवन प्रतिको आकाङ्क्षालाई प्रतिबिम्बित गरेर बनाइएको हुन्छ । पाठ्यक्रम सरकारद्वारानै लागू हुन्छ, तर पाठ्यक्रम भने देशका विद्वज्जन, शिक्षा विशेषज्ञ र शिक्षकहरूद्वारा निर्मित भएको हुनु पर्छ । त्यस पाठ्यक्रमलाई कार्यरूपमा परिणत गर्ने उत्तरदायित्व उच्च शैक्षिक निकाय र प्रशासनको भए पनि पाठ्यक्रम निर्माण भने विद्वज्जनको हातमा नै हुनु पर्छ ।

पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्त गर्न सकिने लक्ष्यले निर्मित हुन्छ । उद्देश्य र पाठ्यक्रमको अन्योन्याश्रय सम्बन्ध छ भने पनि हुन्छ । हामीले विचार गर्दा विषयवस्तु कुन उद्देश्यले बनाइएको हो यसको विचारको साथै विषयवस्तु अनुसारको उद्देश्य छ वा छैन यो पनि विचार गर्नुपर्ने आवश्यक देखिन्छ ।

पाठ्यक्रमका चार अंग मान्न सकिन्छ- उद्देश्य, विषयवस्तु, शिक्षणविधि र शैक्षिक सामग्री एवं मूल्यांकनविधि।

कुनै कुराको लक्ष्य प्राप्तिको निमित्त तैयार गरिने पृष्ठभूमिलाई नै उद्देश्य भनिन्छ। शिक्षाको उद्देश्यले सिकाइने कुराको लक्ष्य निर्धारण गर्छ । अतः शिक्षाको उद्देश्यले के कुरा, कसरी, कसलाई कति, कहिले सिकाउने हो भन्ने कुरा बताउँछ । शिक्षाको उद्देश्य हेर्दा यी कुराको विचार भएको छ वा छैन भन्ने कुरा र पाठ्यक्रम तदनुसार छ वा छैन भन्ने कुरा विचार गर्नुपर्ने आवश्यक देखिन्छ । हाम्रो प्राचीन संस्कृत वाङ्मयको कुनै विधामा पनि अनुबन्ध चतुष्टयको विवेचन गरेको पाइन्छ । विषय सम्बन्ध प्रयोजन अधिकारी यी चार नै अनुबन्ध चतुष्टय हुन् । विषय भन्नाले पाठ्यक्रमको परिचय अर्थात् के कुरा, सम्बन्ध भन्दा कसरी (प्रतिपाद्य प्रतिपादक भाव इत्यादि) अधिकारी भन्दा कसलाई, प्रयोजन भन्दा उद्देश्य भन्ने कुरा बुझिन्छ । व्याकरण महाभाष्यको प्रारम्भ पृष्ठमा " अथ शब्दानुशासनम् " सूत्रको प्रदीपटीकामा कैयटले भनेका छन्- " भाष्यकारो विवरणकारश्चात् व्याकरणस्य साक्षात् प्रयोजनमाह- अर्थ शब्दानुशासनमिति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोजन प्रयोजनानि तु रक्षोहादीनि प्रस्वाड्क्ष्यन्ते । ' अर्थात् व्याकरणको मुख्य उद्देश्य (साक्षात् प्रयोजनम्) शब्दज्ञान नै हो प्रयोजनको प्रयोजन वेद रक्षा, ऊह आदि हो। कुन शब्दको ज्ञान व्याकरणले हुन्छ भन्दा लौकिक र वैदिक शब्दको ज्ञान हुन्छ। भन्ने कथन भाष्यकारको नै छ - ' केषांशब्दानाम् लौकिकानां वैदिकानांच ' । कति भन्ने प्रश्नको उत्तर पनि संस्कृतका प्राचीन ग्रन्थहरूमा पाइन्छ । माहाभाष्यमा प्रथमाह्निक द्वितीयाह्निक एवं रीतिले निर्देश एक दिनको पढाई दोस्रो दिनको पढाई भनेको हो । आज हामीले नवीन शिक्षा योजनानुसार पाठ्यक्रम निर्माण गर्दा एतो दिनको पाठ्यक्रम, भनेर तोक्नु थियो त्यो महाभाष्यकारको अनुकरण साह्रै थियो ।

पाठ्यक्रम कस्तो हुन पर्छ यस सम्बन्धमा मतभेद हुन सक्छ । कुनैले आधुनिक पाश्चत्य शिक्षालाई कुनैले हाम्रो प्राचीन पाठ्यक्रमलाई रूचाउन सक्नु तापनि एक विशिष्ट विद्वान्को (सर पर्सियन्) को भनाई अत्यन्त घतलाग्दो छ- " कुनै राष्ट्रको शिक्षालयहरू यसको जीवनको अंग हो ,जसको मुख्य कार्य यसको आध्यात्मिक बललाई दिगो पार्नु, यसको ऐतिहासिक क्रमलाई कायम राख्नु, आफ्ना बीतेका उपलब्धिहरूलाई प्राप्त गर्नु र यसको भविष्यलाई विश्वास पार्नु हो " । यस कथन अनुसार विचार गर्दा संस्कृतको पाठ्यक्रमनै नेपालको अनिवार्य आवश्यकता हो भन्ने कुरा स्पष्ट हुन्छ, किन भने यसले नै आध्यात्मिक बललाई दिगोपार्छ, ऐतिहासिक क्रमलाई कायम राख्छ र आफ्ना बीतेका उपलब्धिहरू प्राप्त गराएर भविष्यलाई विश्वस्त पार्छ ।

नयाँ शिक्षा सिद्धान्त अनुसार शिक्षा जन्मकालदेखि मृत्युपर्यन्त जारी रहने प्रक्रिया हो । शिक्षाबाट मानिसको विकास भै रहेछ । यो विकास मानिसको आफ्नो व्यक्तिगत अनुभवको आधारमा पनि हुन सक्छ । मानिस मात्रमा नयाँ नयाँ कुरा सिक्ने चाहना रहन्छ । त्यसै हुनाले अजरामरवत्प्राज्ञो विद्यामर्थन्च चिन्तयेत् म अजरअमर छु भन्ठानेर विद्या पढ्नु भनिएको छ । त्यसो हुनाले प्राचीनताको साथ नवीनको सामन्जस्यको निमित्त हामीले संस्कृतको पाठ्यक्रममा संस्कृतको शास्त्रीय विषयको साथ आधुनिक विषयको समावेशको निमित्त संस्तुति गरेका छौं ।

यद्यपि पाठ्यक्रम व्यक्तिगत अनुभवलाई अंगालेर पनि चल्ने हुनाले पाठ्यक्रमको निर्माणमा स्वतन्त्रता हुनुपर्छ भन्ने सिद्धान्त अभिव्यक्त हुन्छ, तर हाम्रो पाठ्यक्रमको मुख्य विशेषता राष्ट्रिय चरित्र हो । हामीले आफ्नो राष्ट्रको सुरक्षा गर्नु पर्नेको राष्ट्रियतालाई दिगो पार्नु पर्नेको छ । दुइ ढुंगाको तरूल भएको यस राष्ट्रको सुरक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रियता दिगो भएमा नै हुन सक्छ । हामी बाँच्न चाहन्छौं र नेपाली भएर नै बाँ चाहन्छौं । नेपाली रहेनन् भने नेपाल पनि रहने छैन, यो पनि निश्चित छ । रहेयो भ कुनैको अंग भएर रहला । त्यसै हुनाले पाठ्यक्रमको सम्बन्धमा हामीले पूर्ण स्वतन्त्रताल अंगाले नौ जस्तो कि अमेरिका आदिमा हुन सक्छ । हाम्रो देशले आफ्नो राष्ट्रिय एक बलियो पार्न हाम्रो शिक्षाको निश्चित गति र उद्देश्यलाई सरकारी स्वरूप र शक्ति दिइएको छ । हाम्रो राष्ट्रिय शिक्षा योजनामा(२०२८) -

१) विभिन्न तहका पाठ्यक्रम देशभरि केन्द्र निर्देशित र समान हुने छन् ।

२) पाठ्यक्रम पाठ्यपुस्तक र सहायक पुस्तकहरूको निर्माण र छोटे शिक्षाको स्तर बढाउने उद्देश्यले मात्र हैन कि सबै विद्यार्थीहरूलाई एउटै प्रकारको ज्ञान र अनुभव दिनको लागि पनि हुनेछ

यस्तो उल्लेख भएकोले पाठ्यक्रममा राष्ट्रिय एकताको भाव र संस्कृतिको समावेश हुनुपर्ने आवश्यकता टड्कारो रूपमा देखा परेको छ । सबैलाई यथासम्भव समान शिक्षा दिने लक्ष्य राखेर हाम्रो देशमा संस्कृत शिक्षा एक पूर्ण शिक्षा मानिएकोले यसको शिक्षा पनि अनिवार्य रूपले सबैलाई दिनुपर्ने अन्य व्यावसायिक विषयहरूको समावेश संस्कृतमा हुनुपर्ने पनि स्पष्ट हुन आउँछ ।

जस्तो आधुनिक शिक्षाशास्त्रीहरूले बताएका छन् - त्यस अनुसार पाठ्यक्रम ४ प्रका को हुन्छ -

१) मुख्य पाठ्यक्रम

२) विषय केन्द्रित पाठ्यक्रम

३) अनुभव केन्द्रित पाठ्यक्रम

४) मिश्रित पाठ्यक्रम

१) मुख्य पाठ्यक्रम त्यो हो जुन सबै विद्यार्थीहरूको निमित्त आवश्यक हुन्छ, जस्तै प्राथमिक स्तरका छात्रको निमित्त गणित सामाजिक शिक्षा र भाषा अनिवार्य मानिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) विषय केन्द्रित पाठ्यक्रममा पूरा समय र ध्यान विभिन्न मुख्य विषयहरू अध्ययन गर्नमा लगाइन्छ । उदाहरणको निमित्त संस्कृत, अंग्रेजी, दर्शन, व्याकरण आदि विषयको ज्ञान विद्यार्थीहरूलाई छुट्टा छुट्टै दिइन्छ । मुख्य पाठ्यक्रममा जस्तै मुख्य मुख्य विषयहरूको एउटा समूह न गरीकन ती विषयहरूको ज्ञान भिन्ना भिन्नै दिइन्छ । हाम्रो वर्तमा पाठ्यक्रम मुख्यत: विषय केन्द्रित छ ।

३) अनुभव केन्द्रित पाठ्यक्रममा शिक्षाको ध्यान छात्रले प्राप्त गर्ने विभिन्न अनुभवमा केन्द्रित भएको हुन्छ । यस प्रणालीमा विद्यार्थीलाई प्रधानता दिइएको हुन्छ ।

४) मिश्रित पाठ्यक्रम केवल ज्ञान, विषय र अनुभव यी तीन थरीका पाठ्यक्रमका असल कुराहरूलाई लिएर निर्मित हुन्छ । त्यसै हुनाले यो बढी विस्तृत पनि हुन्छ। यस अनुसारको विद्यालयको दिनलाई विस्तृत क्षेत्रहरूको विद्यालयको घण्टा बांडिन्छ । जस्तै नेपाली भाषा सामाजिक अध्ययन, स्वास्थ्य र विज्ञान, कला, गणितको घण्टा ।

हाम्रो संस्कृत अध्ययन संस्थानको पाठ्यक्रम विषयकेन्द्रित पाठ्यक्रम हो हाम्रो यस संस्थानमा चलेको पाठ्यक्रमको पनि विकास भै रहेको छ । त्रिभुवन विश्वविद्यालयको स्थापना भन्दा पूर्व पनि हाम्रो नेपालमा आचार्य (स्नातकोत्तर स्तर) सम्मको अध्ययनको व्यवस्था थियो । वाराणसीमा संस्कृत विश्वविद्यालयको प्रारम्भ हुन भन्दा पूर्व त्यहांको संस्कृत कलेजले संस्कृत अध्ययन परीक्षणको व्यवस्था गरेको थियो, त्यो कलेजमा नै गएर हाम्रा नेपालका छात्रहरूले परीक्षा दिने व्यवस्था गरिएको थियो । पैला रानीपोखरी संस्कृत प्रधान पाठशालामा नै आचार्य कक्षान्तको अध्यापनको व्यवस्था थियो । पछि नेपाल राजकीय संस्कृत महाविद्यालयको स्थापना भयो र रानीपोखरी संस्कृत प्रधान पाठशालामा माध्यमिक स्तरको संस्कृत शिक्षण र संस्कृत महाविद्यालयमा उच्च स्तरको संस्कृत शिक्षणको व्यवस्था चल्यो । यसरी पठन-पाठनको व्यवस्था भए पनि पाठ्यक्रम भने वाराणसीको नै चालू थियो वाराणसीमा संस्कृत विश्वविद्यालयको स्थापना भएको हाराहारीमा नै हाम्रो त्रिभुवन विश्वविद्यालयको पनि स्थापना भयो । वाराणसीको परीक्षाको पुरानो परम्परा भएकाले त्रिभुवन विश्वविद्यालयले पनि संस्कृतको आचार्यसम्मको शिक्षण र परीक्षणको व्यवस्था वाराणसीको पाठ्यक्रम र परीक्षणलाई नै अंगीकार गरेर त्यसै अनुसार गर्न थाल्यो । पछि गएर क्रमश: हाम्रो आफ्नो परम्परा पनि चल्न थाल्यो र हामीले हिन्दी अनिवार्यको स्थान नेपालीलाई दिने, पाठ्यक्रममा नेपालीपना ल्याउने प्रयास गर्‍यौं । नयां शिक्षा योजना प्रारम्भ भएपछि संस्कृतको क्षेत्रमा पनि युगान्तकारी प्रभाव पर्‍यो । सम्पूर्ण पाठ्यक्रमनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवीन प्रविधिले तैयार पारियो । के कति कसरी भन्ने नियम संस्कृत क्षेत्रमा पनि लागू भयो । प्रतिदिनको पाठ्यांश तोकेर पाठ्यक्रम निर्माण भयो । त्यसमा कुनै कुनै केवल १ घटिका का वा २ घटिका का पनि थिए । पाठ्यक्रमको विकासको क्रममा पछि गएर सबै पाठ्यांशहरू ४ पाठघटिका का बने त्यसमा पनि विकास गरे पछि सबै पाठ्यांश हरू ५ घटिका का बनाइये । अन्तमा वर्तमानकालमा पत्र प्रणाली पुन: प्रचलनमा ल्याउँद र वार्षिक परीक्षा संचालन गर्दा ६ पाठघटिकाको पाठ्यक्रम निर्दिष्ट भएको छ । यस विकासको क्रममा संस्कृतको पाठ्यक्रममा पनि अरू आधुनिक विषय सरह्नै निकै विकास भएको छ । पैला पैला पाठ्यक्रममा केवल ग्रन्थहरूको मात्रै निर्देश हुन्थ्यो भने यस बीचमा माध्यमिककालमा प्रत्येक दिनको पाठ्यांश समेत निर्धारित गरियो उद्देश्य आदि पनि राखियो । वर्तमान पाठ्यक्रममा भने प्रत्येक विषयको उद्देश्य, स्तरको उद्देश्य, पाठ्यांशको उद्देश्य, प्रकरणको उद्देश्य विषयवस्तु पाठ्यग्रन्थ शिक्षण विधि, मूल्यांकन विधि समेत निवेश गरी पाठ्यक्रमको निर्माण गरिएको छ । २०२८ सालमा नयाँ शिक्षा योजना लागू भए पछि शिक्षण जगत्मा आएको नवीन परिवर्तनको प्रत्येक पाइला मा हामी संस्कृत क्षेत्रमा कार्य गर्ने संस्कृत सेवीहरूले अगी सरे कै छौं र हामी प्रगतिको पथमा कुनै भन्दा पछि रहने छैनौं भन्ने हाम्रो अठोट छ ।

पाठ्यक्रम निरन्तर विकासशील एक प्रक्रिया हो र यसको मूल्यांकन समय समयमा भै रहन्छ । (अरू विषयहरूमा यस्तो भै राखेको छ) हामीले पनि मूल्यांकनको केही प्रयास गरेका छौं र त्यसको फलस्वरूप यो कार्यपत्र समक्ष ल्याएका छौं । यो कार्यपत्र तीन जनाको टोलीले तैयार पारेकोले प्रत्येक व्यक्तिको लेखन शैली भिन्ना भिन्नै हुनाले तीन खण्डमा विभक्त यस कार्यपत्रको प्रत्येक खण्डमा शैलीगत भिन्नता देखिन सक्छ, तर मूल लक्ष्यमा पूर्ण अभिन्नता छ, सम्पूर्ण कार्यपत्र यौटै हो मतभेद छैन । यसै रूपमा हेरि दिन हामी सबैसंग अनुरोध गर्छौं र यसका खण्ड खण्डहरूको वाचन पृथक पृथक उपस्थापित गर्दैछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) उद्देश्य

१.१ राष्ट्रिय शिक्षा पद्धतिको योजना र संस्कृत अध्ययन संस्थान

.१ राष्ट्रिय विकासका लागि

राजमुकुटप्रति भक्ति र इमानदारीको भावनालाई अझ सुदृढ बनाउने ।

२ राष्ट्रिय विकासलाई चाहिने जनशक्तिको आवश्यकतालाई पूरा गर्ने ।

३ राष्ट्रभाषा, संस्कृति, साहित्य र कलाको विकास संरक्षण संवर्धन र प्रसार गर्ने ।

४ संस्कृत शिक्षालाई राष्ट्रिय शिक्षा पद्धतिको अभिन्न अंगको रूपमा समावेश गरी देशभरी एउटै शिक्षा पद्धति लागू गर्ने र संस्कृत भाषाको प्रचार गरी हाम्रो संस्कृति र धर्मको ज्ञान दिने पाठ्यक्रमको तर्जुमा गर्ने ।

५ राष्ट्रिय संस्कृति र पंचायती व्यवस्थामा अझ बढी आस्था जगाउने ।

१.२ संस्कृत अध्ययन संस्थानका उद्देश्य

संस्कृत अध्ययन संस्थानबाट उत्पादित जनशक्तिलाई

१ संस्कृत वाङ्मयको शास्त्रीय विषयमा तह अनुसारको गम्भीर योग्यताले युक्त बनाउने ।

.२ आधुनिक विषयमा पनि विस्तृत योग्यताले युक्त बनाई अरू अप्राविधिक अध्ययन संस्थानबाट उत्पादित जनशक्तिको दाँजोमा क्षेत्र अनुसार बढ्न सक्ने बनाउने ।

.३ राष्ट्र र राजमुकुटप्रति प्रेम तथा भक्तिले पूर्ण आस्थाले युक्त इमान्दार राख्ने ।

.४ राष्ट्रिय संस्कृतिको ज्ञानले युक्त बनाई सो को संरक्षण संवर्धन एवं परिष्कारको निमित्त सदा जागरूक एवं प्रयत्नशील रहने बनाउने ।

.५ आफ्नो राष्ट्रियतासँग मिल्दो काम गर्न सक्ने बनाउने ।

६ संस्कृत वाङ्मयमा आदि स्रोतका रूपमा रहेका राष्ट्रिय एवं विश्वजनीन यथार्थ एवं आदर्शलाई शोधखोज समेत गरी जनसाधारण समक्ष ल्याउन सक्ने बनाई विश्वसंस्कृतिमा नै योगदान दिन सक्ने बनाउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. वेदविषयका उद्देश्य

१.३.१ प्रमाणपत्रतहगत वेद विषयका उद्देश्यहरू

.१ समस्त नित्य र नैमित्तिक कर्महरूमा र संस्कारहरूमा यथाविधि प्रयोग गरिने मन्त्रहरूका स्वर काल करण र प्रयत्नका साथै अध्ययनका धर्महरूबारे जानकारी गराई मन्त्रहरूलाई कण्ठस्थ गराउने ।

.२ शुक्ल यजुर्वेद संहितामा रहेका सौत्रामणि अश्वमेध आदि यागमा प्रयुक्त हुने विधिपूर्वक र सस्वर उच्चारणमा समर्थ जनशक्ति उत्पादन गर्ने र मण्डप र कुण्ड रचनामा सक्षम जनशक्ति तयार गर्ने ।

.३ पुरुषमेध अश्वमेध र पितृमेधका मन्त्रहरूको ज्ञान गराई विवाह आदि संस्कार र मुहूर्त राम्रो जान्ने जनशक्ति तैयार गर्ने ।

१.३.२ प्रमाणपत्रतहगत वेदविषयक उद्देश्यमा देखिएका समस्याहरू

१.२.१ उद्देश्य राख्ने क्रममा वेद के हो भन्ने सामान्य जानकारी पनि न दिइएको

१.२.२ उद्देश्यहरूको प्रयोजनका सम्बन्धमा सामान्य सङ्केतसम्म न भएको ।

१.२.३ उद्देश्यानुकूल जनशक्ति कुन कर्ममा सक्षम हुन्छ भन्ने कतै उल्लेख न गरिएको

१.२.४ उक्त जनशक्तिको राष्ट्रिय र सामाजिक उपयोगिताबारे उल्लेख न भएको ।

१.२.५ छात्रमा हुनुपर्ने चरित्र र आचार बारे कुनै सङ्केत न भएको ।

१.३.३ उक्त समस्याका सुझावहरू

.१ विषयको विशिष्टताको उल्लेख गर्ने ।

.२ विषयगत प्रयोजन बारे सूक्ष्म र सारवान् जानकारी दिने ।

.३ उद्देश्य अनुसार उत्पादित जनशक्तिको क्षेत्रगत योग्यता निर्धारण गर्ने ।

.४ उक्त उद्देश्य अनुसार जनशक्तिबाट राष्ट्र र समाजले पाउने उपलब्धिको परिचय गराउने ।

.५ आचार र चरित्रको रूपरेखा स्पष्ट गर्ने ।

१.३.४ प्रमाणपत्रस्तरीय पाठ्यांशहरूका क्रियात्मक उद्देश्यहरू

.१ मन्त्रहरूको विधिपूर्वक सस्वर अध्ययन गराउने ।

.२ गायत्री आदि छन्दहरूको ज्ञान गराउने ।

३.३ शुक्ल यजुर्वेद संहिताको सौत्रामणि अश्वमेध आदि यागमा प्रयोज्य मन्त्रहरूको ज्ञान गराई मण्डप र कुण्ड बनाउन जान्ने जनशक्ति उत्पन्न गराउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. ४ अध्ययन धमले मन्त्रहरूको अध्ययन गरी कण्ठस्थ गर्ने ।

. ५ उपनयन र विवाह संस्कारको इतिकर्तव्यताज्ञान गर्दै संस्कार सम्बन्धी मुद्दाहरू जान्ने ।

१.३.५ क्रियात्मक उद्देश्यमा देखा परेको समस्या

१.५.१ प्रयोजन र उपयोगिता बारे कुनै जानकारी नदिई उद्देश्यानुकूल उत्पादित जनशक्तिलाई उपयुक्त क्षेत्र निर्धारण न गरिएको ।

१.३.६ सुझाव

१.६.१ प्रयोजन र उपयोगिताको परिज्ञान गराई जनशक्तिको लागि योग्य क्षेत्र निर्धारण गर्ने ।

१.३७ स्नातकतहगत वेदविषयका उद्देश्य

. १

१.३.८ वेद विषयगत उद्देश्यमा देखा परेका समस्याहरू

१.८.१ स्नातकतहगत वेदविषयको उद्देश्य नै न राखी पाठ्यांश निर्माण गरिएको।

२ चारित्रिक गुण र सम्भावित आचार परिपाटीबारे कुनै उल्लेख न भएको ।

१.३९ उक्त समस्याको समाधानका लागि सुझावहरू

. . १ विषयगत उद्देश्य राखेर मात्र तदनुकूल पाठ्यवस्तुको उल्लेख गर्ने ।

. . २ वेद विषयमा स्नातकतह उत्तीर्ण छात्रमा आउन पर्ने चारित्रिक गुणहरूको उल्लेख गर्ने र आचार परिपाटीको सम्भावित रूपरेखा स्पष्ट गर्ने ।

१.३.१० स्नातक स्तरीय पाठ्यांशहरूका क्रियात्मक उद्देश्यहरू

१. . १ अधीत मन्त्रहरूको प्रयोग र अर्थको ज्ञान गर्ने, सम्पूर्ण श्रौत यागका विषयवस्तुसंग परिचय गर्ने, र इष्टिको साङ्गोपाङ्ग निरूपण गर्ने ।

१. . २ आर्ष प्रयोगहरूको पाणिनीय सूत्र अनुसार साधुत्वसम्पादन र स्वरसम्पादनमा सामर्थ्य उत्पादन गर्ने ।

१.१०.३ स्मार्तकर्म र संस्कारहरूको प्रयोगज्ञान गर्ने ।

.१०.४ मन्त्रार्थज्ञानमा दक्षतासम्पादन गर्ने र आठ विकृतिहरूको स्वरूप ज्ञान गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.३.११ क्रियात्मक उद्देश्यमा देखा परेका समस्याहरू

१. १ विषयगत उद्देश्य न तोकिएकाले विषयगत र क्रियात्मक उद्देश्यको साम्य वैषाम्य तोक्न न पाउनु ।

.२ भाषिक प्रयोगको अस्पष्टता देखा पर्नु । जस्तै कहीं ज्ञान गर्ने र कहीं निरूपण गर्ने भन्नाले ज्ञान गर्ने छात्र र निरूपण गर्ने शिक्षक भएकाले यो क्रियात्मक उद्देश्य शिक्षक र छात्र दुबैलाई तयार गरिएको भान पर्नु

१. .३ यस स्तरमा उक्त पाठ्यांश अध्ययन गर्ने छात्रको उपयोगिता योग्यता र क्षेत्र बारे कुनै सङ्केत न हुनु

१.३.१२ उक्त समस्याको समाधान(सुझाव)

१. २.१ विषयगत उद्देश्य तोक्ने ।

२.२ उद्देश्य राख्न पर्छ भनेर उद्देश्य न राखी स्पष्ट अर्थ खुल्ने किसिमले उद्देश्यको किटान गर्ने ।

२.३ वेद विषय लिएर स्नातक उत्तीर्ण गर्ने छात्रको योग्यता उपयोगिता र क्षेत्र तोक्ने ।

१.३.१३ शुक्ल यजुर्वेदका स्नातकोत्तरीय विषयगत उद्देश्यहरू

१.३.१ ✗

१.३.१४ विषयगत समस्याहरू

१.१ विषयगत उद्देश्य नै न राखी पाठ्यांश निर्माण गरिएको हुंदा विषयगत जानकारी गर्न न पाउनु ।

१.३.१५ उक्त समस्याको सुझाव

.१ स्पष्टता साथ सम्पूर्ण विषयगत उद्देश्य खोली शुक्ल यजुर्वेदमा स्नातकोत्तर तह अध्ययन गर्ने छात्रको योग्यता उपयोगिता र क्षेत्र तोक्ने र आचार परिपाटीको स्पष्ट उल्लेख गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.३.१६ क्रियात्मक उद्देश्यहरू

१.१६.१ क) स्वर र संस्कारको छन्दमा नियम विषयक ज्ञानोत्पादन ।

ख) मन्त्र ब्राम्हण र स्वर वैदादि विषयक ज्ञानोत्पादन ।

१.१६.२ ज्योतिष्टोम वाजपेय, राजसूयादिमन्त्रहरूको र तिनका अङ्गको मन्त्रार्थ सहित - इतिकर्तव्यता ज्ञानोत्पादन ।

३ वेदोक्त पिण्डपितृयज्ञ दाक्षायणेष्टि, आग्रहणेष्टि चातुर्मास्य पशुसोमादि- कर्महरूको प्रयोगविधि सम्बन्धी ज्ञानोत्पादन ।

४ साङ्ग चयनयाग र सौत्रामणि यागको स्वरूपज्ञान ।

१. ५ नैरुक्त्यप्रक्रियाबाट देवतास्वरूपको ज्ञान ।

१. ६ अर्थज्ञानपूर्वक दर्श र पूर्णमास यागको प्रयोग ज्ञान ।

७ अश्वमेध यागका अखिल मन्त्रहरू र पुरूषमेध यागको स्वरूपज्ञान ।

१. ८ भाष्यनिर्दिष्ट सरणिद्वारा वेदार्थका कारणहरूको स्फुटीकरण, राजा हरिश्चन्द्रको ऐतिह्य प्रकाशन र मन्त्रसरणिबाट सृष्टिज्ञानको सम्पादन ।

१.१६.९ विधि र अर्थवाद आदि प्रमाणहरूको प्रामाण्य ।

.१६.१० पाँच प्रकारका वेद भाग विधि, मन्त्र, अर्थवाद आदिको सप्रपञ्च विश्लेषण ।

(क) ११ स्वशास्त्रीय आचार्य र अधीत ग्रन्थहरूको ऐतिह्य ज्ञान ।

(ख) स्वशास्त्रीय निबन्धमा प्रौढत्व दार्ढ्यत्व सम्पादन ।

(ग) अधीत विषयहरूमा पौरस्त्य र पाश्चात्य मतलाई अवलम्बन गरी तुलनात्मक अध्ययन ।

१२ इष्टिहरूको चातुर्मास्य हविर्यज्ञ सप्तसंख्यात्मक ज्योतिष्टोमादि यागहरूको प्रयोग र इतिकर्तव्यतामा दक्षतासम्पादन ।

१.३.१७ समस्याहरू

.१ विषयगत उद्देश्य न हुंदा क्रियात्मक उद्देश्यले विषयसंग सम्वन्ध राखे न राखेको ज्ञान गर्न न पाउनु ।

२ क्रियात्मक उद्देश्यज्ञानको प्रयोजनबारे स्पष्ट उल्लेख न हुनु ।

३ छात्रहरूको क्रियात्मक उद्देश्य उपलब्धि पछि हुने योग्यता र तो छात्रहरूबाट राष्ट्रले पाउने योगदानको कुनै चर्चा न गरिनु । यस्ता छात्रहरूबाट राष्ट्रले कुन रूपमा कुन क्षेत्रको माध्यमबाट लाभ लिने हो त्यसको कतै उल्लेख न गरिनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.१०.४ स्नातकोत्तर तहमा पढाइने विषयको विशेषताबारे संक्षिप्त उल्लेख सम्म न गरिनु ।

३.१०.५ पौरस्त्य र पाश्चात्यमतको तुलनात्मक

(क) अध्ययन गर्ने उद्देश्य राख्दा वेदसंग कुन पाश्चात्य ग्रन्थ दांज्ने हो, अथवा वेदका सम्बन्धमा पाश्चात्य विद्वान्हरूको धारणा र पौरस्त्य विद्वान्हरूको धारणा दांज्ने हो त्यसको कुनै उल्लेख न गरी दांजिने वस्तुहरूको उल्लेख न गरिनु ।

(ख) पाश्चात्य अवधारणालाई दांज्ने र आधारभूत साधनको कुनै उल्लेख न हुनु ।

३.१०.६ उल्लेख गरिएका यागहरूको विशेषता बारे कुनै कुरा न गरी तिनीहरूको सैद्धान्तिक ज्ञान तर्फ मात्र जोड दिनु ।

३. ७ उपर्युक्त विषयको प्रायोगिक पक्षबारे केही न खोलनु ।

३. .८ तिनीहरूबाट कस्तो आचारको अपेक्षा गरिएको हो त्यसबारे कुनै उल्लेख न हुनु ।

१.३.१८ समाधानका उपायहरू

३.८.१ विषयगत उद्देश्य राख्ने ।

.८.२ प्रयोजनको स्पष्ट उल्लेख गर्ने ।

.८.३ योग्यता उपयोगिता । क्षेत्र निर्धारण गर्ने ।

४ विषयगत वैशिष्ट्य बारे जानकारी दिने ।

५ तुलनात्मक अध्ययनको सम्बन्धमा भन्न खोजेको कुरा स्पष्ट गर्ने ।

.८.६ पाश्चात्य अवधारणा लाई दांज्ने आधारभूत स्रोत र साधनको उल्लेख गर्ने ।

.८.७ वैदिक यागको विषय र वैशिष्ट्य उल्लेख गर्दै तत्सम्बन्धी सरल र सुबोध दिशा निर्देश गर्ने ।

३.८.८ यी सम्पूर्ण कुरा प्रायोगिक भएकाले प्रायोगिक आधारको उल्लेख गर्ने ।

३.८ ९ तिनीहरू अपनाइनु पर्ने आचार परिपाटीको स्पष्ट उल्लेख गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

१.४. व्याकरण विषयका उद्देश्यहरू

१.४.१ प्रमाणपत्रस्तरीय विषयगत उद्देश्य

१.४.१.१ संस्कृत भाषाका निबद्ध शास्त्रीय विषयहरूमा आधारभूत योग्यता छात्रहरूमा पैदा गराउने ।

..२ प्रकृति र प्रत्ययलाई निर्वचन गर्दै शब्दहरूको साधुत्वज्ञानको क्षमताको सम्पादन गर्ने ।

१.४.२ विषयगत उद्देश्यका समस्याहरू

१.२.१ संस्कृत भाषामा निबद्ध शास्त्रीय विषयहरूको आधारभूत योग्यता व्याकरण विषयबाट मात्र नै गराउने उद्देश्य राख्ने हो भने अरू विषयको पठन-पाठन प्रमाणपत्रस्तरमा न गरे पनि हुने जस्तो आभास पर्न जानु ।

.२.२ यस स्तरमा व्याकरण विषय लिने छात्रको योग्यता उपयोगिता र क्षेत्र बारे कुनै कुराको उल्लेख न हुनु ।

१.२.३ व्याकरण विषयको बारेमा सामान्य जानकारी पनि न हुनु ।

..४ व्याकरण विषयको मुख्य प्रयोजन बारे कुनै उल्लेख न हुनु ।

..५ व्याकरण विषयले कुन रूपमा अरू विषयहरूलाई सघाउँछ यसको कुनै स्पष्ट संकेत न गर्नु ।

..६ शब्दहरूको साधुत्वज्ञान भएपछि उनीहरूको प्रयोगात्मक पक्ष बारे कुनै उल्लेख न हुनु ।

..७ यसस्तरबाट कस्तो चरित्र र आचारको आकांक्षा राखिएको छ भन्ने कुरा स्पष्ट न भएको ।

१.४.३ उक्त समस्याको समाधान (सुझाव)

१.३.१ आधारभूत ज्ञानको सट्टा शाब्दिकज्ञानको योग्यता पैदा गराउने कुराको उल्लेख गर्ने ।

.३.२ प्रमाणपत्र स्तरमा व्याकरणको अध्ययन गरिसकेका छात्रको उपयोगिता र क्षेत्र तोक्ने ।

.३.३ व्याकरण विषयको महत्व र विशिष्टताको स्पष्ट उल्लेख गर्ने ।

..४ व्याकरण विषयको मुख्य प्रयोजनको जानकारी दिने ।

१.३.५ व्याकरण विषयले कुन रूपमा अरू विषयहरूको सहयोग गर्दछ, त्यसको उल्लेख गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.३.६ व्याकरण विषयको सैद्धान्तिक पक्षको साथै प्रायोगिक पक्षको पनि जानकारी दिने कुराको उल्लेख गर्ने ।

१.३.७ चरित्र र आचारका बारेमा स्पष्ट उल्लेख गर्ने ।

१.४.४ प्रमाणपत्र स्तरका क्रियात्मक उद्देश्यहरू

१. १ अपत्य जाताद्रिप्रत्ययबाट निष्पन्न सम्पन्न प्रयोगहरूको शब्दार्थ बोधन दक्षता सम्पादन ।

१. २ प्रकृतिप्रत्यय निर्वचनपूर्वक प्रकरणमा वर्तमान प्रयोगहरूको साधुत्व बोधन

१. ३ संस्कृत विद्याको अध्ययन र अध्यापनको सामर्थ्यको उत्पादन गर्ने योग्यता सम्पादन ।

१. ४ धात्वर्थ ज्ञानपूर्वक सर्वलकारहरूमा रूपसाधनको दक्षता सम्पादन ।

१. ५ इच्छा र प्रेरणादि अर्थमा णिच र सन्प्रत्यय गरेर तदनुरूप साधनको दक्षता सम्पादन ।

१. ६ यङ् यङ्लुङन्तादि प्रत्ययका प्रयोगहरूको साधु बोधन दक्षताको उत्पा

१.४.५ समस्याहरू

१ विभिन्न प्रत्ययबाट निष्पन्न प्रयोगहरूको शब्दार्थज्ञानको दक्षताको सम्पा जस्तो सैद्धान्तिक कुरालाई मात्र अपनाई प्रयोगहरूको छात्रहरूद्वारा प्रयोग गराउने उद्देश्य न राखिएको ।

१. २ प्रमाणपत्रस्तरमा व्याकरण विषय पढ्ने छात्रबाट संस्कृत वाङ्मय पढाउने न सुहाउंदो र बिलकुल नै न मिल्दो आकांक्षा गरिएको ।

१.४.६ सुझावहरू

१ शैद्धान्तिकज्ञानलाई कुन रूपमा प्रयोग गराउने त्यसको उल्लेख गर्ने ।

२ व्याकरण विषय लिएका प्रमाणपत्रस्तर उत्तीर्ण छात्रहरूबाट स्तर सुहाउ आधिकारिक योग्यताको निर्धारण गर्ने ।

१.४.७ स्नातकस्तरका विषयगत उद्देश्यहरू

१. शब्दहरूको साधु प्रयोग असाधु प्रयोग र तिनको अर्थबोधमा कुशलताको सम्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.७.२ शिक्षा आदिषड्ङ्गमा व्याकरण विषयको प्रधानताको निर्वचन गर्दै व्याकरण अध्ययन गरेपछि हुने पुण्यप्राप्तिको सम्पादन ।

१.४.८. समस्याहरू

५.८.१ शब्दहरूको साधुप्रयोगमा कुशलता सम्पादनको उद्देश्य अनुकूल नै भएपनि असाधु प्रयोगमा कुशलताको सम्पादन जस्तो अत्यन्तै न सुहाउँदो उद्देश्य राखिएको।

५.८.२ विषयगत उद्देश्यमा त्यस विषयको अध्ययन गराएर उपलब्ध हुने योग्यता र उपयोगिताको कुनै वास्ता न राखी व्याकरण पढ्ने छात्रलाई व्याकरण विषयको महत्ता र व्याकरण अध्ययन गरेपछि पुण्यप्राप्ति हुने कुरा मात्र सिकाउने व्यहोरा वताउन जस्तो अव्यावहारिक र स्तरहीन उद्देश्य राखिएको ।

५.८.३ राष्ट्रिय विकासका लागि उक्त विषयमा यसस्तरका छात्रबाट अपेक्षा गरिने आचार र विचारको उल्लेख न गरिएको ।

१.४.९ सुझावहरू

५.९.१ उद्देश्यको भाषा र प्रतिपाद्य विषय निःसन्दिग्ध बनाउने ।

५.९.२ विषयगत योग्यता र उपयोगिताको किटान गर्दै उद्देश्यको क्रियात्मक पक्ष खुलाउने ।

५.९.३ राष्ट्रियता संस्कृतिको परम्परागत संवर्धन र संरक्षणको दिशामा यस स्तरबाट अपेक्षा गरिने वैचारिक दृढता र आचारपरिपालनगत पौरुष्यको किटान गर्ने ।

१.४.१० स्नातकस्तरका क्रियात्मक उद्देश्यहरू

५.१०.१ श्रुति स्मृति आदि सर्वशास्त्रहरूको उपकारकत्व सम्पादन ।

५.१०.२ (क) वेद र वेदांगको अर्थज्ञानमा व्याकरणको प्रधानताको ज्ञान ।

(ख) स्ववैदिक प्रयोगहरूको साधुत्वज्ञानमा दक्षता सम्पादन ।

५.१०.३ (क) वैयाकरण सिद्धान्तज्ञानका लागि आधारभूत योग्यताको सम्पादन ।

(ख) शब्दबोध प्रक्रियाको विचारमा व्याकरणसिद्धान्तको प्रतिष्ठापन गर्ने योग्यताको सम्पादन ।

(ग) धातु लकार र स्फोटहरूको निर्णयमा परमत खण्डन गर्दै वैयाकरण मतस्थापनामा योग्यताको सम्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.४.११ समस्याहरू

.१ प्रथमपत्र र द्वितीयपत्रको पाठ्यांशगत भेद हुंदा हुंदै पनि उद्देश्य यौटै राखिएको ।

.२ सैद्धान्तिक ज्ञानकारीलाई प्रयोगात्मक रूपमा ढाल्ने कुनै उद्देश्य न राखिए

.३ छात्रहरूलाई यस विषयबाट हुने उपलब्धि, त्यस्ता छात्रहरूबाट संस्कृति परम्परा धर्म र राष्ट्रिय विकासमा कुन चरित्र र आचारबाट योगदान हुने हो त्यसको कुनै उल्लेख न गरिएको ।

१.४.१२ सुझावहरू

.१ पाठ्यांशगत भिन्नताको आधारमा उद्देश्यगत विशिषताको अंकन गर्ने ।

२.२ सैद्धान्तिकज्ञानलाई प्रयोग गर्ने क्षेत्र देखाउने ।

५. ३ छात्रहरूलाई हुने उपलब्धि र राष्ट्रलाई हुने उपयोगिताका साथ चरित्र योग्यता र आचारको स्वरूप निर्धारण गर्ने ।

१.४.१३ स्नातकोत्तरतहका विषयगत उद्देश्यहरू

.१ (क) शब्दशास्त्रका गूढ तत्वज्ञानको सामर्थ्य उत्पादन ।
(ख) शास्त्रीय विषयमा प्रौढपाण्डित्य सम्पादन ।
(ग) शाब्दिक सिद्धान्तमा विशिष योग्यता सम्पादन ।

१.४.१४ समस्याहरू

.१ शास्त्रीयज्ञान प्रौढपाण्डित्य र शाब्दिक सिद्धान्तमा विशिषज्ञताका साथ छात्रमा हुनुपर्ने संस्कृति, धर्म, भाषा, राष्ट्रभक्ति र आचार परिपाटीको उल्लेख न भएकोले उद्देश्यगत अपूर्णता देखिएको ।

.२ व्याकरण विषयमा स्नातकोत्तर स्तर उत्तीर्ण व्यक्तिबाट समस्त शास्त्रीय विषयमा प्रौढप्राण्डित्यको आशा गर्ने अनधिकारचेष्टा गरिएको ।

.३ यो स्तरको मानिसको राष्ट्रिय परिवेशमा उपयोगिता र उसका लागि विशिष क्षेत्रको उल्लेख न गरिएको ।

.४ उक्त तह पास गर्ने छात्रको योग्यता बारे उल्लेख न गरिएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.४.१५ सुझावहरू

५.१५.१ उपर्युक्त उद्देश्यका साथ उक्त किसिमका छात्रमा हुनुपर्ने सांस्कृतिक धार्मिक भाषिक र वैचारिक दृष्टिकोणको स्थापना गर्दै उनीहरूले पालन गर्नुपर्ने आचारको स्पष्ट उल्लेख गर्ने ।

५.१५.२ व्याकरण विषयमा स्नातकोत्तर स्तर उत्तीर्ण छात्रबाट सुहाउंदो विषयज्ञानको उल्लेख गर्ने ।

५.१५.३ राष्ट्रिय विकासमा उक्त छात्रको उपयोगिता र उसका लागि उपयुक्त क्षेत्रको निर्धारण गर्ने ।

५.१५.४ उक्त तह पास गर्ने छात्रमा हुनुपर्ने आधारभूत योग्यताको उल्लेख गर्ने ।

१.४.१६ क्रियात्मक उद्देश्यहरू

१.१६.१ परिभाषाहरूको न्यायसिद्धत्व, ज्ञापकसिद्धत्व, र वाचकसिद्धत्वमध्ये के हुन सक्छ यसबारे विवेचन गर्दै परिभाषाको व्याख्या गरी क्षेत्र निर्धारण।

१.१६.२ नागेशसिद्धान्तानुसार प्रत्याहार स्थान र प्रयत्नहरूको वर्णोत्पत्तिप्रक्रिया र परिभाषा सूत्रहरूको क्षेत्र आदि ज्ञान ।

१.१६.३ तर्कव्यापारबाट बुद्धि विशदीकरण र शास्त्रान्तराभ्यासयोग्यताको उत्पादन ।

१.१६.४ व्याकरणदर्शनको ज्ञान ।

५.१६.५ पाणिनीयसूत्रहरूको भाषाशैली सम्बन्धी ऊहापोह गर्दै तिनीहरूको व्याख्या र पूर्वपक्षोत्थानपूर्वक सिद्धान्तपक्षमा दृढत्वसम्पादन ।

१.१६.६ पाठ्यांशस्थ सूत्रहरूका दुरुहस्थलगत व्याख्यामा प्राच्च र नव्यमतको आशयलाई स्फोरण गर्ने दक्षता सम्पादन ।

१.१६.७ शाब्दपटुता विविध पदार्थको यथार्थज्ञान, उद्देश्यविधेयादिपदज्ञान र भेदाभेदावबोध जनक पदार्थको ज्ञान ।

५.१६.८ शब्दब्रम्हस्वरूपनिरूपण सामर्थ्य आगमप्रमाण मुख्यत्वप्रतिपादन सामर्थ्य ध्वनिस्फोटादि विवेचनसामर्थ्य वाणीका विविधस्वरूपहरूको विभागबोध सामर्थ्य, शोध सामग्री संकलन विषयवर्गीकरण र पत्रलेखन सामर्थ्यको उत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

.९ पाणिनीयसूत्रहरूको भाषाशैलीको आधारमा ऊहापोहपूर्वक यथार्थज्ञान उक्त सूत्रहरूको व्याख्यामा पूर्वपदास्थापन सिद्धान्तपक्षको दृढताको सम्पादन र नामाख्यातादिहरूको सम्यक् उपपादन ।

.१०व्याकरणमा रहेका गूढतत्वहरूको अन्वेषण र ज्ञानमा सामर्थ्य, दुर्लभ ग्रन्थहरूको अन्वेषण र प्रकाशनादि सामर्थ्य, नवीन र प्राचीन शैलीबाट व्याख्यानमा सामर्थ्य र कर्तृत्वनिरूपण सामर्थ्यको उत्पादन ।

.११व्याकरणशास्त्रका प्रवर्तकहरूको ऐतिह्यज्ञान, व्याकरणशास्त्रीय गूढार्थानुभवपरक ज्ञान, पाणिनीय व्याकरणको अरू व्याकरणसंग तुलनात्मक अध्ययन परिज्ञान पाणिनीय व्याकरणमा प्राचीन र नवीनहरूको तुलनात्मक अध्ययनमा क्षमता सम्पादन र अरू दर्शसंग व्याकरणदर्शनको तुलनात्मक अध्ययनमा क्षमता सम्पादन ।

.१२पाठ्यग्रन्थहरूको सन्दर्भ सामग्रीहरूको आधारमा प्राप्त प्रमाणहरूद्वारा संवद्ध विषयगत तथ्यान्वेषण, आधुनिक शोध प्रविधि अनुसार अनुसन्धान सामर्थ्यको उत्पादन र उच्च स्तरीय अनुसन्धानात्मक कृति सम्पादनमा दक्षताको उत्पादन ।

१.४.१७ समस्याहरू

.१ उक्त उद्देश्यमा छात्रका योग्यताको सीमाको उल्लेख न भएको ।

२ छात्रहरूमा हुनुपर्ने पूर्वाधारका साथै छात्रबाट पाइने उपलब्धिको संकेत न भएको ।

.३ उक्त जनशक्तिलाई खपत गराउने क्षेत्रको उल्लेख नभएको ।

.४ "पाणिनीय व्याकरणमा नवीन र प्राचीनहरूको तुलनात्मक अध्ययन" जस्तो अस्पष्ट उद्देश्य राखिएको ।

.५ ज्ञान कृति र सामर्थ्यका लागि जहाँ पुनै "सम्पादन" शब्दको प्रयोग गरिएको ।

१.४.१८ सुझावहरू

१ व्याकरणमा स्नातकोत्तर स्तर उत्तीर्ण छात्रमा हुनुपर्ने योग्यताको निर्धारण गर्ने ।

२ छात्रमा हुनुपर्ने आचार विचार र उनीहरूबाट समाज र राष्ट्रले पाउने उपलब्धिलाई उल्लेख गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८.३ उक्त जनशक्तिलाई खपाउने क्षेत्र तोक्ने ।

, उद्देश्य राम्री स्पष्ट गर्ने ।

.५ शब्दहरूको प्रयोग गर्दा उनीहरूको मूलप्रकृतिलाई राम्री केलाएर मात्र प्रयोग गर्ने ।

१.५ सिद्धान्त ज्यौतिष विषयका विषयगत उद्देश्यहरू

१.५.१ ज्योतिष विषयका प्रमाणपत्रस्तरीय विषयगत उद्देश्यहरू

१ ज्योतिषशास्त्रको आधारभूत ज्ञानको शिक्षण ।

.२ लोकमा आवश्यक ज्योतिष सम्बन्धी कार्य निष्पादनमा सक्षम मध्यस्तरीय जनशक्तिको उत्पादन ।

३ साधारण पंचाङ्गनिर्माणमा कुशल र पंचाङ्गोपयोग गर्नमा सक्षम जनशक्तिको उत्पादन ।

४ खगोल सम्बन्धी साधारण विषयज्ञानमा समर्थ जनशक्तिको उत्पादन ।

.५ क्षेत्रमापनमा समर्थ जनशक्तिको उत्पादन ।

१.५.२. विषयगत उद्देश्यमा देखा परेका समस्याहरू

.१ उद्देश्यमा ज्योतिष विषयको आवश्यकताको परिचायक स्वरूप र मूल प्रयोजन स्पष्ट न गरिएको ।

२ प्रमाणपत्रस्तर उत्तीर्ण ज्योतिषका छात्रको कार्यक्षेत्र स्पष्ट न गरिएको ।

.३ उक्त छात्रमा हुनुपर्ने अन्य पूर्वाधारहरूको उल्लेख न गरिएको ।

१.५.३ सुझावहरू

१ सिद्धान्त ज्योतिष विषयको स्वरूप र मूल प्रयोजन स्पष्ट गर्ने ।

२ कार्यक्षेत्र स्पष्ट तोक्ने ।

.३ ज्योतिषका प्रमाणपत्रस्तर उत्तीर्ण छात्रमा हुनुपर्ने अन्य पूर्वाधारहरूको उल्लेख गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.५.४ प्रमाणपत्रस्तरीय ज्योतिषविषयका पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू

१) त्रिभुजाश्रित विभिन्न सिद्धान्तहरूको स्थापनाको प्रतिपादन, समानान्तर रेखा विचार र रेखा र खण्डको गुणनफलको विचार, पारस्परिक सम्बन्धवश ग्रहहरू शुभाशुभ फलप्रदता परिज्ञान, सामान्ययोग विचार, नवांशादि स्थित ग्रहवश ज स्वभाव विचार र जय पराजय र लाभालाभज्ञान ।

२) वृत्त क्षेत्र सम्बन्धी सिद्धान्त परिज्ञान , त्रिभुजादि क्षेत्रनिर्माण, मुहूर्तज्ञान र गर्भाधानादि संस्कार र राज्याभिषेकादि समय निर्धारण ।

३) मध्यम ग्रहानयन, भुजकोट्यादि साधन ग्रहस्पष्टीकरण ग्रहण साधन र वृत्त र शादि परिज्ञान ।

१.५.५ समस्या

१) उक्त जनशक्तिको उपयोगिता स्पष्ट हुंदा हुंदै पनि कुन क्षेत्रमा रहेर उसले समाजलाई लाभान्वित गराउने हो त्यो कुरा स्पष्ट न भएको ।

१.५.६ सुझाव

१) आजको परिस्थितिमा विना क्षेत्रको घरेलु ज्ञानको कुनै महत्व न भएकाले स्पष्ट क्षेत्र तोक्ने ।

१.५.७ स्नातकस्तरीय विषयगत उद्देश्यहरू

१) सिज्योतिष विषयमा विशेषज्ञानको उद्बोधन,

२) स्नातकोत्तरस्तरमा अध्ययनको रूचिको उत्पादन,

३) व्यावहारिक ज्योतिष सम्बन्धी कार्य सम्पादनमा सामर्थ्यको उत्पादन ।

४) शुद्धपञ्चाङ्ग निर्माण र संपरीक्षणको सामर्थ्यको उत्पादन ।

५) खगोल सम्बन्धी विशेषज्ञान सम्पन्न जनशक्तिको उत्पादन ।

६) क्षेत्रमिति र आकाशीय ग्रहपिण्डहरूको गति आदि गणनामा सामर्थ्यको उत्पाद

१.५.८ समस्याहरू

१) सिद्धान्तज्योतिष शास्त्रको स्वरूप र महत्ताबारे कुनै पनि स्पष्ट उल्लेख न गरिए

२) सिद्धान्तज्योतिष विषय लिएर स्नातकोत्तीर्ण छात्रले राष्ट्रको कुन क्षेत्रमा रहे काम गर्दछ भन्ने कुरा न खोलिएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) यस्ता स्नातकमा हुनुपर्ने आ योग्यताहरूको कुनै उल्लेख न गरिएको ।

४) उक्त स्नातकले पालन गर्ने आचारपरिपाटीबारे कुनै संकेत न गरिएको ।

१.५.९ सुझावहरू

१) सिद्धान्तज्योतिषको स्वरूप र विशेषता स्पष्ट गर्ने ।

२) स्पष्ट रूपमा क्षेत्र निर्धारण गर्ने ।

३) पूर्वाधार स्वरूप योग्यताको उल्लेख गर्ने ।

४) उक्त स्नातकले पालन गर्नुपर्ने आचारपरिपाटीबारे संकेत गर्ने ।

१.५.१० पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू

१) रेखागणित सम्वन्धी अनुपात सिद्धान्तज्ञान, धरातल गणित ज्ञान, चापीय त्रिभुज-हरूको सपरिचय फलसाधन, र व्यक्ताव्यक्तगणित ज्ञान ।

२) गोलीय रेखा गणित सहित त्रिकोणमिति गणित र ग्रहगणितको परिज्ञान ।

३) क) दिग्देशकाल साधन, ग्रहणसाधन, ग्रहच्छायादिसाधन, युतिपात साधन र प्राचीन भूगोलीय स्वरूपज्ञानका साथै गोलीय महत्त्व र विभिन्न मान र वासनाको परिज्ञान ।

ख) त्रिप्रश्नादिज्ञान भुवनकोशादिज्ञान र चलनकलनादि परिज्ञान ।

१.५.११ समस्याहरू

१) उपर्युक्त उद्देश्यमा वर्णित सम्पूर्ण ज्ञानवाट हुने उपलब्धिवारे कुनै कुरा न तोकिएको।

२) उक्त ज्ञानको प्रयोग कुन क्षेत्रमा रहेर कसरी गर्ने भन्ने स्पष्ट उल्लेख न भएको ।

३) उक्त ज्ञानवाट राष्ट्रलाई र समाजलाई हुने लाभको उल्लेख न भएको ।

१.५.१२ सुझावहरू

१) स्नातस्तरीय सिद्धान्तज्योतिषको उद्देश्य कुन महत्वपूर्ण प्राप्तिका लागि हो स्पष्ट उल्लेख गर्ने ।

२) स्नातकले कुन क्षेत्रलाई अपनाएर उपर्युक्त सिद्धान्तको प्रयोग गर्ने भन्ने कुरा उल्लेख गर्ने ।

३) राष्ट्रलाई र समाजलाई हुने लाभको बोध गराउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.५.१३ स्नातकोत्तरस्तरीय विषयगत उद्देश्यहरू

१) सिद्धान्त ज्योतिषको उन्नतज्ञानको उद्बोधन,

२) व्यवहारमा आवश्यक सिद्धान्त ज्योतिष सम्बन्धी उच्चतर कार्य सम्पादनमा दक्ष जनशक्तिको उत्पादन ।

३) खगोल सम्बन्धी उच्चस्तरीय ज्ञान सम्पन्न जनशक्तिको उत्पादन ।

४) सिद्धान्तज्योतिष शास्त्रमा गहन अनुसन्धानमा अभिरूचिको उत्पादन ।

५) आकाशीय ग्रहपिण्डहरूको गति स्थिति र आकार आदि बारे सूक्ष्म गणित गर्न सक्ने उच्चस्तरीय जनशक्तिको उत्पादन ।

६) वेधशालामा ग्रहपिण्ड निरीक्षण तदनुसार ग्रहहरूको यथार्थ स्थितिज्ञानमा समर्थ जनशक्तिको उत्पादन ।

१.५.१४ समस्याहरू

१) सिद्धान्तज्योतिषको महत्ता र मूलस्वरूप नै अस्पष्ट राखी त्यसबाट उच्चस्तरीय ज्ञानको अपेक्षा गरिएको ।

२) व्यावहारिक ज्योतिष र खगोलीय ज्योतिषको उपयोगिताको कुनै उल्लेख न

३) सिद्धान्तज्योतिषको स्नातकोत्तरस्तरको जनशक्तिलाई कुनै कार्यक्षेत्र न तोकिएको

४) यस किसिमका छात्रमा हुनुपर्ने मानवीय मूल्यबारे कुनै संकेत न गरिएको ।

५) कुन किसिमको आचार र विचार उसले अपनाउनु पर्छ त्यसबारे केही न भनिएको

६) वेधशालाको व्यवस्था नै न भईकन तत्सम्बन्धी काल्पनिक उद्देश्य राखिएको ।

१.५.१५ सुझावहरू

१) सिद्धान्तज्योतिषको शास्त्रीय र व्यावहारिक महत्तालाई औंल्याई उसको मूल स्वरूप स्पष्ट गर्ने ।

२) ज्योतिष सम्बन्धी उपयोगिताको बोध गराउने ।

३) जनशक्तिलाई सुहाउँदो कार्यक्षेत्र तोक्ने ।

४) छात्रमा हुनुपर्ने मानवीय मूल्यको उल्लेख गर्ने ।

५) राष्ट्रिय संस्कृतिलाई जोगार गर्ने सम्बन्धमा छात्रमा हुनुपर्ने आचार र विचारको उल्लेख गर्ने ।

६) आफूसँग न भएका वेधशाला जस्ता साधनहरूलाई आधार न बनाउने ।

१.५.१६ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू

१) सूर्यसिद्धान्त गणितका सबै पदार्थहरूको ज्ञान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) मध्यम ग्रहादिसाधन ग्रहस्पष्टीकरण र आधुनिक ज्योतिष रीतिबाट ग्रहपिण्डहरूको गतिस्थित्यादि परिज्ञान ।

३) त्रिप्रश्न विकल गणित र पंचाङ्गगणितको ज्ञान ।

४) करण ग्रन्थ निर्दिष्ट सिद्धान्त ज्ञान र पंचाङ्गगणित सम्बन्धी ज्ञान ।

५) आधुनिक ज्योतिष पंचाङ्ग गणित र समसूत्री विषमसूत्री परिणताकृति छाया भ्रमण मार्गस्थ आकृति विचार सम्बन्धी प्रतिभाको ज्ञान ।

६) भाभ्रम विचार ,दीर्घवृत्तलक्षणज्ञान र ग्रहहरूको उदय र अस्त सम्बन्धी ज्ञान ।

७) ग्रहण गणित सम्बन्धी उच्चस्तरीय शास्त्रीय ज्ञान र श्रृंगोन्नति सम्बन्धी विषयको ज्ञान ।

८) सर्वानन्द गणितका सम्पूर्ण पदार्थहरूको ज्ञान र शोधविधि ज्ञान ।

९) ग्रहयुत्यादि सम्बन्धी ज्ञान र महाप्रश्नाधिकार अन्तर्गतका समस्त पदार्थहरूको ज्ञान।

१०) सूर्यग्रहणसाधन , ग्रहहरूको उदय र अस्तको साधन र गोलीयक्षेत्रहरूको गणित ज्ञान ।

११) ज्योतिष सम्बन्धी विषय र ग्रन्थकारहरूको ऐतिह्यज्ञान, विभिन्न स्वशास्त्रीय विषयहरूको तुलनात्मक विवेचन र स्वशास्त्रीय निबन्ध लेखन सम्बन्धी ज्ञान ।

१२) ग्रहणगणित साधन, ग्रहणको स्पर्शमोक्षादि कालसाधन, ग्रहयुतिनिरूपण, चन्द्रको श्रृंगोन्नति विचार र लोपदर्शन सम्बन्धी शास्त्रीय सिद्धान्तको ज्ञान ।

१.५.१७ समस्या

१) पाठ्यांशगत उद्देश्यमा देखिएका समस्याहरू विषयगत समस्यामा नै उल्लेख गरिएकाले यहाँ पुन: उल्लेख गरिएन ।

१.५.१८ सुझावहरू

१) समस्याको समाधान विषयगत उद्देश्य शीर्षक अन्तर्गत निर्दिष्ट छ ।

----०----

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.६ नव्यन्याय

१.६.१ नव्यन्यायका प्रमाणपत्रस्तरीय विषयगत उद्देश्यहरू

१) नव्यन्यायप्रक्रियाको ज्ञान ।

२) पूर्वपदा, व्याप्तिसिद्धान्त र व्याप्तिलक्षणहरूको परिष्कारसम्बन्धी ज्ञान ।

३) पूर्वमीमांसा दर्शनका पदार्थहरूको सामान्य ज्ञान ।

४) उत्तरमीमांसा सम्बन्धी सामान्य सिद्धान्तको ज्ञान ।

५) सांख्य र योगका सिद्धान्तहरूको सामान्य ज्ञान ।

१.६.२ समस्याहरू

१) नव्यन्यायको स्वरूप र विशेषताबारे संकेत न गरिएको ।

२) नव्यन्यायको उपयोगिता र आवश्यकताबारे जानकारी न दिइएको ।

३) नव्यन्यायमा प्रमाणपत्रस्तर उत्तीर्ण गरेका छात्रको कार्यक्षेत्र र योग्यताबारे कुनै उल्लेख न भएको ।

४) राष्ट्रियता र संस्कृतिको जगेर्ना गर्ने सम्बन्धमा र विषयगत उद्देश्य न राखिएको र छात्रमा हुनुपर्ने आचार विचारबारे कुनै उल्लेख न गरिएको ।

१.६.३ सुझावहरू

१) नव्यन्यायलाई चिनाउँदै त्यसको वैशिष्ट्य उल्लेख गर्ने ।

२) नव्यन्यायको उपयोगिता र आवश्यकताबारे प्रकाश पार्ने ।

३) प्रमाणपत्रस्तर पार गरेका छात्रको उपयोगिता योग्यता र कार्यक्षेत्रको उल्लेख गर्ने

४) सांस्कृतिक दृष्टिकोणबाट नव्यन्यायका छात्रहरूले कुन आचार र विचारबाट राष्ट्रसेवा गर्छन् त्यसको निरूपण गर्ने ।

१.६.४ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू

१) पूर्वपदा व्याप्तिनिरूपण पूर्वमीमांसाका विध्यादिको परिज्ञान र उत्तरमीमांसाका सिद्धान्तहरूको सामान्य ज्ञान ।

२) सिद्धान्तव्याप्ति निरूपण र योगदर्शन सम्बन्धी सामान्य सिद्धान्तको ज्ञान ।

३) सांख्यदर्शन सम्बन्धी सिद्धान्तहरूको सामान्य ज्ञान र अवच्छेदकत्वको परिज्ञान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.६.५ समस्या

१) कुन प्रयोजनका लागि ती उद्देश्य राखिएका हुन् स्पष्ट न भएको ।

१.६.६ सुझाव

१) योग मीमांसा र उत्तरमीमांसाको ज्ञानद्वारा हुने उपलब्धि स्पष्ट उल्लेख गर्ने ।

१.६.७ स्नातकस्तरीय विषयगत उद्देश्यहरू

१) व्यधिकरण सम्बन्धी लक्षण लक्षणको ज्ञान ।

२) ईश्वरास्तित्वसाधन ।

३) पक्षता सम्बन्धी ज्ञान ।

४) सामान्यलक्षणाका आधारमा सद् हेतुहरूमा साध्य व्याप्तिको संसाधन ।

५) दुष्टहेतु र हेतुदोषको अन्तर स्पष्ट गर्दै लक्षणकारण र लक्षणार्थको निर्वचन ।

६) सद्हेतुहरूको प्रयोगद्वारा व्यावहारिककार्यहरूमा दक्षताको उत्पादन ।

७) प्रमाणादि सोह्र पदार्थ र जातिनिग्रहस्थानादिहरूको विवेचन ।

८) अनुसन्धान सम्बन्धी आधारभूतज्ञानको सुदृढीकरण ।

९) सदसद्हेतुहरूको प्रयोग र जातिनिग्रह आदि व्यवहारको न्यायालयहरूमा प्रयोगार्हता-को परिज्ञान ।

१०) अन्यशास्त्रहरूमा प्रयुक्त नव्यन्यायसरणिको यथार्थ ज्ञान ।

१.६.८ समस्याहरू

१) स्नातकस्तरमा नव्यन्याय लिएर उत्तीर्ण हुने छात्रहरूको उपयोगिता र उनीहरूका लागि ठोस कार्यक्षेत्रको उल्लेख न भएको ।

२) नव्यन्यायको मौलिक स्वरूप र महत्वबारे प्रकाश न पारिएको ।

३) यसस्तरका छात्रमा हुनुपर्ने सांस्कृतिक र आचार सम्बन्धी मूल्यको उल्लेख न गरिएको ।

१.६.९ सुझावहरू

१) संबद्ध छात्रहरूको उपयोगिता र कार्यक्षेत्रको उल्लेख गर्ने ।

२) नव्यन्यायको स्वरूप र वैशिष्ट्यको उल्लेख गर्ने ।

३) संबद्ध छात्रमा हुनुपर्ने आचार र विचारको उल्लेख गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.६.१० पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू

१) व्यधिकरण धर्मावच्छिन्नप्रतियोगिताका भावको ज्ञान र ईश्वरास्तित्व साधन ।

२) सामान्यलक्षण र पक्षताको यथार्थ ज्ञान ।

३) हेत्वाभासको सामान्यलक्षण विवेचन, सदसद्धेतुको पार्थक्य ज्ञान, तत्वनिर्णय र वादिपराजय आदि विषयको ज्ञान ।

१.६.११ समस्याहरू

१) उद्देश्य राख्दा पनि नव्यन्यायको शरणिबाट अवच्छिन्न आदि प्रयोग गरी रा अस्पष्ट पारिएको ।

२) प्रयोजन न खुलाईकन उद्देश्य राखिएको ।

१.६.१२ सुझावहरू

१) विषयको स्वरूप जे जस्तो भएतापनि उद्देश्य सामान्य संस्कृतमा नै राखी सर्वग्राह्य बनाउने ।

२) क्रियात्मक उद्देश्यको प्रयोजन स्पष्ट गर्ने ।

१.६.१३ स्नातकोत्तरस्तरीय विषयगत उद्देश्यहरू

१.६.१३.१ नव्यन्याय विषयमा आचार्य परीक्षा उत्तीर्ण गर्ने जनशक्ति -

१) न्यायदर्शन सम्मत पदार्थ र तत्सम्बन्धी सिद्धान्तको विशिष्ट ज्ञानको आधारमा न्यायदर्शनको अरू शास्त्रहरूसंग तुलनात्मक अध्ययन गर्न र गराउन समर्थ हुनेछ ।

२) नव्यन्यायमा न्यायमा र दर्शनान्तरहरूमा अनुसन्धान कार्य गर्न सक्षम हुनेछ ।

३) नव्यन्यायको विषयमा निष्णात भएर सम्पूर्ण दर्शनग्रन्थहरूको विवेचनात्मक अध्ययन र दर्शनसिद्धान्त र दर्शनपदार्थहरूको प्रमाणहरूबाट परीक्षण गरी सत्यार्थप्रकाशनमा समर्थ हुनेछ ।

४) अनुमानविषयक र शाब्दबोध विषयक विशिष्ट ज्ञानको आधारमा लोक- र श मा प्रमाणद्वारा सत्यार्थनिर्णयमा समर्थ हुनेछ ।

५) नव्यन्याय र प्राचीनन्याय शास्त्रमा स्नातकोत्तर स्तरसम्म प्राध्यापन गर्न समर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.६.१४ समस्याहरू

१) नव्यन्यायको स्वरूपगत विशेषता र महत्त्वबारे प्रकाश न पारिएको ।
२) राष्ट्रिय दृष्टिकोणबाट यस शास्त्रको उपयोगिता स्पष्ट न भएको ।
३) अनुसन्धान र अध्यापन बाहेक अरू कुनै कार्यक्षेत्र न तोकिएको ।
४) यस तहको जनशक्तिमा आउन पर्ने मानवीय मूल्यबोध आचार र वैचारिक दृष्टिकोणको उल्लेख न भएको ।

१.६.१५ सुझावहरू

१) नव्यन्यायको स्वरूप उपादेयता र महत्त्वबारे स्पष्ट उल्लेख गर्ने ।
२) राष्ट्रिय दृष्टिकोणबाट यस शास्त्रको उपयोगिता खुलाउने ।
३) यसको आफ्नो विशिष्ट कार्यक्षेत्र तोक्ने ।
४) उक्त जनशक्तिमा हुनुपर्ने गुण आचार र विचारको संकेत गर्ने ।
५)

१.६.१६ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू

१) न्याय र वैशेषिक दर्शनका पदार्थ र सिद्धान्तको विशेषज्ञानका साथ समानतन्त्र र प्रतितन्त्रसिद्धान्तसँग तुलनात्मक विवेचन सामर्थ्यको उत्पादन ।
२) प्रतिज्ञाहेतु आदि न्यायावयवको लक्षणज्ञान र परिष्कारमा सामर्थ्यको उत्पादन।
३) सव्यभिचार हेत्वाभासको परिज्ञानको माध्यमबाट हेतु दोष र दुष्टहेतु, विषयक ज्ञानको आधारमा अनुमानप्रयोग र तत्वानुसन्धानमा दक्षताको उत्पादन ।
४) सत्प्रतिपक्ष हेत्वाभासको ज्ञान र निरूपणमा सामर्थ्यका साथै केवलव्यतिरेकिज्ञानमा र परिष्कारमा दक्षताको उत्पादन ।
५) तर्कानुसन्धानका आधारमा शास्त्र र लोकमा सत्यार्थको अवधारणमा सामर्थ्यको उत्पादन र अनुमितिस्वरूप निरूपणमा सामर्थ्यको उत्पादन ।
६) ज्ञानप्रामाण्यविषयमा मीमांसकमतको समीक्षण र न्यायसिद्धान्तप्रतिपादनमा सामर्थ्यको उत्पादन ।
७) पदशक्तिविवेचन र पदविशेषहरूको शक्ति निरूपणमा सामर्थ्यको उत्पादन ।
८) शब्दशक्ति र शक्तिग्रहको ज्ञान ।
९) व्युत्पत्ति र शाब्दबोध प्रक्रियाको ज्ञान ।
१०) आत्मतत्व निरूपण र परमतखण्डन परिज्ञान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११) स्वशास्त्रीयेतिहास, स्वशास्त्रीय निबन्धलेखन र शास्त्रान्तरहरूसंग तुलनात्मक अध्ययनको परिज्ञान ।

१२) अन्यथाख्याति, सन्निकर्ष सविकल्पवाद र निर्विकल्पवाद सम्बन्धी ज्ञान ।

१.६.१७ समस्या

१) उपर्युक्त पाठ्यांकगत उद्देश्यहरूको प्रयोजन स्पष्ट न भएको ।

१.६.१८ सुझाव

१) उद्देश्यहरूको प्रयोजन स्पष्ट गर्ने ।

--0--

१.७ साहित्य -

१.७.१ साहित्य विषयको प्रमाणपत्रस्तरीय विषयगत उद्देश्य -

१) संस्कृत साहित्य अन्तर्गतका अनेक विषयहरूको ज्ञान ।
२) पद्यरचनाको आधारतत्व छन्दःशास्त्रको सम्यक् ज्ञान ।
३) तर्कशास्त्रीय शैलीबाट साहित्यिक विषयको बोधमा सामर्थ्यको उत्पादन ।
४) काव्याध्ययनको सुखप्राप्तिद्वारा सामाजिक जीवनोपयोगी अनेक ज्ञानको उत्पाद
५) राष्ट्रभाषा नेपालीमा शुद्ध प्रयोगको साधक योग्यताको उपार्जन ।
६) कालीदास छविलाल सूरि आदि साहित्यकारहरूको अध्ययनबाट आर्य-संस्कृतिको ज्ञान ।

१.७.२ समस्याहरू

१) साहित्यविषयको स्वरूप र विशेषताबारे संकेत न गरिएको ।
२) उक्त जनशक्तिलाई आवश्यक कार्यक्षेत्र को संकेत न गरिएको ।
३) उक्त जनशक्तिमा हुनुपर्ने चारित्रिक र वैचारिक गुणहरूको उल्लेख न भएको ।
४) कालिदास आदि कविहरूको अध्ययनबाट आर्यसंस्कृतिको ज्ञान जस्तो अस्पष्ट उद्दे राखिएको ।

१.७.३ सुझावहरू -

१) साहित्यविषयको स्वरूप उपस्थापित गर्दै त्यसको महत्व माथि प्रकाश पार्ने ।
२) उक्त जनशक्ति जुहाउंदो कार्यक्षेत्र तोक्ने ।
३) उक्त जनशक्तिमा हुनुपर्ने आधारभूत चरित्र र विचारको उल्लेख गर्ने ।
४) कालिदास आदि कविहरूको न भनेर कालिदास आदि कविहरूका काव्यहरूको भन्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.७.४ पाठ्यांशगत क्रियात्मक उद्देश्य-

१) (क) गद्य,पद्य काव्यहरूको अनुशीलनद्वारा पुरातन संस्कृतिको ज्ञान ।

(ख) कालिदास आदि कविहरूको काव्याध्ययनमा क्षमता उत्पादन ।

(ग) पात्रहरूको चरित्रचित्रणमा कुशलताको अर्जन ।

(घ) अनेक दृष्टिकोणबाट गद्य काव्य र पद्य काव्यहरूको ज्ञानमा आधारभूत सामर्थ्यको अर्जन ।

(ङ०) समस्त पदहरूको विश्लेषण गर्ने वाक्यार्थ प्रकाशनमा क्षमताको संवर्धन ।

(च) प्राचीन कथाहरूको रचना प्रणालीको परिज्ञान ।

२) (क) राजशेखरोक्त प्रणालीबाट समीक्षात्मक ज्ञानको अर्जन गर्दै छन्दः सम्बन्धी गण यति आदि ज्ञानपूर्वक छन्दहरूको ज्ञान ।

(ख) तर्कशास्त्रको पद्धतिबाट समीक्षण शक्तिको संवर्धन र पदार्थहरूको निरूपण ।

३) (क) भासकविको नाट्यकलाको सम्यक् अनुशीलन ।

(ख) दृश्य काव्यविधाको परिचयको माध्यमद्वारा छविलालसूरिको रचनागत वैशिष्ट्यको परिशीलन, ऐतिहासिक गद्यकाव्यको अध्ययनद्वारा विविध पदाको अध्ययन र गद्य पद्य र नाटकहरूको अध्ययन गर्ने क्षमताको उत्पादन ।

१.७.५ समस्याहरू -

१) काव्यहरूको अनुशीलन, यो उद्देश्य प्रमाणपत्रस्तरमा सुहाउँदो न भएको ।

२) छविलालसूरिको रचनागत वैशिष्ट्यको परिशीलन यो उद्देश्य पनि अस्पष्ट भएको ।

१.७.६ सुझावहरू -

१) अनुशीलन शब्द अनुसन्धानपरक भएकाले अध्ययनको अर्थ बुझाउने सरल पद राख्ने।

२) परिशीलन शब्दको सट्टा स्तर सुहाउँदो अरू कुनै शब्द राख्ने ।

१.७.७ स्नातक स्तरीय विषयगत उद्देश्यहरू-

१) संस्कृतसाहित्यमा लब्ध प्रतिष्ठ पद्यकविहरू र गद्यकविहरू को चमत्कारपूर्णवर्णनागत विविध वैशिष्ट्यको ज्ञान ।

२) रचना प्रौढिमण्डित विविध गद्यपद्य नाटकादि काव्य र तिनीहरूका अंगहरूको सर्वांगीण परिचय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) साहित्यशास्त्र अन्तर्गतका ध्वनिरस अलंकार गुण दोषआदि अनेक विषयको काविक ज्ञान र गुण र दोषको प्रायोगिक ग्राह्यता र अग्राह्यताको ज्ञान ।

४) समालोचनात्मक दृष्टिवाट विविध ग्रन्थहरूको अनुशीलन गर्दै प्राच्य साहित्यको समीक्षा शक्तिको संवर्धन ।

५) राष्ट्रभाषाको संरक्षण र संवर्धनोपयोगी शब्दप्रयोग विषयक औचित्यज्ञानको संवर्धन ।

१.७.८ समस्याहरू –

१) साहित्य के हो साहित्यको समष्टिगत उपयोगिता के हो र त्यसका विशेषता के हुन् यी कुरा स्पष्ट न भएको ।

२) स्नातकस्तरमा साहित्य लिएर पढ्ने छात्रका लागि क्षेत्र कुन हो, यो कुरा न खोलिएको ।

३) यस्ता छात्रमा हुनुपर्ने आचार र विचार वारे कुनै कुरा न खोलिएको ।

१.७.९ सुझावहरू –

१) साहित्यको स्वरूप विशेषता र प्रयोजन स्पष्ट गर्ने ।

२) साहित्य विषय स्नातकस्तर उत्तीर्ण गर्ने छात्रका लागि विशिष्ट कार्यक्षेत्रको उल्लेख गर्ने ।

३) यस्ता छात्रमा हुनुपर्ने आचार र विचारको निर्देश गर्ने ।

१.७.१० स्नातकस्तरीय पाठ्यांशगत उद्देश्यहरू–

१) काव्यको लक्षण र प्रयोजनको परिज्ञान र अभिधा लक्षणा र व्यन्जनाको अ

२) महाकाव्यहरूको अध्ययनद्वारा कालिदासादि कविहरूको रचनाशैली, तदानीन्तन सामाजिक अवस्थाको ज्ञानका साथ प्राचीन भाषाव्याकरणको अध्ययनद्वारा भाषातात्त्विक दृष्टिकोणले प्राचीन र आधुनिक भाषाको अनुसन्धानमा योग्यताको संवर्धन ।

३) संस्कृत महाकाव्यपरंपराको विश्लेषण, संस्कृतगद्यकाव्यको विवेचन, अभिलेखहरूको साहित्यिक वैशिष्ट्यको समीक्षण, तात्कालिक सामाजिक व्यवस्थाको विवेचन पद्य र गद्य सम्बन्धी व्युत्पत्तिको साथ गद्यरचना र पद्यरचनामा क्षमताको उत्पा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.७.११ समस्याहरू -

१) विषयगत उद्देश्यमा न राखिएका विषयान्तरमा पर्ने प्राकृतव्याकरण र ऐतिहासिक अभिलेखहरू पाठ्यांशगत उद्देश्य मा राखिएको हुंदा उद्देश्यगत निश्चितता स्पष्ट न भएको ।

२) प्राचीन व्याकरण भनेर प्राकृत व्याकरणलाई बुझाउन खोजिएतापनि प्राकृत व्याकरण संस्कृत व्याकरण भन्दा प्राचीन हुने कुरा असंगत देखिएको ।

३) पाठ्यांशगत उद्देश्यमा भाषाविज्ञानको दृष्टिकोणबाट प्राचीन व्याकरण केवल अनुसन्धानका लागि राखिएको भनिएता पनि नहाकविहरूका दृश्यकाव्यहरूमा निम्नस्तरका पात्र र नारीपात्रहरूबाट प्राकृतको प्रयोग गराइएको हुंदा नाटकहरूको अर्थज्ञान पनि बिना प्राकृतव्याकरणको न हुंदा, उद्देश्यको भनाई अपूर्ण देखिएको।

१.७.१२ सुझावहरू -

१) विषयगत र पाठ्यांशगत उद्देश्यमा एक रूपता ल्याउने ।
२) उद्देश्यमा स्पष्टार्थ प्रतिपादक शब्दविन्यास गर्ने ।
३) अपूर्ण उद्देश्यलाई पूर्णता प्रदा गर्ने ।

१.७.१३ स्नातकोत्तरस्तरीय विषयगत उद्देश्यहरू-

१) साहित्यशास्त्रसित संबद्ध विविध विषयहरूको प्रौढ ज्ञान ।
२) साहित्यशास्त्रीय प्रामाणिक र आधिकारिक वैदुष्यको सम्पादन ।
३) काव्य र काव्यांगहरूको सर्वांगपूर्ण समीक्षा सामर्थ्ययले अलंकृत अवबोध ।
४) गवेषणाशक्ति समन्वित काव्यशास्त्रविषयक गम्भीर ज्ञान ।
५) राष्ट्रभाषाको क्षेत्रमा, र राष्ट्रियसंस्कृतिको संरक्षणमा महत्त्वपूर्ण योगदान गर्न समर्थ जनशक्तिको उत्पादन ।

१.७.१४ समस्याहरू-

१) साहित्य विषयको स्वरूप र विशेषताबारे प्रकाश न पारिएको ।
२) उत्पादित जनशक्तिलाई प्रयुक्त गराउने क्षेत्र न तोकिएको ।
३) उक्त छात्रहरूमा हुनुपर्ने आधारभूत आचार विचारबारे कुनै निर्देश न गरिएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.७.१५ सुझावहरू-

१) साहित्य विभागको स्वरूप विशेषता र महत्वबारे प्रकाश पार्ने ।

२) जनशक्तिका लागि सुहाउँदो क्षेत्रको परिकल्पना गर्ने ।

३) छात्रमा हुनुपर्ने विषयगत योग्यताको अतिरिक्त गुण आचार र विचारको उल्लेख गर्ने ।

१.७.१६ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) काव्यलक्षण प्रयोजन र कारणादि ज्ञान, वृत्तित्रय सम्बन्धी सम्यक् ज्ञान, शब्द स्वरूपज्ञान ध्वनिगत भेद परिचय र व्यञ्जनाको स्थापन ।

२) दोष गुण र रीति र अलंकारहरूको परिशीलन ।

३) अप्पय दीक्षित र भामहका काव्यसिद्धान्तहरूको परिज्ञान, काव्यनिर्माण र वि चनमा दक्षताको उत्पादन, अलंकारहरूको लक्ष्य - लक्षणसमन्वय सम्बन्धी ज्ञा साथै अलंकार सम्बन्धी समीक्षामा समर्थ जनशक्तिको उत्पादन ।

४) चम्पूकाव्यको उच्चस्तरीय र समीक्षा प्रधान अध्ययन गर्दै चम्पूकाव्यपरंपराको अध्ययन ।

५) काव्यारम्भस्थानीय ध्वनिको साहित्यजगत्को सर्वस्वताको ज्ञान गर्दै ध्वनि विरो सिद्धान्तखण्डन र ध्वनितत्वको परिज्ञान ।

६) ध्वनिभेदविज्ञान, पदपदांश आदिको व्यञ्जकत्वज्ञान, संघटनास्वरूपज्ञान र काव्यप्रभेदहरूको ध्वनि दृष्टिबाट विवेचन ।

७) वक्रोक्तिको सर्वांगीण विमर्श गर्दै अनुमानप्रमाणको निरूपण ।

८) छन्दोबद्धकविता प्रणयन सामर्थ्यको अर्जन, गद्यलेखन सामर्थ्य अर्जन समस्यापूर्ति सम्बन्धी दक्षता उत्पादन लक्ष्यग्रन्थहरूको विश्लेषण र शोध पद्धतिको परिज्ञा

९) विविधकोटिबाट काव्यलक्षणको परिष्कार, मम्मट र विश्वनाथ सम्मत ... को खण्डन, काव्यकारणविमर्श, मम्मटादिकृत काव्य भेदको अनुपयुक्तता साधन गर्दै काव्यको चतुर्विधत्व स्थापन ।

१०) सभेद ध्वनि विचार, अभिधा लक्षण विमर्श, वाचकशब्दस्वरूप परिशीलन, लक्ष स्वरूप परिशीलन र लाक्षणिक वाक्यहरूको शाब्दबोध विचार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११) (क) क्रमिक रूपमा साहित्यजगत्मा योगदान दिने लक्षणग्रन्थहरूको ऐतिहासिक योगदानको समीक्षा गर्दै देशकाल र कृतिविषयक परिचयको उपस्थापन ।

(ख) साहित्यशास्त्रका प्रमुख ध्वन्यादितत्वहरूको विषयमा स्वशास्त्रीय निबन्ध रचनाको सामर्थ्यको उत्पादन ।

(ग) संस्कृतसाहित्यको तुलनात्मक अध्ययन सम्बन्धी योग्यताको उत्पादन ।

१२) अलंकार सिद्धान्त सम्बन्धी विविध पदार्थहरूको स्वरूप विश्लेषण र वर्गीकरणमा सामर्थ्यको उत्पादन ।

१.७.१७ समस्याहरू-

१) साहित्य विषयको स्वरूप र महत्वको परिचायक कुनै उद्देश्य न भएको ।

२) संस्कृतसाहित्यको तुलनात्मक अध्ययन कुनै साहित्यान्तरसंग गर्ने हो वा विषयान्तर संग गर्ने हो सो कुरा स्पष्ट न भएको ।

१.७.१८ सुझावहरू-

१) साहित्य विषयको मौलिकता र महत्वको परिचायक उद्देश्य राख्ने ।

२) तुलनात्मक अध्ययन सम्बन्धी उद्देश्य स्पष्ट गर्ने ।

---- ० ---

१.८ इतिहासपुराण-

१.८.१ इतिहासपुराण विषयगत प्रमाणपत्रस्तरीय उद्देश्यहरू-

१) माध्यमिक शिक्षाको क्षेत्रमा शिक्षक र निरीक्षकको रूपमा काम गर्न सक्ने जनशक्तिको उत्पादन ।

२) श्री ५ को सरकारका प्रशासकीय पदहरूमा काम गर्न समर्थ जनशक्तिको उत्पादन ।

३) पुराणहरूको प्रवचनकलामा प्रवीण र आफ्नो अनुभूतिको आधारमा जनतालाई धार्मिक चेतना दिन समर्थ जनशक्तिको उत्पादन ।

४) राजा र राजधर्मको महत्व हुन मानसमा अंकित गर्न आवश्यक दक्ष व्यक्तित्वको आधारभूत योग्यता भएको जनशक्तिको उत्पादन ।

५) नेपालराष्ट्रको धार्मिक गौरव र हिन्दुधर्मको बोधका लागि सुयोग्य व्यक्तित्वको सम्पादन ।

६) स्नातकस्तरमा अध्ययन गर्न सक्ने जनशक्तिको उत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.८.२ समस्याहरू -

१) इतिहासपुराण विषयमा प्रमाणपत्र तह पास गर्ने छात्रलाई माध्यमिक शिक्षाको शिक्षक माध्यमिकको निरीक्षक बनाउन खोज्नु अव्यावहारिक र असंगत देखिन्छ

२) इतिहासपुराणका छात्रले संबद्ध पाठ्यक्रममा जनप्रशासनको सट्टा पौराणिक र ऐतिहासिक विषय पढ्ने हुंदा प्रशासनिक पदमा काम गर्न सक्षम जनशक्तिको उत्पादन भनेर अनधिकारचेष्टा गर्दै असंगत उद्देश्य राखिएको ।

३) प्रमाणपत्रस्तर मात्र उत्तीर्ण पात्र पुराणको आंशिक प्रवचन गर्न समर्थ भए पनि पुराण प्रवचनवाचनमा प्रवीण हुन न सक्ने हुंदा अर्थहीन महत्वाकांक्षा देखाइएको

४) पुराण र इतिहास सम्बन्धी स्वरूपगत र वैशिष्ट्यगत जानकारी न दिइएको।

५) उद्देश्यमा स्तरहीन भाषाको प्रयोग गरिएको ।

१.८.३ सुझावहरू -

१) प्रचलित नियम अनुसार निम्न माध्यमिक शिक्षाका शिक्षक वा निरीक्षक हुन सक्ने सम्भावना राख्ने ।

२) विषयसंग असंबद्ध उद्देश्य न राख्ने ।

३) स्तरले भेट्ने योग्यताको उल्लेख गर्ने ।

४) पुराणेतिहास सम्बन्धी स्वरूप र वैशिष्ट्यको संक्षिप्त परिचय दिने ।

५) स्तर सुहाउंदो भाषामा उद्देश्यनिरूपण गर्ने ।

१.८.४ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू -

१) नेपालको धार्मिक इतिहासको ज्ञान, विष्णुको महिमाको ज्ञान गर्दै सृष्टितत्वज्ञान सम्पादन र रामचरित्रको ज्ञानपूर्वक समाजमा नैतिक भावनाको प्रसारको क्षमता सम्पादन र सूर्यतत्व कृष्णचरितको ज्ञानको साथै अभिलेखहरूको ज्ञान ।

२) आदर्शराजको चरित्रज्ञान र प्राचीन ऐतिहासिक प्रसंगहरूको विषयमा जिज्ञासाको उद्‌बोधन ।

३) भक्तितत्वको ज्ञानपूर्वक भगवदवतार सम्बन्धी विषयको ज्ञान, गण्डकीमहिमाको ज्ञान र वर्णाश्रम सम्बन्धी परिज्ञान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.८.५ समस्या -

१) विषयगत उद्देश्य र पाठ्यांशगत उद्देश्यमा कुनै कुनै विषयमा अन्तर पाइएको ।

१.८.६ सुझाव -

१) विषयगत उद्देश्यमा भएका कुराहरू पाठ्यांशगत उद्देश्यमा हुनुपर्ने हुंदा दुवैमा सामन्जस्य ल्याउने ।

१.८.७ स्नातकस्तरीय विषयगत उद्देश्यहरू -

१) पुराणहरू वर्ण्य विषयहरूको सामाजिक उपयोगिता सम्बन्धी प्रौढज्ञानको सम्पादनको क्षमताको प्राप्तिको कारण ।

२) पौराणिक रहस्यात्मक विषयहरूको जानमा सामर्थ्यको सम्पादन ।

३) इतिहास र पुराणहरूको शैली ज्ञानको सम्वन्धमा आवश्यकीय दक्षताको सम्पादन ।

४) नेपालको धार्मिक इतिहासका विषयमा दक्ष जनशक्तिको उत्पादन ।

१.८.८ समस्याहरू -

१) पुराणेतिहास विषयको स्वरूप र विशेषता बारे केही न भनिएको ।

२) उत्पादित जनशक्तिलाई संपत गर्ने क्षेत्र र उनीहरूको विशेषज्ञताबारे केही उल्लेख न भएको ।

३) उनीहरूमा हुनुपर्ने आचार र विचारबारे केही संकेत न गरिएको ।

४) उद्देश्यगत भाषाप्रयोगमा " सम्पादनक्षमताको प्राप्तिको कारण" जस्तो अस्पष्टता देखिएको ।

१.८.९ सुझावहरू -

१) पुराणेतिहास विषयको वैशायिकस्वरूप स्पष्ट गर्दै वैशिष्ट्यको उल्लेख गर्ने ।

२) जनशक्तिको उपयोगिता र कार्यक्षेत्र बारे स्पष्ट संकेत गर्ने ।

३) उक्त जनशक्तिमा हुनुपर्ने आचार विचार र गुणहरूको उल्लेख गर्ने ।

४) भाषाप्रयोग गर्दा स्पष्टता र सूत्रात्मकता ल्याउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.८.१० पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू -

१) सांख्यतत्वज्ञानसंपादन श्रीरामको दर्शन र चरित्रज्ञानको संपादन र नेपालको धा महत्त्व ज्ञान सम्पादन

२) सृष्टितत्वनिरूपण जान्ने र कर्मयोगको निरूपण र चतुर्दशलोकवृत्तान्तको ज्ञान।

३) वराह र कपिलको चरित्रज्ञान सम्पादन सांख्यतत्व ज्ञान सम्पादन र विभूतियो निरूपण।

१.८.११ समस्या -

१) सम्पादनशब्दको प्रयोग बहुश भएको र तत्र तत्रस्थलमा अर्थाभिव्यन्जनमा सक्षम भएको।

१.८.१२ सुझाव -

१) प्रसंगानुसार शब्दप्रयोग गर्दा साधु शब्दको प्रयोग गर्ने।

१.८.१३ स्नातकोत्तरस्तरीय विषयगत उद्देश्यहरू -

१) पुराणहरूको वर्ण्य विषय र सामाजिक उपयोगिताको विषयमा गहन ज्ञान सामर्थ्य।

२) इतिहासपुराणविषयको अध्ययनका लागि आवश्यक सैद्धान्तिक पृष्ठभूमिको ज्ञानको सामर्थ्य।

३) पौराणिक प्रतीकहरूको सविवेचन यथार्थ अध्ययनद्वारा विभिन्न प्रसंग र विष सांकेतिकज्ञानमा सामर्थ्य।

४) पौराणिक प्रसंगहरूको सक्षम मर्मको परिज्ञान गर्दै तत्र तत्र मर्महरूको विवेचनमा सामर्थ्य।

५) पुराणशास्त्रमा अन्तर्निहित भक्त्यादिरसहरूको आस्वादन दक्षताको उत्पाद

६) अवतारवादको आख्यानोपाख्यानमा विस्तृतज्ञानको सामर्थ्य।

७) पुराणशास्त्रको विशिष्ट उत्तरदायित्ववहनमा सामर्थ्य।

८) पुराणसम्बन्धी सृजनात्मक र अनुसन्धान गतिविधिमा दक्षताको सम्पादनको सामर्थ्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.८.१४ समस्याहरू -

१) पुराणको स्वरूप र विशेषताबारे आधार-भूत जानकारी न दिइएको ।

२) पुराणको मुख्य प्रतिपाद्य विषयको अथवा मूल प्रयोजनको संकेत न भएको।

३) पुराणका स्नातकोत्तर स्तरको जनशक्तिका लागि कार्यक्षेत्रको परिकल्पना न गरिएको ।

४) उक्त जनशक्तिमा हुनुपर्ने गुण चरित्र र विचारको संकेत न गरिएको ।

५) " पुराणान्तर्निहितस्य मन्त्र्यादिरसास्वादनक्षमतासमार्जनम् " जस्तो अस्पष्ट उद्देश्य राखिएको ।

६) शोधपद्धति र पुराणहरूको पारस्परिक तुलनात्मक अध्ययनको कुनै उद्देश्य न राखिएको ।

७) पुराणमा रहेको दार्शनिक पक्ष र इतिहासमा रहेको ऐतिहासिक तथ्य केलाउने सम्बन्धमा कुनै उद्देश्य न राखिएको ।

१.८.१५ सुझावहरू-

१) इतिहासपुराण विषयको स्वरूप विशेषता र महत्त्वको संक्षिप्त उल्लेख गर्ने ।

२) पुराण र इतिहासको मूल प्रयोजनको स्पष्ट उल्लेख गर्ने ।

३) उत्पादित जनशक्तिलाई उपयुक्त क्षेत्र तोक्ने ।

४) स्पष्टार्थ झल्किने उद्देश्यगत भाषाको प्रयोग गर्ने ।

५) उत्पादित जनशक्तिले वहन गर्नुपर्ने गुण चरित्र र आचारको निर्देश गर्ने ।

६) शोधपद्धति र तुलनात्मक अध्ययन सम्बन्धी उद्देश्य थप्ने ।

७) विषयगत दार्शनिक पक्ष र ऐतिहासिक तथ्यको सूक्ष्म विश्लेषण सम्बन्धमा उद्देश्य राख्ने ।

१.८.१६ स्नातकोत्तरस्तरीय पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) सप्तद्वीपहरूको ज्ञानसम्पादन सामर्थ्य, शिवतत्त्वज्ञानसम्पादन, संसारको मिथ्यात्वज्ञान सम्पादन, विष्णुतत्त्वज्ञान सम्पादन र सृष्ट्यादिज्ञान सम्पादन ।

२) कृष्णचरित्रबोध सामर्थ्य, अवतारविषयकमनन क्षमतासम्पादन सामर्थ्य, पुराणगत भक्तितत्त्व विषयक चिन्तक क्षमता सम्पादन, श्रीकृष्णचरितको आध्यात्मिक दृष्टि-बाट बोध सामर्थ्य र श्री विष्णुतत्त्वज्ञान सामर्थ्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) आर्यसंस्कृतिको परंपराकोज्ञान, मदालसादि साध्वी नारीहरूको चरिताध्ययनद्वा नारीस्वरूपज्ञान सम्पादन, हिन्दूधर्म र प्राचीनराजशास्त्रको स्वरूपज्ञान, मन्वन्तर परिज्ञान, भुवनकोशज्ञान, शक्तितत्वज्ञान र विविधोपाख्यानज्ञान सम्पादन ।

४) ब्रम्हतत्वज्ञान, जगत्को मनोराज्यत्वसम्पादन, संसारको प्रवृत्तिविषयताज्ञान, जाग्रदादि अवस्थाचतुष्ट्यज्ञान, वासनास्वरूपज्ञान, श्रीकृष्णचरितज्ञान र हिमवत्खण्डको धार्मिक महत्वज्ञान सम्पादन ।

५) अहंकारतत्व, ब्रम्हतत्व र जीवतत्वको ज्ञान सम्पादन र जगत्को मिथ्यात्वज्ञान सम्पादन ।

६) श्रीकृष्ण चरितज्ञान र कलिधर्म निरूपण ।

७) काशीक्षेत्रको महत्वप्रतिपादन, काशीस्थ तीर्थहरूको रहस्योद्घाटन र भागवत धर्मको निरूपण ।

८) नकुलीश, पाशुपत, शैब र प्रत्यभिज्ञा दर्शनहरूको स्वरूपप्रतिपादन र प्राचीन भारत सांस्कृतिक र राजनीतिक ऐतिह्य परिचय ।

९) ब्रम्हेन्द्रादि सभापरिचय र राजधर्म निरूपण ।

१०) मोक्षसाधनज्ञान र आत्मतत्वज्ञान सम्पादनको सामर्थ्य उत्पादन ।

११) विभिन्न पुराणहरूमा रहेका विभिन्न विषयहरूको तुलनात्मक अध्ययनको ज्ञान सम्पादन, स्वशास्त्रीयेतिज्ञानसम्पादन र स्वशास्त्रीय निबन्ध प्रतिपादन सामर्थ्य उत्पादन ।

१२) सदाचारस्वरूपनिरूपण र पार्वती चरितज्ञान सम्पादन ।

१.८.१७ समस्या-

१) धेरै जसो समस्याहरू विषयगत उद्देश्यमा उल्लेख गरिएका छन् । विषयगत उद्देश न परेका कुरा पाठ्यांशगत उद्देश्यमा परेका छन् र उद्देश्य निरूपणमा भाषाप्रयो सम्बन्धी शैथिल्य यत्र तत्र रहेको छ ।

१.८.१८ सुझाव-

१) भाषाको प्रयोगमा रहेको शैथिल्य हटाई विषयगत उद्देश्य र पाठ्यांशगत उद्देश्यमा एक रूपता ल्याउने ।

--o--

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(स्नातक र स्नातकोत्तरस्तरमा मात्र पढाइने विषयहरू)

१.६ प्राचीनन्यायवैशेषिक -

१.६.१ स्नातकस्तरगत विषय शिक्षणका उद्देश्यहरू -

१) भौतिक पदार्थ र आध्यात्मिक पदार्थहरूको यथार्थ ज्ञानमा सक्षम जनशक्तिको उत्पादन ।

२) प्रमाणप्रमेयादि व्युत्पादन दक्ष जनशक्ति निर्माण ।

३) छात्रहरूको यथोचित पदपदार्थमा प्रयोग गर्ने क्षमतापूर्ण योग्यता सम्पादन ।

४) विद्यार्थीहरूमा विभिन्नवादिवादज्ञान दक्षतोपार्जन ।

५) गवादि पदार्थ विवेचना योग्यताको उत्पादन ।

६) सौगतमतज्ञान क्षमबुद्धिको व्युत्पादन ।

१.६.२ समस्याहरू -

१) प्राचीनन्यायवैशेषिक विषयको स्वरूप विशेषता र मूलप्रयोजनबारे केही न खोलिएको ।

२) उत्पादित जनशक्तिको उपयोगिता कार्यक्षमता र कार्यक्षेत्र बारे कुनै उल्लेख न गरिएको ।

३) राष्ट्रिय सामाजिक र सांस्कृतिक दृष्टिकोणबाट विषयगत र विषयिगत उपादेयता स्पष्ट न गरिएको ।

४) उक्त जनशक्तिमा हुनुपर्ने योग्यता आचार र विचारबारे केही संकेत न गरिएको ।

१.६.३ सुझावहरू -

१) विषयगतस्वरूप विशेषता र मूलप्रयोजनबारे स्पष्ट संकेत गर्ने ।

२) उत्पादित जनशक्तिको उपयोगिता कार्यक्षमता र कार्यक्षेत्रबारे उल्लेख गर्ने ।

३) राष्ट्रिय सांस्कृतिक र सामाजिक दृष्टिकोणबाट विषयगत र विषयिगत उपादेयता स्पष्ट गर्ने ।

४) उक्त जनशक्तिमा हुनुपर्ने योग्यता आचार र विचारको स्पष्ट संकेत गर्ने ।

१.६.४ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू -

१) वैशेषिक दर्शनद्वारा प्रतिपाद्य द्रव्यादिपदार्थज्ञानमा कुशल जनशक्तिको उत्पादन ।

२) प्रमाणादिपदार्थको यथार्थ ज्ञान गर्न समर्थ जनशक्तिको उत्पादन, दोषदर्शन सामर्थ्योत्पादन, बौद्धदर्शन संमत क्षण भंगवाद ज्ञान र क्षणभंगवाद खण्डन गर्न सक्ने जनशक्तिको उत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) (क) वाक्यार्थ बोध सम्बन्धी विविध विषयहरूको उपपादन, शब्दप्रमाणको व्यवस्थापन, पदार्थ व्युत्पादन व्यावहारिक वाक्यन्तरहरूबाट पनि वाक्यार्थ व्युत्पादन, मा सामर्थ्यको उत्पादन र उच्चस्तर ज्ञानको सोपानमा योग्यता उत्पादन ।

(ख) नवीनरीतिबाट प्रत्यक्षादिप्रमाण चतुष्टयको विवेचनमा सामर्थ्य र सौगत प्रामाण्य ज्ञानको सम्पादन ।

१.६.५ समस्या -

१) उक्त सम्पूर्ण उद्देश्यहरू कुन मूलप्रयोजनको लागि राखिएका छन् यो कुरा विषय उद्देश्यमा जस्तै क्रियात्मक उद्देश्यमा पनि स्पष्ट न भएको ।

१.६.६ सुझाव -

१) विषयगत मूल प्रयोजन स्पष्ट गर्ने ।

१.६.७ स्नातकोत्तरगत विषयशिक्षणको उद्देश्यहरू -

१) प्रत्यक्षादि प्रमाणद्रव्यादि पदार्थहरूको सम्यक् ज्ञान सम्पादन ।

२) जगत्का उपादानभूत परमाणुहरूको विशद सम्वेदनको क्षमतोत्पादन ।

३) अध्येतावर्गको अन्त:करणमा उच्चतरजीवनयापनका लागि आवश्यक चिन्तनसंस्कार उत्पादन ।

४) व्यापक दार्शनिक अनुसन्धानात्मक दृष्टिको समुपार्जन ।

५) कुतार्किकमतखण्डन गर्दै ईश्वरास्तित्वत्व साधन क्षमताको उपार्जन ।

६) वेदप्रामाण्यसंरक्षणक्षमपाण्डित्यको सम्पादन ।

७) श्रुतिरूपिणी धेनुको श्रृंगजस्तै प्राचीनन्याय वैशेषिक शास्त्रको विशेषज्ञका रूपमा विविधक्षेत्रमा कार्य गर्ने क्षमताको उत्पादन ।

८) इतरशास्त्राध्ययन सामर्थ्यको व्युत्पादन ।

९) धर्म संस्कृति र राष्ट्रको संरक्षणमा दक्ष जनशक्तिको उत्पादन ।

१०) विविध विषयहरूमा यथार्थनिर्णय प्रदान गर्ने सामर्थ्यको उत्पादन ।

१.६.८ समस्याहरू-

१) प्राचीनन्याय वैशेषिकको स्वरूप महत्त्व र विशेषताबारे उल्लेख न गरिएको ।

२) उत्पादित जनशक्तिलाई आवश्यक खास कार्यक्षेत्र न तोकिएको अनुसन्धान प्रवि... विषयगत ऐतिह्यज्ञान र स्वशास्त्रीय निबन्धबारे कुनै उद्देश्य न राखिएको ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.९.९ सुझावहरू--

१) विषयगत सङ्ख्या, विषयको स्वरूप र विशेषताको स्पष्ट उल्लेख गर्ने ।
२) उत्पादित जनशक्तिका लागि खास कार्यक्षेत्र तोक्ने ।
३) अनुसन्धान प्रविधि ऐतिह्यज्ञान र निबन्ध रचना सामर्थ्यबारे उद्देश्य राख्ने ।

१.९.१० पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) न्यायदर्शनको विशेषज्ञान र तुलनात्मक विवेचन, वैशेषिक दर्शन संमत पदार्थ र पदार्थ सिद्धान्तपरिज्ञान र निरूपणमा सामर्थ्यको उत्पादन र न्यायदर्शनको दर्शनान्तरहरूसंग तुलनात्मक अध्ययनमा सामर्थ्यको उत्पादन ।

२) ज्ञान स्वजातीयहरूबाट भिन्नतापूर्वक प्रमाणादिनिग्रहस्थान पदार्थ संवेदन साधन-ज्ञान दक्ष जनशक्तिको सर्जन ।

३) प्रमाणादिपदार्थ व्यवस्थापन समर्थ जनशक्तिको समुत्पादन ।

४) न्यायसूत्रीयतात्पर्यव्युत्पादनकुशल जनशक्तिको निर्माण ।

५) वैशेषिकसंमतपदार्थहरूको गम्भीर अध्ययन ।

६) पदार्थोद्देशद्रव्य परीक्षण ।

७) देहाद्यपवर्गपर्यन्त प्रमेय र जातिनिग्रहस्थानको निरूपण ।

८) सांगोपांग अनुमानको गम्भीर ज्ञानमा दक्षतोत्पादन ।

९) आत्मतत्त्व विवेक नैरात्म्यवाद निराकरण र आत्मतत्त्वज्ञानवाट हुने महत्त्वपूर्ण उपलब्धिको निरूपण ।

१०) प्रत्यक्षादिप्रमाणहरूको सांगोपांग अध्ययन समीक्षण र उनीहरूको परतः प्रामाण्यको प्रतिपादन र परमतखण्डन वेदहरूको पौरुषेयत्व प्रतिपादन गर्दै अर्थ वेदविद्यादि संरक्षणमा समर्थ विशिष्ट वैदुष्यको उद्भेदन ।

११) स्वशास्त्रीय इतिहास स्वशास्त्रीय निबन्ध र स्वशास्त्रीयविषयहरूको शास्त्रान्तरका विषयहरूसंग तुलनात्मक अध्ययनमा सामर्थ्यको उत्पादन ।

१२) ईश्वरविषयक-विविधवादि विप्रतिपत्ति खण्डन नैपुण्यनिर्माण, विविधसाधनहरूद्वारा ईश्वर साधनोपयोगि योग्यता सम्पादन र दृढमूल नास्तिक सिद्धान्तलाई समूलोन्मूलन-मा समर्थ तर्कचक्र संचालन शक्तिको सर्जन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.९.११ पारस्पाहरू -

१) विषयगत उद्देश्यमा न परेका स्वशास्त्रीय इतिहासादिविषयको उल्लेख भएको

२) उक्त सम्पूर्ण उद्देश्यहरूबाट अध्यात्मक्षेत्रमा विशेष दखल हुने भएता पनि लौकिक क्षेत्रमा उपर्युक्त उद्देश्यहरूलाई प्रयोग गर्ने खास क्षेत्रको कतै संकेत न भए १.

१.९.१२ सुझावहरू-

१) उद्देश्यहरूमा पारस्परिक समन्वय ल्याउने ।

२) खास कार्यक्षेत्र तोक्ने ।

----- ०० ------

१.१० पूर्वमीमांसा -

१.१०.१ स्नातकस्तरगत विषयशिक्षणका उद्देश्यहरू-

१) वेदार्थ निर्णय: ।

२) हिन्दूसंस्कृतिसम्पन्न नेपालाधिराज्यको धार्मिक सदाचार र धार्मिकव्यवहारमा दार्शनिक पृष्ठभूमिको ज्ञान ।

३) मीमांसाशास्त्र न पढेका छात्रमा मीमांसाशास्त्रीयज्ञान सम्पादन ।

४) स्नातकोत्तरस्तरमा प्रवेश लिन चाहने छात्रहरूमा प्रवेशयोग्यता सम्पादन ।

१.१०.२ समस्याहरू -

१) वेदको र मूलविषयको स्वरूप र विशेषताबारे कुनै उल्लेख न भएको ।

२) पूर्वमीमांसाको आधारमा मात्र सम्पूर्ण अधिराज्यको दार्शनिक पृष्ठभूमिको ज्ञा गर्न असंभव हुंदा असंगत उद्देश्य राखिएको ।

३) पूर्वमीमांसाको सामाजिक र राष्ट्रिय उपयोगिताबारे कुनै उल्लेख न भएको ।

४) उत्पादित जनशक्तिलाई खुवाउंदो कार्यक्षेत्रको संकेत न गरिएको ।

५) विषयगत मुख्य प्रयोजन न खोलिएको ।

६) उत्पादित जनशक्तिमा हुनुपर्ने चरित्र आचार र विचारको संकेत न गरिएको ।

१.१०.३ सुझावहरू-

१) वेदको स्वरूप र विशेषताको उल्लेख गर्ने ।

२) उचित र योग्य उद्देश्य राख्ने ।

३) उपयोगिता स्पष्ट गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) पेशागत विशिष्ट कार्यक्षेत्र तोक्ने ।

५) मुख्य प्रयोजन स्पष्ट गर्ने ।

६) चरित्र आचार र विचारबारे निर्देश गर्ने ।

१.१०.४ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) नेपालाधिराज्यमा प्रचलित वैदिक सनातन धर्महरूको र व्यावहारिक पदार्थको छात्रहरूमा ज्ञानोत्पादन ।

२) वैदिक विद्यार्थवादादि प्रमाणप्रयोगादि र व्रत विचार आदिहरूको परिज्ञान ।

३) वैदिकमन्त्रहरूमा नामधेय र निषेधादिको परिज्ञान ।

१.१०.५ समस्या -

१) विषयगत उद्देश्यमा दार्शनिक पृष्ठभूमिको ज्ञान भनिएको र क्रियात्मक उद्देश्यमा धर्महरूको र व्यावहारिक पदार्थको ज्ञान भनिंदा परस्पर सामंजस्य न देखिएको ।

१.१०.६ सुझाव ः-

१) उद्देश्यमा प्रयुक्त तथ्यहरूमा पारस्परिक समन्वय ल्याउने ।

१.१०.७ स्नातकोत्तरस्तरीय विषयशिक्षणका उद्देश्यहरू-

१) धर्मजिज्ञासा दोस्रो पर्याय हुने, पूजित विचार सम्पन्न र वेदवाक्यार्थनिर्णायक शास्त्रविशेषको नामपूर्वमीमांसा हो । त्यसको मुख्य प्रयोजन सांगोपांग धर्मनिरूपण नै हो । धर्मको प्रयोजन चाहिं स्वर्गादिफल सिद्धि अन्तःकरणशुद्धि र वेदवाक्यहरूको यथार्थ निर्णय हुन् । अतएव संशय निराकरणपूर्वक वेदवाक्यार्थको निर्णयमा सामर्थ्य-को उत्पादन पूर्वमीमांसा विषयशिक्षणको उद्देश्य हो ।

२) वेदार्थविचारप्रसंग स्वसिद्धान्तको दृढीकरण ।

३) शास्त्रीयशैलीद्वारा निर्णयविधिमा नैपुण्योत्पादन ।

४) व्यवहारविधिमा मीमांसाशास्त्रको प्रयोगक्षेत्रको ज्ञानोत्पादन ।

५) विचारशास्त्रानुसन्धानविधिमा सामर्थ्यको उत्पादन ।

६) वेदविहित दर्शपूर्णमास सोमयागादिको विशेष अध्ययनद्वारा प्रयोगानुष्ठानमा विशिष्ट ज्ञानोत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७) संस्कृताध्ययनसंस्थान अन्तर्गतका विद्यापीठहरूमा पूर्वमीमांसा पढाउन सक्ने जनशक्तिको उत्पादन ।

१.१०.८ समस्याहरू-

१) पूर्वमीमांसा विषय लिएर स्नातकोत्तर तह पार गर्ने छात्रहरूलाई व्यवसायमूलक कार्यक्षेत्रको उल्लेख न भएको ।

२) संवद्ध छात्रहरूमा हुनुपर्ने गुण आचार र विचारबारे प्रकाश न पारिएको ।

३) उक्त विषयको राष्ट्रिय उपयोगिताबारे निर्देश न गरिएको ।

४) अनुसन्धान प्रविधि स्वशास्त्रीय इतिहास निबन्ध रचना र तुलनात्मक अध्ययनबा कुनै विषयगत उद्देश्य न राखिएको ।

१.१०.९ सुझावहरू -

१) व्यवसायमूलक कार्यक्षेत्र तोक्ने ।

२) आचार विचार आदिको निर्देश गर्ने ।

३) राष्ट्रिय उपयोगिताको स्पष्ट उल्लेख गर्ने ।

४) शोध प्रविधि र स्वशास्त्रीय इतिहास आदि विषयगत उद्देश्यको उल्लेख गर्ने ।

१.१०.१० स्नातकोत्तरगत पाठ्यांशका क्रियात्मक उद्देश्यहरू -

१) अर्थवादादिप्रामाण्य र अप्रामाण्यको ज्ञान गर्दै धर्मविचार र धर्मानुष्ठानमा विशिष्ट ज्ञानको सम्पादन ।

२) शेषाशेषि प्रयोज्यप्रयोजकादि विचारमा सामर्थ्यको उत्पादन ।

३) कर्महरूमा क्रम र व्युत्क्रम आदि परिज्ञान गर्दै कर्मका अधिकारादिपरिज्ञान ।

४) अतिदेशादिज्ञान गर्दै सामान्यातिदेश र विशेषातिदेशको परिज्ञान ।

५) ऊहानूह र तन्त्र प्रसंगको परिज्ञान गर्दै प्रयोगविषयक यथार्थ ज्ञान र तदनुसार धर्मविचार र धर्मानुष्ठानमा सामर्थ्यको उत्पादन ।

६) मीमांसाशास्त्रको आकरग्रन्थ शावरभाष्यीक सरणिबाट धर्मविषयकप्रमाणहरू विचारमा नैपुण्योत्पादन ।

७) कर्महरूको प्रयोज्यप्रयोजक भाव विचार ।

८) प्रभाकरमतानुसार धर्मजिज्ञासा र धर्मलक्षणादि परिज्ञान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९) धर्मजिज्ञासादिशून्यवादान्त भाष्यको वार्तिकानुसारि विवेचना ।
१०) कर्मभेदविषयकवार्तिकार्थज्ञान ।
११)
१२)

१.१०.११ समस्याहरू-

१) एकादशपत्र र द्वादशपत्रको कुनै पाठ्यांशगत क्रियात्मक उद्देश्य न राखिएको ।
२) उत्कर्षीकालमा शोध स्वशास्त्रीय इतिहास निबन्ध रचना र तुलनात्मक अध्ययन सम्बन्धी कुनै उद्देश्य न राखिएको ।

१.१०.१२ सुझावहरू -

१) एकादशपत्र र द्वादशपत्रको क्रियात्मक उद्देश्यको उल्लेख गर्ने ।
२) शोध प्रविधि स्वशास्त्रीय इतिहास आदिको स्पष्ट उल्लेख गर्ने ।

-----०---

१.११ शांकरवेदान्त -

१.११.१ शांकरवेदान्तका स्नातकस्तरगत विषयशिक्षणका उद्देश्यहरू -

१) वेदान्तका प्रमाण प्रमेय र प्रयोजनहरूको सम्यक् ज्ञान ।
२) औपनिषदतत्त्वावगम दक्षतोत्पादन ।
३) कर्मभक्ति ज्ञान योग विवेचनामा सामर्थ्योत्पादन ।
४) उपनिषद्का अर्थहरूको ब्रम्हमीमांसाशास्त्रीय पद्धतिबाट सिद्धान्तको आविष्कार तर्कद्वारा सिद्धान्तहरूलाई व्यवस्थापित गर्ने कुरामा दक्षतोत्पादन ।
५) वेदान्तशास्त्रको गम्भीर अध्ययनको पृष्ठभूमिको सम्पादन ।
६) आत्मतत्त्वविवेकदक्षताको समुपार्जन ।
७) वेदान्तसिद्धान्तको ज्ञान र निष्कामकर्मको आदर्शको प्रेरणा पाएका विवेकशील, निःस्वार्थ कर्तव्यपर राष्ट्र समाज, धर्म, संस्कृति र परंपराका सेवक स्नातकहरूको उत्पादन ।

१.११.२ समस्याहरू-

१) विषयगतस्वरूप विशेषता र महत्ता स्पष्ट न भएको ।
२) विषयगत मूल प्रयोजन स्पष्ट न भएको ।
३) व्यवसायमूलक विशिष्ट कार्यक्षेत्र न तोकिएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.११.३ सुझावहरू-

१) विषयगत स्वरूप विशेषता र महत्त्वा स्पष्ट गर्ने ।

२) विषयगत मूल प्रयोजन स्पष्ट गर्ने ।

३) व्यवसायात्मक विशिष्ट कार्यक्षेत्र तोक्ने ।

१.११.४ स्नातकस्तरीय पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) वेदान्तनिर्दिष्टसिद्धान्तहरूद्वारा प्रत्यक्षादिप्रमाणहरूको विवेकोत्पादन गरी परम पुरुषार्थसिद्धि हुन्छ भन्ने विश्वास (प्रतीति) को उत्पादन र ब्रम्हको स्वरूपलक्षणज्ञानका साथ मोक्षरूप निःश्रेयस प्राप्तिसाधनहरूमा ज्ञान बाहेक अ केही छैन भन्ने ज्ञानको उत्पादन ।

२) (क) उपनिषत्प्रतिपादित सिद्धान्तज्ञानपूर्वक परमपुरुषार्थ प्रकाशनमा निपुणत उत्पादन ।

(ख) कर्मयोग भक्ति र ज्ञानको रहस्य प्रकाशनमा सामर्थ्यको सम्पादन ।

(ग) आत्मतत्त्वविवेकक्षमताको उत्पादन ।

३) वेदान्तवाक्यहरूको समन्वय र अध्यासप्रतिपादन परमतखण्डनपूर्वक अद्वैतसिद्धान्तको स्थापना, ब्रम्हज्ञानको साधन, र ब्रम्हज्ञानफलप्रतिपादनमा दक्षताको उत्पाद

१.११.५ समस्याहरू-

१) विषयगत समस्यानै पाठ्यांशगत समस्या हुन् ।

१.११.६

१) विषयगत उद्देश्यमा आवश्यक उद्देश्य थपिंदा पाठ्यांशगत उद्देश्यमा पनि समन्वय ल्याउने ।

१.११.७ शांकरवेदान्तविषयका स्नातकोत्तरस्तरका विषयगत उद्देश्यहरू-

१) वैदिकदर्शनको संरक्षण र प्रचारणमा समर्थ जनशक्तिको उत्पादन ।

२) वेदान्तदर्शनका विविध विषयहरूमा प्रतिपादक दार्शनिकहरूद्वारा लगाइएका आ पहरूलाई युक्तिहरूद्वारा निराकरण गर्दै प्रबल तार्किक युक्तिहरूद्वारा अद्वैतवेदा प्रतिपादनमा नैपुण्यको उत्पादन ।

३) औपनिषत्सिद्धान्तको गम्भीर ज्ञान सम्पादन ।

४) विविधलक्षणहरूको खण्डनयुक्तिको अवबोध ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) ब्रम्हमीमांसाशास्त्रका प्रकारविशेषहरूको सम्यक् प्रतिपादनमा दामताको विकाश ।

६) अद्वैतवेदान्तका आचार्यहरूको सिद्धान्तविशेषको परिज्ञान गर्दै स्वशास्त्रीय इतिहास निबन्ध रचना र विवेचनात्मक अनुसन्धान आदिको सांगोपांग सम्पादन ।

१.११.८ समस्याहरू-

१) विषयको स्वरूप विषयगत विशेषता र विषयको उपयोगिताबारे केही उल्लेख न भएको ।

२) विषयको मुख्य प्रयोजन स्पष्ट न भएको ।

३) उत्पादित जनशक्तिलाई व्यवसायात्मक दृष्टिकोणबाट कुनै खास कार्यक्षेत्रमा लगाउनु हो त्यसबारे कुनै कुरा न भनिएको ।

४) शोध प्रविधि सम्बन्धी कुनै उद्देश्य न राखिएको ।

५) उत्पादित जनशक्तिमा हुनुपर्ने गुण आचार र विचारबारे केही उल्लेख न भएको ।

१.११.९ सुझावहरू -

१) विषयगत स्वरूप विशेषता र उपयोगिता स्पष्ट गर्ने ।

२) विषयको मूल प्रयोजनको उल्लेख गर्ने ।

३) विशिष्ट व्यवसायमूलक कार्यक्षेत्र तोक्ने ।

४) शोध प्रविधि सम्बन्धी उद्देश्य थप्ने ।

५) उत्पादित जनशक्तिमा आवश्यक आधारभूत गुणगरिमा र आचार विचारको स्पष्ट उल्लेख गर्ने ।

१.११.१० स्नातकोत्तरतहका पाठ्यांशहरूको क्रियात्मक उद्देश्य :-

१) स्वप्रकाशत्वादि पदार्थहरूको प्रौढपाण्डित्यपूर्णरीतिबाट प्रतिपादनमा सामर्थ्यको उत्पादन ।

२) (क) प्रमाणादिविचारहरूको कथांगत्वखण्डनमा सामर्थ्यको उत्पादन, शून्यवादादिविचारमा नैपुण्यको उत्पादन स्वप्रकाश विज्ञानवादनिर्धारण र उक्त तत्वद्वयको भेदविवेचनमा सामर्थ्यको उत्पादन ।

(ख) अद्वैतप्रमाणविचार र भेदखण्डनमा प्रयोजनप्रतिपादनपूर्वक खण्डनयुक्तिमा समर्थ प्रबुद्ध जनशक्तिको उत्पादन ।

(ग) प्रमाणलक्षण खण्डनादिमा समर्थ जनशक्तिको उत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) [illegible] उपनिषदहरूको अर्थ र तिनीहरूको मुख्यार्थस्फोरक व्याख्याहरूका विषयहरूको बोध व्याख्यान र विवेचनमा सामर्थ्यको उत्पादन ।

४) श्रवणविधिहरूको निरूपणमा सामर्थ्य र ब्रम्हविचारकर्तव्यताबोधपूर्वक आत्मा, आत्मानात्म.अनात्मत्वादि अध्यासको विवेचनामा समर्थ जनशक्तिको उत्पादन ।

५) प्रपंचमिथ्यात्वको अनुमान, मिथ्यात्वनिरूपण मिथ्यात्वसाधकहेतु परिज्ञान, द्वैतमिथ्यात्वसाधन र अद्वैतासाधन गर्दै मोदाविचारमा समर्थ जनशक्तिको उत्पा[दन]

६) प्रपंचमिथ्यात्वानुमानमा सोपाधिकत्वदोष शंकाको निराकरण, अनुमानाभासमा विवेचन र आगमप्राबल्यादिनिरूपणमा सामर्थ्यको उत्पादन ।

७) प्रमाणलक्षण, प्रत्यक्षादिप्रमाण र हेत्वाभासहरूका लक्षणहरूको खण्डन गर्[दै] प्रपंचको अनिर्वचनीयता र ब्रम्हको अतितीयताको व्यवस्थापनमा सामर्थ्यको उत्[पादन]

८) विधिविचारादिमा सामर्थ्यको उत्पादन र ब्रम्हलक्षणादिमा शास्त्रीयज्ञानको उत्पादन ।

९) वाक्प्राणादिब्रम्होपासनाबोध पंचज्योतिरादिज्ञान, अमृतत्वसाधनाक्रम, प्राणत्वादिबोध, श्रीमन्नायुक्रमन्थ कर्मको मीमांसामा दक्ष जनशक्तिको उत्पादन ।

१०) मिथ्यात्वानुमानको अनुमानबाधोद्धार, प्रतिकर्मव्यवस्थाको उपपत्ति, उद्गीथ उपासना र विविध विधाहरूमा सामर्थ्यको उत्पादन ।

११) स्वशास्त्रीयेतिहास, पूर्वोक्त विचारका विभिन्न पक्षहरूमा तुलनात्मक अध्ययनमा र स्वशास्त्रीय निबन्धमा सामर्थ्यको उत्पादन ।

१२) ब्रम्हसूत्र शांकरभाष्य र तदीय भामतीको बोधमा सामर्थ्यको उत्पादन ।

१.११.११ समस्या -

१) विषयगत समस्या नै पाठ्यांशगत समस्या पनि हुन् ।

१.११.१२ सुझाव-

१) विषयगत उद्देश्यको पूर्णतामा पाठ्यांशगत उद्देश्य पनि पूर्ण गराउने ।

------ ० ------

१.१२ धर्मशास्त्र -

१.१२.१ धर्मशास्त्रविषयका स्नातकस्तरका विषयशिक्षणका उद्देश्यहरू-

१) वर्णाश्रमधर्मावलम्बीहरू र अरूहरूले पनि संरक्षणीय धर्म नित्यनैमित्तिक र काम्य कर्महरू व्यवहारनीति तथा, योग्य न्याय व्यवहारस्थापन र धर्मज्ञानसम्बन्धी [illegible] परिज्ञान भएको जनशक्तिको उत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) धर्माधर्मादि विविधविचार, वर्णाश्रम धर्म, राजधर्म, व्यवहारधर्म, र मोक्षधर्म ।

१.१२.२ समस्याहरू-

१) विषयको स्वरूप विशेषता र उपादेयता स्पष्ट न भएको ।

२) उत्पादित जनशक्तिका लागि उपयुक्त खास कार्यक्षेत्र न तोकिएको ।

३) उत्पादित जनशक्तिमा हुनुपर्ने गुणगरिमा र आचारविचारबारे संकेत न गरिएको।

४) उद्देश्यविधानमा भाषिक स्पष्टता न भएको ।

१.१२.३ सुझावहरू -

१) विषयगत स्वरूप विशेषता र उपयोगिताबारे स्पष्ट उल्लेख गर्ने ।

२) उपयुक्त व्यवसायमूलक कार्यक्षेत्र तोक्ने ।

३) जनशक्तिमा ल्याउन पर्ने गुणगरिमा र आचार विचारको निर्देश गर्ने ।

४) स्पष्ट भाषामा उद्देश्यविधान गर्ने ।

१.११.४ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) धर्माधर्मविचार निपुण जगदुत्पत्तिप्रक्रियापरिज्ञानमा दक्ष र संस्कारविधि आदि व्यवहारमा निर्णय दिन सक्षम जनशक्तिको उत्पादन ।

२) वर्णाश्रमधर्मज्ञान, राजधर्मज्ञान र विवाहादि संस्कारज्ञानको सम्पादनमा दक्ष जनशक्तिको उत्पादन ।

३) श्राद्धधर्म, वानप्रस्थधर्म, यतिधर्म, प्रायश्चित्त रहस्यप्रायश्चित, चान्द्रायणादिव्रतस्वरूप, गर्भाधानादिसंस्कार, आह्निक आचार, देवप्रतिष्ठा र दुर्भिक्षकालप्रकरणान्तर्गतका समग्र विषयहरूको ज्ञानमा सक्षम जनशक्तिको उत्पादन ।

१.१२.५ समस्या-

१) विषयशिक्षणमा परेका समस्याहरूनै पाठ्यांशगत उद्देश्यमा पनि परेका छन् ।

१.१२.६ सुझाव-

१) विषयगत उद्देश्य पूर्ण गराई तदनुसार पाठ्यांशगत उद्देश्य पनि बनाउने ।

१.१२.७ धर्मशास्त्रविषयको स्नातकोत्तरस्तरका विषयशिक्षणको उद्देश्यहरू-

१) धर्मशास्त्रको अध्ययनद्वारा समस्त अध्येताहरूलाई कर्तव्याकर्तव्यको ज्ञान हुन्छ । यस शास्त्रको अध्ययनद्वारा नै धार्मिक सत्यशील र कर्तव्यपरायण मानवहरूको उत्पत्ति हुन्छ । अध्येता, भावज्जीवन मानवहरूद्वारा विधेय आर्थिक धार्मिक सामाजिक राजनीतिक र व्यावहारिक कार्यहरू राम्ररी जानेर त्यसक्षेत्रमा अतिविशेष उपयोगी सिद्ध हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.१२.८ समस्याहरू-

१) धर्मशास्त्रविषयका निर्दिष्ट लक्ष्यलाई हासिल गर्न विषयगत स्पष्टता न भ
२) धर्मशास्त्र विषयभित्र पर्ने विषयविषयहरूको संक्षिप्त शीर्षकीय संकेत न भ
३) उत्पादित जनशक्तिलाई गुणानुसारी व्यवसायमूलक खास कार्यक्षेत्र न तोकिए
४) शोधप्रविधि विषयगत ऐतिह्य निबन्ध रचना, र विशिष्टाध्ययन र तुलना अध्ययनबारे कुनै संकेत न भएको ।

१.१२.९ सुझावहरू-

१) विषयगत स्पष्टता ल्याउने ।
२) विषयशिक्षणका लागि आवश्यक विषयगत वस्तुहरूबारे स्पष्ट उल्लेख गर्ने ।
३) जनशक्तिलाई उपयुक्त खास कार्यक्षेत्र तोक्ने ।
४) शोध प्रविधि स्वशास्त्रीय इतिहास र तुलनात्मक अध्ययन आदि अतिविशिष्ट उद्देश्यबारे उल्लेख गर्ने ।

१.१२.१० पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) साधारणव्यवहारविधि, असाधारणव्यवहारविधि र ऋणदानादि अष्टादश व्यावहारिक विधिहरूको ज्ञान ।
२) दाय विभाग विभागकालनिरूपण स्त्रीधननिरूपण, उत्तराधिकारिनिरूपण, संसृष्टिनिरूपण संस्कार गोत्रप्रवरादि र असगोत्रासपिण्डस्थ कन्याविवाहविधि अ ज्ञान सम्पादन ।
३) वर्णाश्रमधर्मसम्पादन, कर्तव्याकर्तव्यज्ञानसम्पादन, र धर्मलक्षणादि ज्ञान सम्पा समर्थ जनशक्तिको उत्पादन ।
४) सूतकाशौचमरणाशौचादिज्ञान, आशौचशुद्धिज्ञान, आशौचमा ग्राह्याग्राह्यज्ञान श्राद्धविज्ञानले सम्पन्न जनशक्तिको उत्पादन ।
५) व्यावहारिक धर्मविचार र मुहूर्तविचार सम्बन्धी ज्ञानले सम्पन्न जनशक्तिको उत्पादन ।
६) धर्मस्वरूपनिरूपण युगधर्मनिरूपण, गर्भस्थ धर्मनिरूपण, आशौचनिरूपण, प्राय र नित्यनैमित्तिकादि श्राद्धस्वरूप ज्ञानमा सक्षम जनशक्तिको उत्पादन ।
७) दायभागविचार र धर्मप्रमाणनिरूपणमा सक्षम जनशक्तिको उत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८) कालनिर्णय तिथिनिर्णय र नक्षत्रादिनिर्णयज्ञान सम्पादनमा समर्थ जनशक्तिको उत्पादन ।

९) कालकृत्य मासकृत्य, कालभेदलक्षण, र विविध दैव र पित्र्य कार्य सम्पादनमा समर्थ जनशक्तिको उत्पादन ।

१०) धर्मलक्षण सम्पादन मत्वर्थीय लक्षणाको निरूपण नामधेयनिरूपण, विध्यादि निरूपण पर्युदासनिरूपण र भावनानिरूपणमा सामर्थ्यको उत्पादन ।

११) स्वशास्त्रीयैतिहासज्ञान, स्वशास्त्रीयरचनाज्ञान र तुलनात्मक अध्ययनात्मकज्ञानको सम्पादन ।

१२) कालभेदलक्षण मासकृत्य, ग्रहणमा कर्तव्याकर्तव्य, मलमाससम्बन्धी कर्तव्याकर्तव्य विवाहभेद, कालको कर्माङ्गत्व, ब्राह्मणलक्षण परिवेदनविधि र ऋणापाकरण-विचारको निरूपणमा सामर्थ्यको उत्पादन ।

१.१२.११ समस्या-

१) पाठ्यांशगत उद्देश्यमा धेरै जसो पत्रमा समान उद्देश्यको पिष्टपेषण भएको ।

१.१२.१२ सुझाव-

१) सूक्ष्म अन्तर भएसम्म प्रस्तुतिकरणमा नावीन्यको उपस्थापना गर्ने ।

-----o-----

१.१३ सर्वदर्शन -

१.१३.१ स्नातकस्तरगत विषयशिक्षणका उद्देश्यहरू-

१) प्राच्यदर्शनहरूको गम्भीर अध्ययनद्वारा देश र नरेशमा भक्तिपूर्ण जनशक्तिको उत्पादन ।

२) परतर्कनिवारणमा सक्षम जनशक्तिको उत्पादन ।

३) देहात्मवादविरोधका प्रमाण उपस्थापित गर्न सक्षम जनशक्तिको उत्पादन ।

४) नास्तिक र आस्तिक दर्शनहरूको स्वरूपविवेचनमा सामर्थ्यको उत्पादन ।

५) स्नातकोत्तरस्तरमा सर्वदर्शनविषयलाई अध्ययन गर्न समर्थ जनशक्तिको उत्पादन ।

६) प्रज्ञाप्रतिष्ठान र राष्ट्रिय अभिलेखालय आदि क्षेत्रमा दर्शनविषयमा कार्य गर्न समर्थ जनशक्तिको उत्पादन ।

७) प्राच्यदर्शनका भेदहरूको परिज्ञान गर्दै उनीहरूको मूलभूत ज्ञान उपस्थापित गर्न र प्राच्यदर्शनको उत्कृष्टता प्रतिपादन गर्नमा सामर्थ्यको उत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८) दार्शनिकप्रश्नहरूको समाधान गर्दै जनमानसमा शान्तिभावनाको उत्पादनमा स[मर्थ]
जनशक्तिको उत्पादन ।

९) आत्मसंयमादिनैतिकगुणसम्पादनमा समर्थजनशक्तिको उत्पादन ।

१०) विभिन्न संस्थाहरूमा (ज्ञापत्रांकित अधिकृतस्तरमा कार्यगर्नमा समर्थ जनशक्तिको
उत्पादन ।

१.१३.२ समस्याहरू-

१) सर्वदर्शन विषयको स्वरूप र मूल प्रयोजन स्पष्ट न भएको ।

२) राष्ट्रिय उपयोगिता स्पष्ट न भएको ।

३) विभिन्न संस्थाहरूमा अधिकृतस्तरमा कार्य गर्न सर्वदर्शनेतर संस्कृतविषय र संस्[कृतेतर]
आधुनिक विषयका जनशक्ति पनि सक्षम हुने हुंदा सर्वदर्शनको विषयको सा[...]
कार्यक्षेत्र के हो यो कुरा स्पष्ट न भएको ।

४) उत्पादित जनशक्तिमा हुनुपर्ने गुणगरिमा र आचार विचारको उल्लेख न भए[को]

१.१३.३ सुझावहरू-

१) विषयको स्वरूप र मूलप्रयोजन स्पष्ट गर्ने ।

२) विषयको राष्ट्रिय उपयोगिता स्पष्ट गर्ने ।

३) विषयका स्नातकलाई युगानुकूल व्यवसायमूलक खास कार्यक्षेत्र तोक्ने ।

४) जनशक्तिमा हुनुपर्ने गुणगरिमा र आचार विचारको संकेत गर्ने ।

१.१३.४ पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) तर्कद्वारा विषयज्ञानमा सामर्थ्योत्पादन, प्राच्यदर्शन भेदरहस्यज्ञानोत्पादन, [...]
सफलप्रदर्शन, ईश्वरमा प्रमाणप्रदर्शन, द्रव्यादिपदार्थहरूको साधर्म्य वैधर्म्यज्ञान[...]
पृथिव्यादि द्रव्यनिरूपण, पाकजनिरूपण संयोग विभागनिरूपण, धर्मादि[...]
प्रमाणज्ञानोत्पादन, चोदना प्रामाण्यनिरूपण शब्दनित्यत्वसाधन, वेदापौरु[षेयत्व]
साधन, मीमांसा वैशेषिक आदि दर्शनहरूको सामाजिक र वैयक्तिक उपयोगि[ता]
प्रतिपादन र आत्मसंयमादि नैतिकगुणसम्पादनमा सामर्थ्यको उत्पादन ।

२) वेदान्तानुसार प्रत्यक्षादिप्रमाणहरूका स्वरूप र भेदहरूको उपस्थापन र प्रप[ञ्च]
मिथ्यात्वसाधन, सांख्यानुसार प्रकृतिपुरुषादिविचार र मोक्षस्वरूपको उपस[्थापन]
चार्वाकजैन बौद्धदर्शनानुसार तत्वविवेचन रामानुजपाशुपत शैव र प्रत्यभिज्ञा दर्श[न]
चिदचिदीशतत्वनिरूपण र पदपदार्थ भावबादादि प्रतिपादन, वेदान्तादि[...]
सामाजिक र वैयक्तिक उपयोगिताको प्रतिपादन र आत्मसंयमादि नैतिक गुण[...]
सम्पादनमा सामर्थ्यको उत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) बौद्धदर्शनानुसार प्रत्यक्षप्रमाणविचार, योगाचारानुसार ब्रम्हवाह्यवस्तुहरूको ज्ञानमात्रत्वसाधन, वेदान्तानुसार ब्रम्हस्वरूप निर्धारण विवेचन र बोधनमा दक्षताको उत्पादन ।

१.१३.५ समस्या-

१) क्रियात्मक उद्देश्य सूत्रात्मक न भएर व्याख्यात्मक भएको ।

१.१३.६ सुझाव-

१) क्रियात्मक उद्देश्यमा सूत्रात्मकता ल्याउने ।

१.१३.७ सर्वदर्शन विषयको स्नातकोत्तर स्तरीय विषयप्रशिक्षणको उद्देश्यहरू-

१) सर्वदर्शनविषयमा अध्यापन गर्न समर्थ जनशक्तिको उत्पादन ।

२) गवेषणाकार्यमा समर्थ जनशक्तिको उत्पादन ।

३) सर्वदर्शनविषयको उन्नतज्ञानमा समर्थताको उत्पादन ।

४) सर्वदर्शनविषयको गम्भीरविवेचनामा सामर्थ्योत्पादन ।

५) राजकीयप्रज्ञाप्रतिष्ठानादिमा दर्शनविषयको प्रतिनिधित्व गर्न समर्थ जनशक्तिको उत्पादन ।

६) दार्शनिकप्रवचनादिद्वारा जनमानसमा शान्तिभावनोत्पादनमा सामर्थ्यको उत्पादन।

७) सर्वदर्शनविषयमा " विद्यावारिधि " उपाधिका लागि शोधप्रवन्ध लेख्न समर्थ जनशक्तिको उत्पादन ।

८) संस्कृताध्ययनसंस्थानमा अनुसन्धानस्तरीय कक्षामा अध्ययनगत सामर्थ्योत्पादन ।

९) सर्वदर्शनविषयको वैयक्तिक र सामाजिक उपयोगिता प्रकट गर्न सक्ने सामर्थ्यको उत्पादन ।

१०) विभिन्न दर्शनग्रन्थहरूको सम्पादनमा सामर्थ्यको उत्पादन ।

११) आत्मसंयमादि नैतिकगुणसम्पादनमा सच्चरित्र जनशक्तिको उत्पादन ।

१.१३.८ समस्याहरू-

१) विषयको यथार्थस्वरूप र मूलप्रयोजनमा स्पष्टता न भएको ।

२) राष्ट्रिय उपयोगिता स्पष्ट न भएको ।

३) युगानुकूल व्यवसायमूलक कार्यक्षेत्र न तोकिएको ।

४) जनशक्तिमा हुनुपर्ने गुण र विद्याको सीमांकन न गरिएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.१३.९ सुझावहरू -

१) विषयको यथार्थस्वरूप र मूलप्रयोजन स्पष्ट गर्ने ।

२) राष्ट्रिय उपयोगिता स्पष्ट गर्ने ।

३) व्यवसायमूलक खास कार्यक्षेत्र तोक्ने ।

४) आवश्यक गुणगरिमा र विचारधाराको सीमांकन गर्ने ।

१.१३.१० पाठ्यांशगत क्रियात्मक उद्देश्यहरू-

१) न्यायदर्शनानुसार पदार्थ र प्रमाणहरूको ज्ञान, प्रमाणलक्षण परीक्षा, वेदप्रामाण्यस्थापन, अतिरिक्तप्रमाण निराकरण शब्दप्रमाणविवेचन, आत्म देहेन्द्रियादि अतिरिक्तत्व व्यवस्थापन, बुद्धिविवेक, मन र प्रवृत्त्यादिको प जातिनिग्रहस्थाननिरूपण, न्यायदर्शनको उपयोगिताको प्रतिपादन र आत्म नैतिकगुणसाधना सामर्थ्यको उत्पादन ।

२) योगस्वरूपज्ञानोत्पादन, क्रियायोगको भौतिक फलोत्पादन सामर्थ्यज्ञानको समाधिज्ञान, क्रियायोगनिरूपण, क्रियायोगमा ध्यानधारणादिविषयको योगदर्शनको उपयोगिता ज्ञान र आत्मसंयमादि नैतिकगुणसम्पादन सामर्थ्यको दन ।

३) तीर्थंकर महावीर वर्धमानको विशेषताको ज्ञान । जैनदर्शनको स्वरूपज्ञान र सार अन्यदर्शन सिद्धान्तहरूको खण्डन समस्तपदार्थहरूको नित्यत्व र अनित्यत्व व्यवस्थापनद्वारा अनेकान्तवादको समर्थन र जीवनतत्ववादको ज्ञानमा सामर्थ्य जैनदर्शनको उपयोगिता ज्ञान र आत्मसंयमादि नैतिकगुणसम्पादनमासाहाय्य

१) स्नातकस्तरका दुइखण्ड छन् २) प्रत्येक खण्डमा ५ पत्र छन् ३) प्रत्येक पत्र १० पूर्णांकको छ (४) अनिवार्य नेपाली र अंग्रेजीको पाठ्यक्रम पाठ्यक्रम विका केन्द्रले निर्मित लागू हुन्छ। ५) ऐच्छिक विषयको पाठ्य मानविकीले तैयार पारेको लागू हुन्छ। ६) वैकल्पिक सं रचना र मूलविषय साझा (मूल ख) को मात्र पाठ्यक्र अध्ययन संस्थानबाट तैयार हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिखण्ड विषयगत अंक विभाजन

प्रथमखण्ड		द्वितीयखण्ड	
अनिवार्य नेपाली	१००	अनिवार्य अंग्रेजी द्वितीय पत्र अथवा वै. संस्कृत रचना	१००
अनिवार्य अंग्रेजी अथवा वै. संस्कृत रचना	१००	मूलविषय द्वितीयपत्र	१००
मूलविषय प्रथमपत्र	१००	मूलविषय तृतीयपत्र	१००
ऐच्छिक विषयप्रथमपत्र	१००	साझा(मूल ख)	१००
,, ,, द्वितीयपत्र	१००	ऐच्छिकविषयतृतीयपत्र	१००
	५००		५००

२.२.३ संस्कृत अध्ययन संस्थानका पाठ्यक्रमको स्तर र सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसीका पाठ्यक्रमको स्तरमा खास फरक न परोस् भन्ने धारणा पहिले-देखिनै रहि आएको र सो रहनु उचितै भएको हुंदा यी दुई संस्थाका पाठ्यक्रमहरूमा निर्धारित पाठ्यविषयहरूको संक्षिप्त रूपमा तुलनात्मक अध्ययन प्रस्तुत गरिन्छ:-

१) वाराणसीको पाठ्यक्रम अनुसार-
शास्त्री (स्नातक) परीक्षा पनि दुइवर्षमा पूर्ण हुन्छ र त्यस परीक्षामा चार विषयमा हाम्रो जस्तो नै अनिवार्य विषय, क वर्ग(मूल) विषय ख वर्ग (ऐच्छिक) विषय र ऐच्छिक हाम्रो साझा विषय जस्तो त्यहां ऐच्छिक अतिरिक्त विषय परेको छ । तालिका निम्नानुसार छ -

शास्त्री प्रथम खण्ड

अनिवार्य विषय	क वर्गीय विषय	ख वर्गीय विषय	ऐच्छिकअतिरिक्त
अनिवार्य संस्कृत १ पत्र (गद्यपद्यनाटक)	क वर्गीय चतुर्थपत्र	ख वर्गीय सप्तमपत्र	एकप्रश्नपत्र अंग्रेजी
	,, पञ्चमपत्र	ख वर्गीय अष्टमपत्र	
अनिवार्य गद्यपद्यानुवादनिबन्ध द्वितीय पत्र	,, षष्ठपत्र		
अनिवार्य हिन्दी गद्यानुवाद निबन्ध तृतीयपत्र			
जम्मा प्रश्नपत्र ३	३	२	१ = ९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीयखण्डको पनि स्थिति प्राय: प्रथमखण्ड सदृश नै छ :-

शास्त्री द्वितीयखण्ड

अनिवार्य विषय	कवर्गीय विषय	ख वर्गीय विषय	ऐच्छिक अति
अनिवार्य संस्कृत	क वर्गीय विषय चतुर्थ प्र. प.	ख वर्गीय सप्तमपत्र	एकपत्र अंग्रेजी
प्रथम प्रश्न पत्र (दर्शन)	,, पञ्चमप्रश्नपत्र	,, अष्टम पत्र	
अनिवार्य द्वितीयपत्र	,, षष्ठप्रश्नपत्र		
(पद्यकाव्यानुवादनिबन्ध)			
अनिवार्य हिन्दीतृतीय			
प्रश्नपत्र			
जम्मा प्रश्नपत्र ३	३	२	१ = ९

२) यसरी त्यहां क वर्गीय विषय अर्थात् मूल विषयका दुवै खण्डमा मिला ९ प्रश्नपत्र छन् भने यदि अनिवार्यका २ + २ पत्र पनि संस्कृतका नै हुनाले पनि जोडेमा १० प्रश्नपत्र संस्कृतका हुन्छन् र ऐच्छिक जम्मा २+ २ = ४ हुन्छन् । हाम्रा यहां ऐच्छिक र मूललाई समान स्थितिमा राखिएको छ । मूल विषय अथवा संस्कृतमा दुइ पत्र बढाउनु पर्ने आवश्यक देखिन्छ ।

३) किन्तु त्यहांको मूलविषय (कवर्गीय विषय) निम्नलिखित छन् -

१) ऋग्वेद २) शुक्ल यजुर्वेद(माध्यन्दिनशाखीय ३) कृष्णयजुर्वेद(तैत्तिरीय ४) सामवेद ५) अथर्ववेद(शौनक शाखीय) ६) वेदनिरुक्त प्रक्रिया ७) पौ ८) प्राचीनव्याकरण ९) नव्यव्याकरण १०) साहित्य ११) प्राचीनन्याय १२) नव्यान्याय १३) पूर्वमीमांसा १४) वेदान्त १५) दर्शन १६) जैनदर्शन १ दर्शन १८) थेरवाद(स्थविरवाद) १९) आगम २०) योगतन्त्र २१) धर्मशा २२) पुराणेतिहास २३) गणित २४) सिद्धान्तज्यौतिष २५) फलितज्यो २६) जैनागम २७) प्राचीन राजशास्त्रार्थशास्त्र २८) भारतीय विद्या र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) यहाँ ग वर्ग विषय(ऐच्छिक विषय) निम्नलिखित छन् -

१) राजशास्त्र २) अर्थशास्त्र ३) इतिहास ४) प्राचीन भारतीयेतिहास र संस्कृति
५) भूगोल ६) हिन्दी भाषा ७) नेपाली भाषा ८) पाली ९) प्राकृत
१०) राजशास्त्रदर्शन ११) विज्ञान(रसायनविज्ञान, जीवविज्ञान, भौतिक विज्ञान
१२) तुलनात्मक दर्शन १३) समाजशास्त्र १४) भाषाविज्ञान १५) गृहविज्ञान(केवल बालिकाहरूको निमित्त) ।

२.२.४ शास्त्री(स्नातक) तहमा मूल (ख) -

१) (अनिवार्य) क्षेत्रको लागि अंकभार धेरै कम छ । यसले गर्दा भाषाज्ञान र अभिव्यक्ति पक्षमा छात्र धेरै कमजोर देखिन्छन्, त्यसै गरी मूल क्षेत्रमा पनि अंकभार धेरै न्यून छ र यसले गर्दा एकै पत्रमा धेरै विषय राख्नु परेको छ ।

२) यसकारण यस शास्त्री(स्नातक) तहमा २०० अंक थप गर्नु आवश्यक । यसरी थप गरिएको २०० अंकमध्ये मूल (ख) लाई १००र मूल क्षेत्र(शास्त्रीयविषय)लाई १०० अंक थप प्रदान गर्नु पर्दछ ।

३) यसो गर्दा (अनिवार्य) मूल(ख) लाई २०० अंक प्राप्त हुनेछ । यस अन्तर्गत दर्शन शास्त्र ५०, संस्कृत रचना र व्युत्पत्ति २५ र संस्कृत साहित्यको इतिहास २५ समाविष्ट हुनु पर्दछ ।
आचारशास्त्र ५० , संस्कृत गद्यपद्य साहित्य - ५० र

४) उक्त दर्शनशास्त्र विषय अन्तर्गत, तर्कामृत , सांख्य कारिका र योगसूत्र पढाइनु आवश्यक देखिन्छ । र आचारशास्त्र विषय अन्तर्गत वैदिक र तान्त्रिक आचार-शास्त्रका विषयहरूको अध्ययन हुनु उचित हुनेछ ।

५) मूलविषयको लागि उक्त रूपले १०० अंक २५ दिंदा यसलाई ४०० अंक प्राप्त हुने हुनाले हाल मै रहेकै पाठ्यविषयहरूलाई ४ पत्रमा बाँडी दुईखण्डमा २ - २ पत्रहरू रहने गरी बाड्न आवश्यक छ ।

२.२.५ संस्कृत अध्ययन संस्थानमा जम्मा ११ मात्र मूलविषयहरूको र ऐच्छिक रूपमा केवल ४ विषयहरूको अध्ययन चलेको पाइन्छ । त्यसो हुंदा हाम्रा यहाँ कतिपय विषयहरूको न्यूनता छ।

१) त्यसकारण मूलविषयमा (१) पौरोहित्य(कर्मकाण्ड) (२) प्राचीनव्याकरण
(३) बौद्धदर्शन (४) प्राचीन राजशास्त्रार्थशास्त्र
विषयहरूको समावेशको साथै एउटा नवीन विषय(६) नीतिशास्त्रको पनि मूलविषयको रूपमा समावेश गर्नु उचित हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) ऐच्छिक विषयमा पनि (१) विज्ञान २) समाजशास्त्र ३) प्राचीन इति संस्कृति आदि मानविकीका विषयहरूको साथै ४) व्यवस्थापनशास्त्र ५) शिक्षाशास्त्र पनि ऐच्छिक विषयको रूपमा समावेश गर्नु उचित देखिन्छ। हुँदा हाम्रा संस्कृत अध्ययनसंस्थानका छात्रहरूले व्यावसायिक क्षेत्र विस्तृत हुने छात्र रूचि बढ्ने छ ।

२.२.६ विषयः-अनिवार्य वैकल्पिक संस्कृत रचना

१) पाठ्यांश नाम - काव्यलक्षणनाटकमहाकाव्याध्ययनम्
पत्र नाम - प्रथम
पाठ्यांशोद्देश्य- (१) दृश्यकाव्यलक्षण ज्ञान
(२) संस्कृतमा महाकाव्यको परम्पराको वैशिष्ट्यको वि
(३) साहित्यको लक्ष्य लक्षण ज्ञानले समीक्षणशक्ति स

२) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - काव्यलक्षणाध्ययनम्, २५, दृश्यकाव्यरूपकोपरूपकादि भेद ज्ञान

(ख) प्रकरण- नाटकाध्ययनम्, २५, नाटकलक्षणादि वेणीसंहारनाट

(ग) प्रकरण - महाकाव्याध्ययनम् - शिशुपालवध पञ्चमसर्ग, अंकले ...म् जस्तो देखिन्छ ।

३) पाठ्यग्रन्था: (१) साहित्यदर्पण: षष्ठ:परिच्छेद ।
(२) वेणीसंहार नाटकम् (सम्पूर्णम्) ।
(३) शिशुपालवधम् (पञ्चमसर्ग) ।

सहायक ग्रन्था:(१) दशरूपकम् - धनञ्जय
(२) प्रबन्धरत्नाकर: - डा० रमेशचन्द्रशुक्ल:

४) समस्या र समाधान- महाकाव्याध्ययनमा ग्रन्थ शिशुपालवधको केवल पञ्चम श्लोकको छ । त्यसो हुँदा त्यसमा अरू पनि ग्रन्थ थप्न पर्ने नाटकाध्ययनमा वेणीसंहार नाटकको सम्पूर्णाध्ययनमा केवल २५ अंक मात्रै हुँदा त्यसमा अं पर्ने हुँदा नाटकाध्ययनमा ३५ र महाकाव्याध्ययनमा ४० अंक राख्नु उचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) पाठ्यांशनाम - संस्कृत वाङ्मय परिशीलनम्
पत्र नाम - द्वितीयम्
पाठ्यांशोद्देश्य- (१) संहिता ब्राम्हण आरण्यक उपनिषदादि वेदांशको परिचय प्राप्ति
(२) सांख्य न्याय वैशेषिक पूर्वमीमांसोत्तमीमांसादर्शनमा कुनै एकको अध्ययन
(३) संस्कृत साहित्येतिहासको अध्ययन

६) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - वैदिक वाङ्मयेतिहास:, ३०, वैदिक संस्कृत वाङ्मय संहितादि ग्रन्थको परिचय
(ख) प्रकरण- लौकिक संस्कृत साहित्येतिहास:, ४०, लौकिक संस्कृत वाङ्मय-को परिचय
(ग) प्रकरण - दर्शनशास्त्रम्, अंक ३० को सम्भावना छ, सांख्यकारिका वेदान्तसार, अर्थसंग्रह तर्कामृतमा कुनै एकको अध्ययन

७) पाठ्यग्रन्था: (१) (क) प्रकरणको निमित्त - वैदिक साहित्य और संस्कृति- बलदेवोपाध्याय
(२) (ख) प्रकरणको निमित्त -संस्कृत साहित्यका इतिहास- बलदेवोपाध्याय
(ख) प्रकरणको निमित्त-संस्कृतसाहित्यका इतिहास- वाचस्पति गैरोला
(३) (ख)प्रकरणको निमित्त-संस्कृतसाहित्येतिहास-रामचन्द्रमिश्र
(४) (ग) प्रकरणको निमित्त- सांख्यकारिका, तर्कामृत वेदान्तसार अर्थसंग्रहमध्ये कुनै एक ग्रन्थ सम्पूर्ण ।

८) समस्या र समाधान - पाठ्यांशको उद्देश्यमा दर्शनशास्त्रोद्देश्य द्वितीयोद्देश्यमा परेको छ भने प्रकरणमा त्यो तृतीय प्रकरणमा परेको छ । उद्देश्यमा पनि त्यसलाई तृतीय बनाउनु उचित हुनेछ । दर्शनशास्त्राध्ययनमा अंक केही न्यून छ । लौकिक संस्कृतसाहित्येतिहास ३० अंक गरेर दर्शनलाई ४० अंक गराउनु उचित देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.२.७ शुक्लयजुर्वेद:

१) विषयोद्देश्य - विषय शिक्षणोद्देश्य हैन ।

२) पाठ्यांशनाम - दर्शपौर्णमासादि श्रौतयागास्तेषांप्रयोगाश्च

पत्रनाम - प्रथम

पाठ्यांशोद्देश्य - (१) पूर्वाधीतमन्त्रहरूको अर्थज्ञानपूर्वकप्रयोगज्ञान

(२) श्रौतयागको विषयवस्तु परिचय, इष्टिस्वरूपनि...

३) प्रकरण, अंक र पाठ्यविषय -

(क) प्रकरण - इष्ट्यादि श्रौतयज्ञा:, ३० महीधरभाष्य १ - ३ अ...

(ख) प्रकरण - शालाप्रवेशादिकर्म, २०, महीधरभाष्य ४-५ अध्याय

(ग) प्रकरण - परिभाषा श्रौतेष्टि:, ३५, कात्यायन श्रौतसूत्र...

(घ) प्रकरण - दर्शपूर्णमासौ १५, दर्शपूर्णमासपद्धति

४) पाठ्यग्रन्था: (१) शुक्लयजु: संहितामा १-५ अध्याया महीधरभाष्यसहि...

(२) कात्यायन श्रौतसूत्र १-३ अध्याय

(३) दर्शपूर्णमासपद्धति,

सहायकग्रन्था: (१) काण्वभाष्यम्

(२) आपस्तम्बाश्वलायनश्रौतसूत्र

५) समस्या र समाधान - कात्यायनश्रौतसूत्रभाष्य विना अध्ययन कठिन ... भाष्यसहित भन्ने निर्देश गर्नु उचित हुनेछ । दर्शपूर्णमास प्रकरणमा अं... जस्तो ७, श्रौतष्टिबाट ५ अंक त्यसमा राख्न उचित हुनेछ ।

६) पाठ्यांशनाम- वैदिकपद प्रयोगस्तेषांसिद्धि गृह्यकार्याणि च

पत्रनाम - द्वितीय

पाठ्यांशोद्देश्य - (१) आर्ष प्रयोगको पाणिनीयसूत्रानुसार साधुत्व...

(२) स्मार्तकर्म र संस्कारको प्रयोग ज्ञान

७) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - वैदिकी प्रक्रिया , ३०, मन्त्रस्थपदको सिद्धि

(ख) प्रकरण - स्वर परिचय:, ३०, उदात्तानुदात्तस्वरितादिस्...

(ग) प्रकरण - गृह्यकार्याणि, ४० , कुशकण्डिका, विवाहादि, ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८) पाठ्यग्रन्थ (क) सिद्धान्तकौमुदी वैदिकीप्रक्रिया, स्वरप्रकरणस्य प्रत्ययस्वर पर्यन्तोभाग:

(ख) पारस्करगृह्यसूत्रम् - हरिहरभाष्यानुसारार्थं सहितम् (१-२काण्डे)

सहायकग्रन्था: (१) फिटसूत्राणि

(२) उण्णादिसूत्राणि

सन्दर्भग्रन्था: गदाधरादीनिगृह्यसूत्रभाष्याणि

९) समस्या र समाधान - स्मार्तकर्म र संस्कारको प्रयोगज्ञानार्थ कुनै उपाय उपस्थापित गरिएको छैन । अध्ययनद्वारा शाव्दज्ञान हुन्छ, प्रयोगात्मक ज्ञान हुंदैन । अत: तदर्थ प्रयोगात्मक ज्ञानार्थ आवश्यक सुझाउ आवश्यक देखिन्छ ।

१०) पाठ्यांशनाम - वैदिक शव्दनिर्वचनम्, विकृतिपाठश्च

पत्र नाम- तृतीयपत्र

पाठ्यांशोद्देश्यम् - मन्त्रार्थज्ञानमा दक्षता सम्पादन

अष्टविकृतिको स्वरूपज्ञान

११) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - नैघण्टुकानि पदाजातानि, ४५, नामाख्यातोपसर्गनिपातादि-लक्षणं (निरूक्त १-३ अध्याय)

(ख) प्रकरण - नैगमपदानि, अनवगतसंस्कारपदानिच, ४०, निरूक्त ४-६ अ०

(ग) प्रकरण - अष्टौविकृतिलक्षणानि, १५, पुरूषसूक्तमन्त्रको पदक्रम, जटाघनादि विकृत पाठ ।

१२) पाठ्यग्रन्था: (१) निरूक्तम् (यास्काचार्य कृतम्) १-६ अध्याया: स्वसम्बन्धी निघण्टभाग सहितम्

(२) पुरूषसूक्तस्य पदक्रम जटाघन पाठ: अष्टविकृतिनां लक्षणानि च

१३) समस्या र समाधान - सर्वप्रथम वेद विषयको पाठ्यांशहरूको शिक्षणोद्देश्य भए पनि विषयोद्देश्य छैन । त्यो हुनुपर्ने । साथै यस पाठ्यांशको ग प्रकरणमा "पुरूषसूक्त गतमन्त्राणां पदक्रमजटाधनादिविकृति पाठ" यस्तो निर्देश छ आदि पद अरू पनि विकृतिको बोध (गराउंछ किन्तु पाठ्यक्रम निरूपणमा पुरूषसूक्त - पदक्रमजटाधनपाठ" यस्तो निर्देश छ, आदि पद छैन । उभयत्र साम्य हुनुपर्ने । किन्तु विकृतिपाठमा १५ अंक न्यून जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ,(क) प्रकरणलाई ४० अंकको बनाएर यसमा ५ अंक जोडेर २० ...
बनाउनु उचित देखिन्छ ।

विषय -
२.२.८ नव्यव्याकरण -

१) विषयोद्देश्य- १) शब्दको साधु र असाधु प्रयोगमा र त्यसको अर्थबोध...
कुशलता ल्याउनु ।
२) शिक्षादि षाडंगमा व्याकरणको प्रधानत्वको निर्दे...
साथ व्याकरणाध्ययनजन्यपुण्यप्राप्तिको प्रतिपादन

२) पाठ्यांश नाम - संज्ञाप्रकरणादि हलन्त नपुंसकलिंगान्त:
पत्र नाम - प्रथम
उद्देश्य - श्रुतिस्मृत्यादि सर्वशास्त्रोपकारकत्वसम्पादन ।

३) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - पञ्चसन्धि: ३०, पञ्चसन्धिमा शब्दरत्नकर्ताको मतविवे...
(ख) प्रकरण - अजन्तपुंल्लिंग प्रकरण ३०, अजन्तपुंल्लिंगगतसूत्रमा शब्दर...
(ग) प्रकरण - अजन्तस्त्रीलिंगादि ४० तत्तत्प्रकरणस्थ सूत्रमा शब्दरत्नमत...

४) पाठ्यग्रन्था: शब्दरत्नसहित मनोरमा ।

५) समस्या र समाधान - व्याकरणाध्ययनको मुख्य उद्देश्य शब्दसाधुत्वज्ञान ...
तदतिरिक्त रक्षोहागमलध्वसन्देहा: प्रयोजनमको पनि उल्लेख गर्नमा उचि...
हुनेछ । अनि यस पाठ्यांशको उद्देश्य सुबन्तप्रकरणमा शब्दरत्नकार र दी...
मतकोज्ञान जस्तो उद्देश्य राख्नु उचित हुनेछ ।

६) पाठ्यांश नाम- स्वरवैदिकपतञ्जालिसिद्धान्त:
पत्रनाम - द्वितीय
उद्देश्य - (क) षाडंगमा व्याकरणको प्रधानत्वकोज्ञान ।
(ख) स्वरवैदिक प्रयोगको साधुत्वज्ञान ।

७) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - वैदिकप्रकरण, २० ,वैदिक प्रक्रियास्थ प्रयोग
(ख) प्रकरण - स्वरप्रकरण, १५, उदात्तादिस्वरविधान
(ग) प्रकरण - पतञ्जलिसिद्धान्त:, ३०, महाभाष्य १,२ आह्निक
(घ) प्रकरण - तृतीयाह्निकम्, ३५, महाभाष्य तृतीयाह्निक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८) पाठ्यग्रन्थ (१) सिद्धान्तकौमुदी (वैदिकप्रक्रिया)
(२) पातञ्जलमहाभाष्यम् (१-३ आह्निकान्ता)

९) समस्या र समाधान - चतुर्थ प्रकरणको नाम पनि तृतीयाह्निक न राखेर भाष्य दृष्ट्या पाणिनीसूत्राध्ययनम् जस्तो राखेमा राम्रो हुने देखिन्छ । पाठ्यग्रन्थमा पनि ' सिद्धान्तकौमुदी वैदिक तथा स्वरप्रक्रिया ' भन्नु पर्ने देखिन्छ ।

१०) पाठ्यांशनाम - कौण्डभट्टसिद्धान्त:
पत्र नाम - तृतीय
उद्देश्य -(१) वैयाकरणदर्शनसिद्धान्तज्ञान
(२) शाब्दबोधप्रक्रिया विचारमा स्वसिद्धान्त स्थापन ।
(३) धातुलकारसुबनामसमासादिको अर्थ तथा स्फोटनिर्णयमा अन्यमत खण्डनपूर्वक वैयाकरणमतस्थापन ।

११) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - धातुलकारसुबनाम समासशक्त्यादि, अंक छैन, उक्तप्रकरणमा
(ख) प्रकरण - नञर्थ निपातार्थादि - अंक छैनन्, उक्तप्रकरणमा
(ग) स्फोटप्रकरण - स्फोटनिरूपण - अंक छैनन्, स्फोटप्रकरणमा

१२) पाठ्यग्रन्थ - वैयाकरण भूषणसार, कौण्डभट्टविरचित :

१३) समस्या र समाधान - प्रकरणमा अंक छैनन् जो निर्धारण गर्नुपर्ने देखिन्छ । पाठ्यपुस्तकको सहायक ग्रन्थ निर्देश पनि भएको छैन र त्यसको पनि निर्देश हुनुपर्ने देखिन्छ ।

२.२.९ सिद्धान्तज्यौतिष -

१) विषयोद्देश्य -(१) ज्यौतिषविषयमा विशेष ज्ञानोत्पादन
(२) स्नातकक्षामा ज्यौतिषशास्त्राध्ययनको रुचि उत्पादन
(३) व्यावहारिक ज्यौतिषकार्यमा सामर्थ्योत्पादन
(४) शुद्धपञ्चांगनिर्माण सामर्थ्यको उत्पादन
(५) भूगोलविषयमा विशेषज्ञानयुक्त जनशक्तिनिर्माण
(६) क्षेत्रमिति र आकाशी ग्रहपिण्डहरूको गतिस्थितिगणना गर्नमा सामर्थ्योत्पादन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) पाठ्यांश नाम- रेखागणित सहितं चापीयत्रिकोणगणितं व्यक्ता[illegible]
गणितयोरूपपत्तिश्च

पत्र नाम - प्रथम

पाठ्यांशोद्देश्य - छात्रहरूमा

(१) रेखागणितसम्वन्धी विभिन्नतहरूको ज्ञानमा

(२) चापीयत्रिभुजहरूको परिचय प्रदानमा

(३) व्यक्ताव्यक्त सम्वन्धी गणित गर्नमा

(४) विभिन्नगणितका प्रश्नहरूको समाधानमा

(५) धरातल गणितको उपपत्ति गर्नमा सामर्थ्य उत्पा[illegible]

३) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - रेखा गणितम् - २०, रेखागणितको ६-११-१२[illegible]

(ख) प्रकरण - चापीयत्रिकोणमिति गणितम्, २०, चापीयत्रिकोण
गणितम्

(ग) प्रकरण - व्यक्ताव्यक्तगणितोपपत्तिः, ६०, भास्करीयबीज[illegible]
लीलावतीका उपपत्ति ।

४) पाठ्यग्रन्थाः (१) रेखागणितम् ६,११,१२ अध्यायाः

(२) नीलाम्वरभट्टकृत चापीयत्रिकोणमितिगणितम्

(३) भास्करीय बीजगणितम्

(४) भास्करीय पाटीगणितम्

५) समस्या र समाधान - नामकरण लघ्वर्थं हो अतः "रेखा चापीयत्रिको[illegible]
व्यक्त गणितोपपत्तिः" नामकरण उचित देखि[illegible]

६) पाठ्यांशनाम- गोलीयरेखागणित सहितंत्रिकोणमितिगणितम् ग्रहगणित[illegible]

पत्रनाम - द्वितीय

पाठ्यांशोद्देश्य - निम्न सामर्थ्योत्पादन -

(१) विभिन्न गोलीयक्षेत्रको उपपत्ति गर्नमा

(२) विभिन्न गोलीय क्षेत्रको निर्माणमा

(३) त्रिभुजावयवादि ज्ञानमा

(४) विभिन्नमानहरूको ज्ञानमा

(५) मध्यम स्पष्ट ग्रहहरूको साधनमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - गोलीय रेखा गणितम् २०, गोलीयरेखागणित

(ख) प्रकरण - त्रिकोणमिति गणितम् ३०, त्रिकोणमिति गणित

(ग) प्रकरण - ग्रह गणितम्, ५०, सिद्धान्तशिरोमणि ग्रहगणित

८) पाठ्यग्रन्था: (१) गोलीय रेखागणितम् - नीलाम्बरमैथिल:

(२) त्रिकोणमिति गणितम् - बलदेवकृतम्

(३) सिद्धान्त शिरोमणि - भास्कराचार्यकृत:

९) समस्या र समाधान - ' लध्वर्थं नामकरणम् ' को अनुसार ' गोलीय रेखा त्रिकोण ग्रहगणितानि ' जस्तो नाम राख्नु उचित देखिन्छ । पाठ्यग्रन्थमा सिद्धान्त शिरोमणिको के कति अंशको निर्देश छैन त्यो पनि हुनुपर्ने ।

१०) पाठ्यांश नाम- स्पष्ट छैन

पत्र नाम - तृतीय

पाठ्यांशोद्देश्य- निम्नलिखित सामर्थ्योत्पादन -

(क) दिग्देशकालादि साधन,

(ख) ग्रहणसाधन,

(ग) ग्रहच्छाया ग्रस्तोदयादिसाधन,

(घ) चन्द्रशृंगोन्नति, ग्रहयुति, भग्रहयुति र पातसाधन

(ङ०) प्राचीन भूगोलको स्वरूपज्ञान गोल महत्वाख्यिदान आदि-

मा

११) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - त्रिप्रश्नादिज्ञानम् , ४०, सिद्धान्तशिरोमणिको त्रिप्रश्नाधिकार

(ख) प्रकरण - भुवनकोशादिज्ञानम्, ४०, सिद्धान्तशिरोमणिको गोलाध्याय

(ग) प्रकरण - चलनकलनम्, २०, चलनकलनग्रन्थको १-३ अध्याय

१२) पाठ्यग्रन्था:(१) सिद्धान्तशिरोमणि - गणिताध्याय

(२) सिद्धान्तशिरोमणि- गोलाध्याय:

(३) चलनकलम् १-३ अध्याय

१३) समस्या र समाधान - नाम स्पष्ट हुनुपर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.२.१० फलितज्यौतिष -

१) विषयोद्देश्य - (१) फलितज्यौतिषमा विशेष ज्ञानोत्पादन
(२) उच्चकक्षामा फलितज्यौतिषाध्ययनमा रूचि उत्पन्न गराउनु ।
(३) व्यवहारमा फलितज्यौतिष गाम्भीर्योत्पादन
(४) शुद्ध फलादेशमा समर्थ जनशक्ति तैयार गर्नु ।

२) पाठ्यांश नाम - ताजिकशास्त्रफलशास्त्रं गोलशास्त्रं मुहूर्तशास्त्रञ्च
पत्र नाम - प्रथम
पाठ्यांशोद्देश्य - निम्न सामर्थ्योत्पादन -
(क) ताजिकोक्त रीतिले वारतिथि लग्नानयनमा
(ख) भावस्थ ग्रहफलकथनमा विविधयोगलक्षणज्ञानमा
(ग) प्रश्नसमयको ज्ञानले शुभाशुभ फलकथनमा
(घ) वृत्त चाप सूत्रादिको परिचय ज्ञानमा
(ङ) विवाह वधूप्रवेशादि समय निर्धारणमा

३) प्रकरण, अंक र पाठ्यविषय -

(क) प्रकरण - ताजिकोक्त दिशफलकथनम्, ५०, ताजिककोक्त १-२
(ख) प्रकरण - गोलबोध सहितै फलशास्त्रम्, २५, षाट्पञ्चाशिका, ग परिभाषा
(ग) प्रकरण - मुहूर्तविचार: २५ मुहूर्त मार्तण्ड विवाहवास्तु

४) पाठ्यग्रन्था: (१) ताजिक नीलकण्ठी
(२) षाट्पञ्चाशिका
(३) गोल परिभाषा
(४) मुहूर्तमार्तण्ड

५) समस्या र समाधान - नाम- ताजिकफलगोल मुहूर्तशास्त्राणि भएमा उ हुने देखिन्छ । पाठ्यग्रन्थहरूको अंश छुट्याउन पर्ने देखिन्छ । पूरै ताजिक र मुहूर्तमार्तण्ड अधिक हुने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) पाठ्यांश नाम - जातकशास्त्रम् फलशास्त्रञ्च
पत्र नाम - द्वितीयम्
पाठ्यांशोद्देश्य- निम्न सामर्थ्योत्पादन -
(क) ग्रहस्वरूपादिज्ञान
(ख) जातकको शुभाशुभ फलज्ञान
(ग) ...... दृष्टिफलादिज्ञान
(घ) लग्न र ल्याइकन विविधप्रश्नको उत्तरदिन
(ङ) जैमिनिमतानुसार बहुविधफलकथनमा

७) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - जातकशास्त्रम्, ६०, वृहज्जातकम् समग्र
(ख) प्रकरण - लग्नानयनं विनाऽपि प्रश्नोत्तरज्ञानम्, ३० केरलतत्व प्रश्नसंग्रह
(ग) आत्मकारणवशात् फल कथनम्, ३०, जैमिनिसूत्र, १-२ अध्याय

८) पाठ्यग्रन्था: (१) वृहज्जातकम्
(२) केरलतत्व प्रश्नसंग्रह: ।जैमिनिसूत्रम्

९) समस्या र समाधान- ग्रन्थहरूको अंश निर्देशन गर्नु उचित हुनेछ ।

१०) पाठ्यांश नाम - फलशास्त्रं करणशास्त्रञ्च
पत्र नाम- तृतीयम्
पाठ्यांशोद्देश्य (१) शुभाशुभ फल जान्ने इच्छा राख्ने प्राश्निकहरूको समुचित उत्तर दिन सक्नु ।
(२) ग्रहसाधनमा सारिणीको प्रयोगमा रुचि उत्पन्न गर्नु ।

११) प्रकरण ,अंक र पाठ्यविषय-
(क) प्रकरण - विविधयोगफलकथनम्, ४०, भावकुतूहल १-१७ अध्याय
(ख) सारिणीतों ग्रहादि साधनम्, ४०, केशवीय जातकपद्धतिबाट
(ग) प्रकरण- विविधयोगफलकथनम्, २०, जातकालंकारबाट

१२) पाठ्य ग्रन्था: (१) भावकुतूहल
(२) केशवीयजातकपद्धति
(३) जातकालंकार:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३ समस्या र समाधान - ग्रन्थहरूको अंश निर्देश हुनुपर्ने ।

२.२.१३ नव्यन्याय-

१) विषयोद्देश्य - निम्नकार्यमा पाठव ल्याउनु-

(१) व्यधिकरण धर्मावच्छिन्न प्रतियोगिताभाव निर्वचनमा

(२) ईश्वरास्तित्व साधनमा

(३) पदार्थको निर्वचनमा

(४) सामान्य लक्षणाप्रत्यासत्तिको ज्ञानमा

(५) दुष्ट हेतु र दोषको ज्ञानमा

(६) सद्हेतुको प्रयोगमा

(७) प्रमाणादि षोडश पदार्थको ज्ञानमा

(८) अनुसन्धानादि कार्यको निमित्त स्नातकोत्तराध्ययनमा

(९) जातिनिग्रहः स्थानादिको व्यवहारमा

(१०) शास्त्रान्तरमा पनि नव्यन्यायसरणिको प्रयोगमा

२) पाठ्यांश नाम - व्यधिकरण धर्मावच्छिन्न प्रतियोगिताकाभाव: ईश्वरा साधनम्

पत्र नाम - प्रथमम्

पाठ्यांशोद्देश्य-(१) व्यधिकरण धर्मावच्छिन्न प्रतियोगिताकाभावलाई व्याप्तिलक्षण गर्नु ।

(२) शास्त्रको उपयोगिता देखाउन

(३) ईश्वराभावसाधकयुक्तिको खण्डन गर्नु,

३) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण- व्यधिकरण प्रथम द्वितीयलक्षणे, ३५, व्यधिकरणलक्ष व्यावृत्यादि

(ख) प्रकरण - अवशिष्ट व्यधिकरणम् - ३५, व्यधिकरणावशिष्ट

(ख) प्रकरण - ईश्वरास्तित्वसाधनम्, ३०, न्यायकुसुमाञ्जलिकारिका

४) पाठ्ग्रन्था:(१) व्यधिकरणजागदीशी

(२) कुसुमाञ्जलिकारिका हरिदासी सहिता

५) समस्या र समाधान - विषयोद्देश्यमा विस्तार अधिक जस्तो देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) पाठ्यांश नाम - सामान्य लक्षण पक्षता च
पत्र नाम - द्वितीय पत्रम्
पाठ्यांशोद्देश्य - निम्न सामर्थ्योत्पादन -
(१) सामान्य लक्षणको प्रयोजनवत्त्वसाधन
(२) शास्त्र र लोकमा त्यसको प्रयोग
(३) पक्षताको अनुमितिकारणत्वस्थिरीकरण

७) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - सामान्य लक्षणपूर्वपक्ष:, २०, सामान्यलक्षणाजागदीशी-पूर्वपक्ष
(ख) प्रकरण - सामान्य लक्षणसिद्धान्तपक्ष:, ३० सामान्यलक्षणाजागदीशी सिद्धान्तपक्ष
(ग) प्रकरण - पक्षता ५० , पक्षता जागदीशी

८) पाठ्यग्रन्थ: सामान्यलक्षणा जागदीशी,

९) समस्या र समाधान - लोकमा सामान्यलक्षणाको प्रयोग कुनरीतिले गर्ने त्यसको निर्देशन गर्नु उचित हुनेछ ।

१०) पाठ्यांश नाम - सामान्यनिरुक्ति
पत्र नाम - तृतीयम्
पाठ्यांशोद्देश्य - निम्न कार्यमा प्रावीण्य प्राप्ति -
(१) विभिन्न रूपेण हेत्वाभास सामान्य विवेचनमा
(२) सदसद् हेतुको पृथक्करणमा
(३) परीक्षा दोषयुक्त हेतुमा दोषोद्भावनमा
(४) सदोषहेतुले अभीष्ट सिद्धि हुँदैनमा युक्तिप्रदर्शनमा
(५) तत्त्वनिर्णयमा
(६) वादिपराजयमा

११) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - हेत्वाभासप्रथमलक्षणम् ३० दीधिति प्रथमलक्षण सामान्यनिरुक्ति
(ख) प्रकरण - हेत्वाभासद्वितीयलक्षणम् ६० सामान्यनिरुक्तिगादाधरी द्वितीय-लक्षण
(ग) प्रकरण-हेत्वाभासतृतीयलक्षणम् १० सामान्यनिरुक्तिगादाधरी तृतीयलक्षणम् समाप्तिपर्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२) पाठ्यग्रन्था: (१) सामान्यनिरुक्ति गादाधरी

१३) पाठ्यांशोद्देश्यमा केवल यो पाठ्यांशले मात्रै वादिपराजय फल हैन समग्र विषयको नै वादिपराजय फल हुन सक्ने हुनाले त्यो उद्देश्य विषयोद्देश्य राख्नु उचित देखिन्छ ।

२.२.१२ प्राचीनन्याय-

१) विषय शिक्षणोद्देश्य -

(१) भौतिकाध्यात्मिकपदार्थ यथार्थ ज्ञानकुशल जनशक्ति निर्माण

(२) प्रमाणप्रमेयादिव्युत्पाद दक्ष जनशक्ति निर्माण

(३) शास्त्रको यथोचित पदपदार्थ प्रयोगमा योग्यता सम्पादन

(४) घटादिपदाभिधेय विवेचनमा योग्यतोत्पादन

(५) बौद्धादिमत जान्ने क्षमतोत्पादन

२) पाठ्यांश नाम - द्रव्यादिपदार्थनिरूपणम्

पत्रनाम - प्रथमम्

पाठ्यांशोद्देश्य - वैशेषिक दर्शनप्रतिपाद्य पदार्थ ज्ञान कुशल जनशक्ति जर्जन

३) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - समवेतपदार्थकथनम् - २०, वैशेषिकसूत्रोपस्कार

(ख) प्रकरण - मनोऽन्तनवद्रव्यसहित समवायादिनिरूपणम् ५० वैशेषिकोपस्कार

(ग) प्रकरण - (अस्पष्ट) ईश्वरास्तित्वसाधन ३० कुसुमाञ्जलिकारिका

४) पाठ्यग्रन्था: (क)(ख) प्रकरणहरूको निमित्त -

सोपस्कारवैशेषिकसूत्र १,२,३,७,८ अध्याय

(ग) प्रकरणको निमित्त न्यायकुसुमाञ्जलिकारिकासम्पूर्ण

सहायकग्रन्था:(१) वैशेषिकदर्शन: एक अध्ययन- नारायणमिश्र

(२) पदार्थशास्त्र - आनन्द झा

(३) तर्कभाषा - बदरीनाथशुक्लकृत हिन्दीटीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) समस्या र समाधान - द्वितीय प्रकरण अति विस्तृत त्यसको केही अंश प्रथम प्रकरणमा ... आकृष्ट गर्नु उचित हुनेछ । साथै कुसुमाञ्जलि हरिदासी सहित ... राम्रो हुनेछ र त्यसमा ४० अंक बनाउनु पनि उचित हुनेछ ।

६) पाठ्यांश नाम- न्यायाभिमत प्रमाणादिपदार्थनिरूपणम्
पत्र नाम - द्वितीय
पाठ्यांशोद्देश्य - (१) प्रमाणादिपदार्थज्ञान कुशल जनशक्ति समुत्पादन
(२) दोषदर्शन सामर्थ्योत्पादन
(३) बौद्धाभिमत दाणभंग निरास सामर्थ्योत्पादन

७) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - प्रमाणपरीक्षासहितप्रमाणादिद्वादशपदार्थलक्षणनिरूपणम्
३० न्यायसूत्रवृत्ति
(ख) प्रकरण - जातिनिग्रहस्थानसहित प्रमेय परीक्षा ३० न्यायसूत्रवृत्ति
(ग) प्रकरण - आत्मनिरूपणम्, ४० न्यायमञ्जरी सप्तमाह्निक

८) पाठ्य ग्रन्था: (क)(ख) प्रकरणको निमित्त -
विश्वनाथ वृत्ति सहित न्यायसूत्र सम्पूर्ण
(ग) प्रकरणको निमित्त -
न्याय मञ्जरी - जयन्तभट्ट सप्तमाह्निकमात्रम्

सहायक ग्रन्था: (१) न्यायपरिचय - फणिभूषण तर्कवागीश
(२) तर्कभाषा - बदरीनाथशुक्लकृत हिन्दी टीका

९) प्रकरण(क)को प्रमाणादिलक्षणम् परीक्षासँग भन्नु र प्रकरण(ख) को जातिनिग्रहस्थान प्रमेय परीक्षा भन्नु लाघव हुनेछ । उद्देश्यमा दोषदर्शन सामर्थ्योत्पादन केही अरूचि उत्पादन गर्ने दोष विचार भनेमा उपयुक्त होला अथवा त्यो उद्देश्य न राखे पनि हुन्छ ।

१०) पाठ्यांश नाम - शब्दशक्ति विचार: प्रमाणविचारश्च
पत्र नाम - तृतीयम्
पाठ्यांशोद्देश्य - मात्रहरू -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) वाक्यार्थशोधना दक्षतोत्पादन

(२) शब्दप्रामाण्य व्यवस्थापन योग्यता संपादन-

(३) यस पदले यस्तो अर्थ बोध गर्छ भन्ने बुझ्न सक्ने क्षमतोत्पादन

(४) व्यावहारिक वाक्यार्थ व्युत्पादन सामर्थ्योत्पादन

(५) अगिल्लो सिढी चढ्ने योग्यतोत्पादन

(६) नवीनरीतिले चार प्रमाण विवेचन योग्यतोत्पादन

(७) बौद्ध सम्मत प्रमाण ज्ञान सम्पादन

११) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - सार्थकशब्दादिविचार, ५० ,शब्दशक्तिप्रकाशिका

(ख) प्रकरण - प्रत्यक्षादिप्रमाणनिरूपणम्, अंक रैनम् ३५को सम्भावना न्यायसिद्धान्तमञ्जरी

(ग) प्रकरण - सौगत सम्मत प्रमाणनिरूपणम् १५ न्यायविन्दु:

१२) (१) शब्दशक्ति प्रकाशिका नामप्रकरणान्ता(क) प्रकरणको निमित्त

(२) न्यायसिद्धान्तमञ्जरी-जानकीनाथ (ख) प्रकरणको निमित्त

(३) न्यायविन्दु: - धर्मकीर्ति (ग) प्रकरणको निमित्त

१३) समस्या र समाधान - (क) प्रकरण बृहत्तर भयो र (ग) प्रकरण लघुतर भ... न्याय विन्दुमा टीका हुनुपर्ने देखिन्छ र त्यसमा न्यूनतम ३० अंक हुनुपर्ने दे...

२.२.१३ साहित्यम् -

१) विषयशिक्षणोद्देश्य-(१) संस्कृत कविहरूको वैशिष्ट्यज्ञान

(२) गद्यपद्यनाटककाव्यादिको संपूर्णपरिचय

(३) ध्वनिरसगुण अलंकाररीतिदोष आदिको आधि... ज्ञान गराउनु

(४) साहित्यसमीक्षणशक्ति बढाउनु

(५) राष्ट्रभाषाको संरक्षणको योग्यता ल्याउनु

२) पाठ्यांश नाम - काव्यसिद्धान्तविमर्श:

पत्र नाम - प्रथमम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ्यांशोद्देश्य -(१) काव्यलक्षणप्रयोजनज्ञान

(२) ध्वनिगुणीभूत व्यंग्य परिशीलन

(३) काव्यभेद परिशीलन

(४) दोषस्वरूप परिशीलन

(५) रीतिगुण शब्दालंकारज्ञान

(६) अर्थालंकारज्ञान

३) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - काव्यस्वरूपोपक्रम परिवृंहिता ध्वनिस्थापना ४० काव्यस्वरूपभेद

(ख) प्रकरण - काव्यभेद दोषगुणरीति शब्दालंकारविवेचनम् ३० साहित्यदर्पण

(ग) प्रकरण - अर्थालंकार समीक्षणम् अंकशैनम् ३० कोसम्भावना, साहित्यदर्पण

४) पाठ्यग्रन्था: साहित्यदर्पण:(षाष्ठपरिच्छेदगतं(ख)प्रकरणे पाठ्यवस्तुविवरण शेषाङ्कै(उल्लिखितांशविहाय)।

सहायकग्रन्था: - साहित्यप्रदीप-(नेपाली) सोमनाथसिग्देल

सन्दर्भग्रन्था: - पूर्वीय साहित्य सिद्धान्त-केशवप्रसाद

५) समस्या र समाधान - राष्ट्रभाषा संरक्षणको योग्यतोत्पादन गर्ने पाठ्यवस्तुको अभाव जस्तो बुझिन्छ । त्यस्तो पाठ्यवस्तु राख्नु उचित हुनेछ ।

६) पाठ्यांश नाम - नाटकमहाकाव्याध्ययनं प्राकृतव्याकरणबोधनम्

पत्र नाम - द्वितीयम्

पाठ्यांशोद्देश्य (१) भवभूतिकालिदासादिको रचना शैलीज्ञान

(२) प्राचीनसामाजिक व्यवस्थाज्ञान

(३) प्राचीन आधुनिक भाषा विश्लेषण

(४) नेपाली आदि भाषा नुसन्धानयोग्यता बढाउनु ।

७) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - उत्तररामचरिताध्ययनम्, ३०, उत्तररामचरितम्

(ख) प्रकरण - अभिज्ञानशाकुन्तलाध्ययनम्, २०, अभिज्ञानशाकुन्तल

(ग) प्रकरण - महाकाव्याध्ययनम्, अंक शैनम् शिशुपालवध ३,४ सर्ग

(घ) प्राकृत व्याकरणबोध अंक शैनम् प्राकृतप्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८) पाठ्यग्रन्था: (१) उत्तररामचरितम् (सम्पूर्णम्)
(२) अभिज्ञानशाकुन्तलं(सम्पूर्णम्)
(३) शिशुपालवधम् ३,४ सर्गौ
(४) प्राकृतप्रकाश(निर्धारित सूत्रहरू)

सहायक-ग्रन्था:(१) प्रबन्धरत्नाकर - रमेशचन्द्रशुक्ल
(२) महाकविभवभूति - डा० गंगासागरराय
(३) महाकवि कालिदास - रमाशंकर तिवारी
(४) प्राकृत साहित्यका इतिहास- जगदीशचन्द्र जैन
(५) संस्कृत साहित्यका इतिहास- बलदेवोपाध्याय

९) समस्या र समाधान - यो पाठ्यांश प्रबन्धको निर्देशन गर्नेअनुसार सहाय को निर्देशनमा राखिएकोले त्यस्तो पाठ्यवस्तु राख्नुपर्ने ।

१०) पाठ्यांश नाम - महाकाव्य गद्यकाव्याभिलेखपरिशीलनम्, संस्कृतरचना च
पत्र नाम - तृतीय
पाठ्यांशोद्देश्य - छात्रहरू निम्न कार्यमा दक्ष हुनेछन् -
(१) संस्कृत महाकाव्यको विवेचनमा
(२) अभिलेखहरूको साहित्यिक वैशिष्ट्य समीक्षणमा
(३) तात्कालिक सामाजिक व्यवस्थाको विवेचनमा
(४) प्रौढ पद्यगद्यकाव्यको अध्ययनद्वारा व्युत्पत्ति वढाउनमा
(५) गद्यपद्यरचना कौशलमा ।

११) प्रकरण, अंक र पाठ्यविषय-

(क)प्रकरण- रामायणाध्ययनम् अंक रैनन् ४५ को संभावना र रामायण काण्डको १९,२० सर्गा

(ख) प्रकरण- महाकाव्याध्ययनम् २० ,नैषध चरित् १-४ सर्ग
(ग) प्रकरण- गद्यकाव्याध्ययनम् २० कादम्बरी शुकनासोपदेशपर्यन्त
(घ) प्रकरण- अभिलेखाध्ययनम्, १५, जात साहित्यिक र ऐतिहासिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२) पाठ्यग्रन्थाः (१) वाल्मीकीय रामायणमा सुन्दर काण्डको १९,२० सर्ग

(२) नैषध महाकाव्य - १-४ सर्ग

(३) कादम्बरी (उज्जयिनीवर्णन देखि शुकनासोपदेशसम्म

(४) ज्ञात साहित्यिक र ऐतिहासिक अभिलेख

सहायकपुस्तक (१) कविकण्ठाभरण क्षेमेन्द्रकृत

(२) काव्य मीमांसा - राजशेखरकृत

(३) अलंकार शेखर:- केशवदत्तमिश्र:

१३) समस्या र समाधान - पाठ्यांशोद्देश्यमा रामायणाध्ययनको केही उद्देश्य भरन। रामचरितको महत्वबोधन, सीताको चरित्रको वैशिष्ट्य बोधन, हनुमद् विक्रमको बोधन आदि केही उद्देश्य समावेश गर्नु उचित हुनेछ । किन्तु रामायणको अध्ययनमा ४५ अंक छन् जब कि त्यसमा दुइ सर्ग जम्मा २२ र ३६ श्लोक भएका छन् । महाकाव्यमा प्रथम सर्गमा १४५ द्वितीयमा १०९ तृतीयमा १३५ चतुर्थमा १२३ श्लोक छन् जम्मा २० अंक कम हुन्छन् अत: त्यसप्रकरणमा अंक बढाउनु उपयुक्त हुनेछ ।

२.२.१४ इतिहासपुराणम् -

१) विषयोद्देश्य (१) पुराणहरूको वर्ण्य विषयको सामाजिक उपयोगिताको प्रौढ ज्ञान गराउनु

(२) पुराणान्तर्गत रहस्यात्मक विषयहरूको ज्ञानमा सामर्थ्य उत्पादन

(३) इतिहास पुराणको शैली ज्ञान सम्बन्धमा आवश्यक क्षमताको उत्पादन

(४) नेपालको धार्मिक इतिहासमा प्रबुद्ध जनशक्तिको उत्पादन

२) पाठ्यांश नाम - श्री रामचरितम्, सांख्यतत्व विवेचनम्, हिमवतीर्थ महत्वनिरूपणम्च

पत्र नाम - प्रथमम्.

पाठ्यांशोद्देश्य -(१) सांख्यतत्वज्ञान सम्पादन

(२) श्री रामको आदर्श चरितको ज्ञान सम्पादन

(३) नेपालको धार्मिक महत्वको ज्ञान सम्पादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - श्रीरामचरितम् ३५ श्रीरामचरितामृतम्

(ख) प्रकरण - सांख्यदर्शनम्, ३५, सांख्यतत्वकौमुदी (१-१०) कारिका:

(ग) प्रकरण - विराट्स्वरूपनिरूपणम् २०, भागवते द्वितीयस्कन्ध:

(घ) प्रकरण - अभिलेख:, अंक छैनन् १० अंक बुभिन्छ, प्रतापमल्ल, गी
हाण्डीग्राम यशोधर्मा

४) पाठ्यग्रन्था: (१) श्रीरामचरितामृतम् - द्रधिरामशर्मण विरचितम्
(२) सांख्यतत्वकौमुधा दशमकारिकान्तो भाग:
(३) श्रीमद् भागवतस्य द्वितीय:स्कन्ध: सम्पूर्ण
(४) सात साहित्यिक ऐतिहासिक अभिलेख-जगदीशचन्द्र
(५) लिच्छवीकालका अभिलेख- धनवज्र वज्राचार्य

सहायकग्रन्था: (१) भानुभक्त रामायण
(२) रामायणसार-ब्रम्हली नागुनि
(३) श्रीरामांक(कल्याण विशेषांक)
(४) दर्शन - बुद्धिसागरपराजुली
(५) कल्याण(भागवत विशेषांक)

५) समस्या र समाधान- विषयोदेश्यमा धार्मिक इतिहासको ज्ञान गराउने राखिएकोमा पाठ्यक्रममा त्यस सालका ग्रन्थहरूको पनि सन्निवेश गर्नु श्रीरामचरितम् ग्रन्थ काव्य हो, त्यसको साहित्य विषयमा अध्ययन बढी उपयुक्त देखिन्छ । अभिलेख केवल १० अंक छन्, अंक अपर्याप्त छ । अभिलेखलाई हटाउने विषयमा विचार गर्नुपर्ने देखिन्छ ।

६) पाठ्यांश नाम - सृष्ट्यादिनिरूपणम्, ज्ञान कर्मयोगादिनिरूपणम्, चतु
वृत्तान्तवर्णनं च

पत्रनाम - द्वितीय

पाठ्यांशोद्देश्य (१) सृष्टितत्वनिरूपण
(२) ज्ञानकर्मयोगादिनिरूपण
(३) चतुर्दशलोकवृत्तान्तज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७) प्रकरण, अंक र पाठ्यविषय-

(क)प्रकरण - सृष्ट्यादितत्वनिरूपणम्, ४५, श्रीमद्भागवते ३।१-१६ अध्याय

(ख)प्रकरण - ज्ञानकर्मयोगादिनिरूपणम्,२५, श्रीमद्भगवद्गीता १-९ अध्याय

(ग) प्रकरण- भूगोलादिवर्णनम्, अंक हैन् ३० को सम्भावना, विष्णुपुराण द्वितीयांश

८) पाठ्यग्रन्था: (१) श्रीमद्भागवतं तृतीयस्कन्धमा १-१६ अध्याय

(२) श्रीमद्भगवद्गीता १-९ अध्याय

(३) विष्णुपुराणको द्वितीयअंश

सहायकग्रन्था:(१) गीता प्रवचन - विनोबा भावे

(२) पुराणविमर्श - बलदेवोपाध्याय

(३) कल्याण - श्रीमद्भागवत विशेषांक

(४) श्रीमद्भगवद्गीता - शांकरभाष्यसहित

(५) इतिपुराणका अनुशीलन - रामशंकर भट्टाचार्य

९) समस्या र समाधान - सहायक ग्रन्थहरूको विषय पनि पाठ्यक्रममा समावेश हुनुपर्ने । पाठ्यग्रन्थहरूको नै विषय छन् भनी अधिक ग्रन्थको भारको आवश्यकता बुझिदैन ।

१०) पाठ्यांश नाम - वराहकपिल चरितम्, सांख्यतत्वविवेचनम्,विभूतियोगादिकथनम्

पत्र नाम - तृतीय

पाठ्यांशोद्देश्य (१) वराहकपिलचरित ज्ञान

(२) सांख्यतत्वज्ञान

(३) विभूतियोगादिनिरूपण

११) प्रकरण, अंक र पाठ्यविषय -

(क)प्रकरण - वाराहकपिलयोरूपाख्यानम् ,४५, श्रीमद्भागवते तृतीयस्कन्धे १७-३३ अध्याय

(ख) प्रकरण - सांख्यदर्शनम्, ३० ,सांख्यानुसार प्रकृतिपुरुषादिविचार

(ग) प्रकरण- विभूतियोगादिनिरूपणम्, २५, विभूतियोग,विश्वरूप भक्ति-योगादिको विवेचन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२) पाठ्यग्रन्था: (क) श्रीमद्भागवतम् (तृतीयस्कन्धे १७ - ३० अध्याय)
(ख) सांख्यतत्वकौमुदी (एकादशकारिकात: समाप्तिपर्यन्त)
(ग) श्रीमद्भगवद्गीता (दशमाध्यायत: समाप्तिपर्यन्ता)

सहायकग्रन्था: (१) गीता प्रवचन - विनोवा भावे
(२) सांख्य कारिका -
(३) कल्याण- श्रीमद्भागवत विशेषांक

१३) समस्या र समाधान - सांख्यदर्शनको एउटै ग्रन्थको २ पत्रमा द्वितीय र तृती अध्ययन प-यो । यदि एकै वर्षमा दुवै पत्र परे भने अध्ययन स्थान दुइ फि परेमा पूर्वग्रन्थ न पढीकन उत्तर ग्रन्थ पढ्नै पर्ने हुन्छ । दुईवर्षमा प-यो आधा ग्रन्थ पूर्व वर्षमा परेको हुनाले त्यसको सम्बन्धस्थापन गर्नुपर्ने हुन्छ अत: प्रथम तृतीयपत्रको सांख्यदर्शनम् प्रकरण एकै पत्रमा राख्नु उचित हुने किन्च भगवद्गीताको पनि पृथक् पृथक् पत्रमा अध्ययन गर्नुको अपेक्षा एकै ग गर्नु राम्रो हुनेछ । त्यसो हुंदा श्रीमद् भगवद्गीता सम्पूर्ण प्रथम पत्रमा र सांख्यतत्वकौमुदी सम्पूर्ण तृतीय पत्रमा निवेश गर्नु उचित देखिन्छ । किन्च सांख्यतत्वकौमुदीमा कारिका रहेकोले पुन: सहायक ग्रन्थको रूपमा सांख्यका को उल्लेख आवश्यक देखिंदैन । विषयोद्देश्यको पूर्ति गर्ने ग्रन्थहरूको न्यूनता पनि देखिन्छ । पुराणहरूको सामाजिक उपयोगिता कसरी बुझाउने कुन ग्र लेख्नुपर्ने ।

२.२.१५ शांकरवेदान्त -

१) विषयशिक्षणोद्देश्य (१) वेदान्तको प्रमाणप्रमेयको सम्यगवोध
(२) औपनिषद्तत्वबोधको क्षमता उत्पादन
(३) कर्मभक्तिज्ञानयोगविवेचनमा निपुणता सम्पादन
(४) उपनिषद्का अर्थको ब्रम्हमीमांसाशास्त्रीयपद्धति सिद्धान्तको आविष्कार र तर्कद्वारा पनि ... मा दक्षता सम्पादन
(५) वेदान्तशास्त्रको गम्भीर अध्ययनको पृष्ठभूमि ...
(६) आत्मतत्व विवेक दक्षता उपार्जन गर्नु ।
(७) ... राष्ट्रसमाज धर्मसंस्कृति परम्परा सेवक को उत्पादन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) पाठ्यांश नाम- वेदान्त प्रमाणप्रमेय प्रयोजन विचार:

पत्र नाम - प्रथम

पाठ्यांशोद्देश्य - (१) वेदान्त सिद्धान्तानुसार प्रत्यक्षादिप्रमाणको सम्यक् विवेकोत्पादनद्वारा परमपुरुषार्थको सिद्धि हुन्छ भन्ने ज्ञान उत्पादन गर्नु ।

(२) ब्रम्हको तटस्थलक्षणको ज्ञानको साथ मोक्ष रूप नि:श्रेयस प्राप्तिको साधन ज्ञान मात्रै हो अन्य हैन, यसज्ञानको निपुणता उत्पादन गर्नु ।

३) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - प्रत्यक्षप्रकरणम्, २८ वेदान्तपरिभाषा प्रत्यक्षखण्ड

(ख) प्रकरण - अनुमाननिरूपणादर्थापत्तिनिरूपण पर्यन्तो भाग: ३२ अंक प्रतिभाति वेदान्त परिभाषा

(ग) प्रकरण - अनुपलब्धि विषय प्रयोजननिरूपणम्(इतिप्रतिभाति) ४० वेदान्त परिभाषा

४) पाठ्यग्रन्था: धर्मराजाध्वरीन्द्रकृत वेदान्तपरिभाषा सम्पूर्ण

५) समस्या र समाधान र - प्रत्यक्षादि प्रमाणको सम्यक् ज्ञानले प्रमेय सिद्धिमा काम दिने हो ब्रम्हको ज्ञानले परमपुरुषार्थसिद्धि हुन्छ । ब्रम्हको तटस्थ लक्षणको साथै स्वरूपलक्षण बताउन पनि युक्ति युक्त होला ।

६) पाठ्यांश नाम - आत्मस्वरूपावबोध:, कर्मभक्तिज्ञान योगमीमांसातत्व विवेकश्च

पत्र नाम - द्वितीय

पाठ्यांशोद्देश्य -(१) उपनिषत्प्रतिपादित सिद्धान्तको ज्ञानपूर्वक परमपुरुषार्थ प्रकाशनमा निपुणतोत्पादन ।

(२) कर्मभक्तिज्ञान योग रहस्य प्रकाशनमा सामर्थ्य सम्पादन ।

(३) आत्मतत्वविवेक क्षमताको उद्बोधन ।

७) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - ईशकेनकठप्रश्नोपनिषत्प्रतिपाद्य ब्रम्हविद्या विचार:, २४

(ख) प्रकरण - मुण्डकमाण्डूक्य तैत्तिरीयोपनिषत्प्रदर्शित परापर विद्यामीमांसा २६, प्रकरणोक्त उपनिषदहरू

(ग) प्रकरण -अर्जुनविषादादि विविध योगमीमांसा, आत्मतत्वविवेकश्च ४०+१० गीता पन्चदशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८) पाठ्यग्रन्था: (क) ईशकेनकठप्रश्नमुण्डकमाण्डूक्य तैत्तिरीयैतरेयोपनिषद: शांक-
नुसारार्थ सहिता:
(ख) श्रीमद्भगवद्गीताया: १ - १८ अध्याया: शांकरभाष्य
सहिता :
(ग) पञ्चदश्यास्तत्वविवेक प्रकरणम्

९) समस्या र समाधान - गीताको अंक पूरै ५० राख्नु उचित देखिन्छ । ४० ...
न्यून देखिन्छ । शांकरानुसारि अर्थ सहितको गीताको पाठ्यविषय गहन ...
हुन्छ । पञ्चदशीको तत्वविवेकलाई उपनिषद्हरूबाट १० अंक झिकेर २०...
अंकको उपनिषद १० अंकको तत्वविवेक ५० अंकको गीता राख्नु उचित दे...

१०) पाठ्यांश नाम - ब्रम्हविचार
पत्र नाम - तृतीयम्
पाठ्यांशोद्देश्य -(१) वेदान्तवाक्यको समन्वय र अध्यास प्रतिपादनमा
निपुणता
(२) अन्यमतखण्डनपूर्वक अद्वैतसिद्धान्तस्थापनाकुशलता
(३) ब्रम्हज्ञानसाधनमार्गमा अव्याहत गति
(४) ब्रम्हज्ञान फल प्रतिपादनमा दक्षता

११) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - वेदान्तवाक्यानां समन्वयबोध: अध्यास बोधश्च, २८ जिज्ञा...
...कग.
(ख) प्रकरण - दार्शनिक विभिन्नमत खण्डनपूर्वक अद्वैतमतस्थापनम्, ३२, ब्रम्ह...
(ग) प्रकरण - ब्रम्हज्ञानसाधनफलबोध:, ४०, तत्तत्प्रतिपत्त्यधिकरणादि...

१२) पाठ्यग्रन्था:(क) ब्रम्हसूत्र चतु: सूत्री शांकरभाष्य सहिता
(ख) अध्यासभामती
(ग) अवशिष्ट ब्रम्हसूत्र ग्रन्थश्च(शांकरभाष्यानुसारि व्याख्या ...

१३) समस्या र समाधान - ब्रम्हसूत्र चतु:सूत्र्यतिरिक्त सम्पूर्ण नै पाठ्यग्रन्थ शां...
को अध्ययन सहित भएकोले अंक न्यून नै भयो । अत: ब्रम्हसूत्रको अवशिष्ट...
अंक र अध्यासभामतीलाई २० अंक भए पुग्छ । यो पाठ्यांशको पनुर्निर्धा...
गर्नु पर्छ । प्रथम प्रकरण- ब्रम्हजिज्ञासालक्षणप्रकरणम् र त्यसमा चतु: सू...
शांकरभाष्य १५ अंक द्वितीयप्रकरण अध्यास विचार: र त्यसमा अध्यास...
२० अंक तेस्रो प्रकरण अद्वैत मतस्थापनम् ब्रम्हज्ञानसाधनफलबोधश्च ६५ अं...
राखेमा उचित हुने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.२.१६ पूर्वमीमांसा -

१) विषयोद्देश्य -(१) वेदार्थ निर्णय

(२) हिन्दुसंस्कृतिको सम्पन्न नेपाल अधिराज्यको धार्मिक पदाचार र धार्मिक व्यवहारमा दार्शनिक पृष्ठभूमिको ज्ञान

(३) मीमांसा न पढेका छात्रहरूको मीमांसाशास्त्रीयज्ञान सम्पादन

(४) स्नातकोत्तरमा प्रवेश चाहने छात्रको प्रवेशयोग्यता सम्पादन

२) पाठ्यांश नाम - धर्मप्रमाणादि विचार:

पत्र नाम - प्रथम

पाठ्यांशोद्देश्य - (१) नेपाल अधिराज्यमा प्रचलित वैदिक सनातन धर्मका व्यावहारिक पदाको छात्रमा ज्ञानोत्पादन

३) प्रकरण, अंक र पाठ्यविषय -

(क) प्रकरण - कर्म भेदनिरूपणम्, ४०, न्यायमाला १ अध्याय

(ख) प्रकरण - कर्मभेदनिरूपणम्, ४०, न्यायमाला २ अध्याय

(ग) प्रकरण - कर्मणा मङ्गाङ्गीभावादिविचार:, २० न्यायमाला तृतीयाध्यायको चतुर्थपादपर्यन्त, का.श्रौ.सू १ अध्याय

४) पाठ्यग्रन्था: (१) जैमिनीयन्यायमालामा आदिप्तस्तृतीयाध्यायस्य चतुर्थपादान्तो भाग:

(२) कात्यायन श्रौतसूत्रस्य प्रथमाध्याय

५) वैदिक सनातन धर्मको व्यावहारिक पदाको ज्ञान गराउने पाठ्यवस्तु राख्नुपर्ने देखिन्छ । प्रकरणमा दुइ प्रकरणकै नामका भएकोले प्रथम प्रकरणको विध्यर्थवादादेखिन्छ । प्रकरणमा दुइ प्रकरणकै नामका भएकोले प्रथम प्रकरणको विध्यर्थवादा- दिप्रमाणम्' र द्वितीयको' यागदानादि कर्मभेद ' तृतीयको' शेषशेषित्व विचार:' नाम राख्नु उचित देखिन्छ । किन्च प्रथम र द्वितीय प्रकरणमा ३५ + ३५ अंक राखेर तृतीयमा ३० अंक राख्नु उचित देखिन्छ।अन्यथा कात्यायन श्रौतसूत्रको प्रथमाध्याय सहित जैमिनीय न्यायमालाको तृतीयाध्याय चतुर्थपादौंत पाठ्यग्रन्थ भएको प्रकरणको २० अंक अति न्यून हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) पाठ्यांश नाम - धर्मलक्षणादिविचार:
पत्र नाम - द्वितीयम्
पाठ्यांशोद्देश्य- वैदिक विध्यर्थवादादिको प्रमाण प्रमेयादिको व्रतविचारादिको परिज्ञान ।

७) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण - विध्यर्थवादादिविचार: ४० मीमांसान्यायप्रकाश पूर्वार्द्ध
(ख) प्रकरण- प्रमाणप्रमेयादि विचार: ४० मानमेयोदय पूर्वार्द्ध:
(ग) प्रकरण - व्रतनिरूपणादि विचार: २० शतपथ ब्राम्हण प्रथमाध्याय

८) पाठ्यग्रन्था: (१) मीमांसान्याय प्रकाश: पूर्वार्द्धम्
(२) मानमेयोदय: पूर्वार्द्धम्
(३) शतपथ ब्राम्हणस्य प्रथमो(ध्याय

९) समस्या र समाधान- कुनै पनि ग्रन्थ यदि उपादेय छ भनेर त्यो सम्पूर्ण पाठ्य छ भने एकै स्थानमा राख्न मिल्ने भएमा एकै स्थानमा राख्नु उचित देखिन्छ। अन्यथा त्यस ग्रन्थको दुइ स्थानमा पाठ हुंदा पूर्वापर सम्बन्ध न मिल्ने हुन्छ। अत: मीमांसा न्याय प्रकाशको उत्तरार्द्धको द्वितीय प्रकरण बनाउनु र मानमेयोदयको प्रकरण यस पाठ्यांशबाट पृथक् गर्नु उचित देखिन्छ ।' साथै मानमेयोदयको पूर्वार्द्धमा केवल प्रमाण विचार हुनाले " प्रमाण विचार: " को नै नाम राख्नु उचित देखिन्छ ।

१०) पाठ्यांश नाम - मन्त्रलक्षणादि विचार
पत्र नाम - तृतीयम्
पाठ्यांशोद्देश्य- वैदिक मन्त्रनामधेयनिषेध भावनादिको परिज्ञान ।

११) प्रकरण, अंक र पाठ्यविषय-
(क) प्रकरण- मन्त्रनामधेयादि विचार: ३०, मीमांसा न्याय प्रकाश:उत्तरार्द्ध
(ख) प्रकरण - मीमांसाभिमत प्रमाण प्रमेयादिज्ञानम्, ३०, मानमेयोदयकोउत्तरार्द्ध
(ग) प्रकरण - मीमांसाशास्त्रम् ४० शास्त्रदीपिका तर्कवाद

१२) पाठ्यग्रन्था: (१) मीमांसा न्याय प्रकाश उत्तरा: ...
(२) मानमेयोदयको उत्तरार्द्ध
(३) तर्कवादशास्त्रदीपिकाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३) समस्या र समाधान- (ख) प्रकरणको प्रमेयादिज्ञानम् राख्नु उचित हुनेछ। उत्तरार्द्धमा प्रमाणको विचार छैन प्रमेयको मात्रै छ। साथै यस पाठ्यांशको मीमांसा न्याय प्रकाशको उत्तरार्द्ध झिकेर द्वितीय पत्रमा राख्नु र मानमेयदयको पूर्वार्द्ध यस पाठ्यांशमा राख्नु उचित हुनेछ। सम्पूर्ण यो पाठ्यांश नै मीमांसा-शास्त्र हुनाले मीमांसा तर्क राख्नु उचित हुनेछ।

२.२.१७ धर्मशास्त्रम् -

१) विषयोद्देश्य- धर्मको, कर्मको, राजनीतिको, व्यवहारनीतिको, तापसको मोदाको संन्यासको व्यवहारस्थापनको...... ज्ञान युक्त जनशक्तिको उत्पादन।

२) पाठ्यांश नाम - धर्माधर्मविधिविचारो जगत: समुत्पत्ति संस्कार विध्यादि व्यवहारनिर्णयश्च

पत्र नाम - प्रथम

पाठ्यांशोद्देश्य -(१) धर्माधर्मविचारज्ञान युक्त जनशक्तिको उत्पादन

(२) संसारको उत्पत्तिको ज्ञानले युक्त जनशक्तिको उत्पादन

(३) संस्कारविधि आदि व्यवहार निर्णय गर्ने जनशक्तिको उत्पादन।

३) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - धर्माधर्मविधिविचार: २० मीमांसा परिभाषा(सम्पूर्ण)

(ख) प्रकरण - जगदुत्पत्ति संस्कार विध्यादि निरूपण, ४०, मनुस्मृतिसप्तमाध्यायान्त

(ग) प्रकरण - कार्य निर्णयादय: ४० मनुस्मृति ७ - १२ अध्याय

४) पाठ्यग्रन्था: (१) मीमांसापरिभाषा सम्पूर्ण,

(२) मनुस्मृति: सम्पूर्ण

५) समस्या र समाधान - पाठ्यांशको विषयको उद्देश्य अनुरूप विषयवस्तुज्ञानको निमित्त केही सहायक पुस्तकहरूको निर्देश हुनुपर्ने देखिन्छ। धर्मशास्त्रको इतिहास जस्तो ग्रन्थ सहायक पुस्तकको रूपमा राखिनु उचित हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) पाठ्यांश नाम - वर्णाश्रम धर्म विचार संस्कारविचारश्च

पत्र नाम - द्वितीयम् पत्रम्

पाठ्यांशोद्देश्य -(१) वर्णाश्रम धर्मज्ञान सम्पादन समर्थ जनशक्तिको उत्पादन

(२) राजधर्मज्ञान सम्पादन समर्थ जनशक्तिको उत्पादन

(३) विवाहादि संस्कारज्ञान सम्पादन समर्थ जनशक्तिको उत्पादन

७) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - ब्रम्हचारिधर्मविचारो, वर्णजातिविवेकज्ञानविचारश्च २५ याज्ञवल्क्यस्मृति

(ख) प्रकरण - गृहस्थ धर्म विचारो राजधर्म विचारश्च २५ याज्ञवल्क्यस्मृति

(ग) प्रकरण - विवाहादि संस्कार विचार : ५० पारस्करगृह्यसूत्र

८) पाठ्यपुस्तकानि- (१) मीताक्षरा याज्ञवल्क्यस्मृति(आचाराध्याय:)

हरिहरभाष्यसहितम् पारस्कर गृह्यसूत्रम्

९) समस्या र समाधान - पारस्कर गृह्यसूत्रमा अंक न्यून छ ,अत: याज्ञवल्क्यस्मृतिको ५ + ५ = १० अंक यसमा थपेर ६० अंक गर्नु उचित हुनेछ ।

१०) पाठ्यांश नाम -प्रायश्चित विचार: संस्कार विचार आह्निकविचारश्च

पत्रनाम - तृतीयम्

पाठ्यांशोद्देश्य- यसको अध्ययनले छात्र - आशौचज्ञानमा आपदधर्मज्ञानमा, वानप्रस्थ धर्मज्ञानसम्पादनमा, यतिधर्म-प्रायश्चित रहस्य प्रायश्चित चान्द्रायणादिव्रत, गर्भाधानादिसंस्कार आह्निकाचार, देवप्रतिष्ठा दानुकाले आदि विषयको ज्ञानमा समर्थ हुनेछ।

११) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण - आशौच विचार आपदधर्मविचारो वानप्रस्थधर्मविचारो यतिधर्म विचारश्च २५ याज्ञवल्क्यस्मृति:

(ख) प्रकरण - प्रायश्चित विचार: अंक २५ हुनुपर्ने याज्ञवल्क्यस्मृति प्रायश्चित्ताध्याय

(ग) प्रकरण - संस्कार विचार आह्निकविचारश्च ५० धर्मसिन्धु तृतीय परिच्छेद पूर्वार्द्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२) पाठ्यपुस्तकानि –(१) समिताक्षरायाज्ञवल्क्यस्मृतिः प्रायश्चित्ताध्याय

(२) धर्मसिन्धुः (तृतीयपरिच्छेदस्य पूर्वार्द्ध भागः)

सहायकपुस्तक – प्रायश्चित्त विवेक

१३) समस्या र समाधान – नामकरणलध्वर्थं हो आशौचापदवानप्रस्थयति धर्मविचारः यस्तो नाम राखेमा उचित हुनेछ । साथै विषयको उद्देश्य अनुरूपको राजनीति आदिज्ञानको निमित्त सहायक ग्रन्थहरू महाभारतादि निर्देश गर्नु उचित देखिन्छ ।

२.२.१८ सर्वदर्शनम् –

१) विषयोद्देश्य–(१) प्राच्यदर्शनको गम्भीरज्ञानद्वारा देशनरेश भक्तिपूर्ण जनशक्तिको उत्पादन

(२) परतर्कनिवारण समर्थ जनशक्तिको उत्पादन

(३) द्वैतत्ववाद विरोधी प्रमाण प्रस्थापन सामर्थ्योत्पादन

(४) नास्तिकास्तिकदर्शनको स्वरूप विवेचन सामर्थ्योत्पादन

(५) स्नातकोत्तमा सर्वदर्शन पढ्न सक्ने जनशक्तिको उत्पादन

(६) प्रज्ञाप्रतिष्ठाना अभिलेखालय आदिमा दर्शनको कार्य गर्न सक्ने जनशक्तिको उत्पादन

(७) प्राच्यदर्शनको उत्कृष्टता प्रकट गर्न सक्ने जनशक्तिको उत्पादन

(८) आत्मसंयमादि नैतिक गुणको सम्पादन सामर्थ्योत्पादन

(९) विभिन्न संस्थानहरूमा र राजपत्रांकित अधिकृतस्तरमा कार्य गर्न सक्ने सामर्थ्यको उत्पादन ।

२) पाठ्यांश नाम – द्रव्यादिपदार्थ विचारो धर्मादिविचारश्च

पत्र नाम – प्रथम

पाठ्यांशोद्देश्य– तर्क द्वारा विषयज्ञान गर्न सक्नु प्राच्यदर्शन भेदजान्नु मंगलको सफलता सिद्ध गर्नु, द्रव्यादिपदार्थको विचार गर्नु आदि ।

३) प्रकरण, अंक र पाठ्यविषय–

(क) प्रकरण– वैशेषिक दर्शनानुसारं प्रमाणविचारः प्रत्यक्षप्रमाणनिरूपणञ्च ४५ मुक्तावलीप्रत्यक्षखण्ड ३५ अथवा सोपस्कार वैशेषिकदर्शनप्रकरणम् ४५ षडध्यायान्त

(ख) प्रकरण – वैशेषिकदर्शन प्रशस्तपादभाष्यम् ३५ प्रशस्तपादभाष्यम्

(ग) प्रकरण–मीमांसादर्शनं धर्मलक्षणविविधविधिवाक्यविचारः न्यायमाला ३पाद·२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) पाठ्यग्रन्था:(१) न्यायमुक्तावली प्रत्यक्ष खण्डान्ता

अथवा

न्याय(दर्शन) विषयक प्रमाणपत्र परीक्षोत्तीर्णानांकृते

सोपस्कार वैशेषिकदर्शनमादित: षष्ठाध्यायान्त

(२) प्रशस्तवादभाष्यम् (सम्पूर्णम्)

(३) जैमिनीय न्याय मालाभा प्रथमाध्याये त्रय:पादा:

५) समस्या र समाधान - जैमिनीय न्यायमालाको प्रथमाध्यायमा एकपाद पनि राख्नुपर्ने देखिन्छ ।

६) पाठ्यांश नाम- वेदान्तानुसारं प्रमाणानि सांख्यानुसारं प्रकृति पुरूषादयो नास्तिकदर्शनानुसारंमात्मादिविचार शैवप्रत्यभिज्ञाद्यनुसारंतत्व विचारश्च

पत्रनाम - द्वितीयम्

पाठ्यांशोद्देश्य- प्रमा र प्रमाणको ज्ञानोत्पादनादि ।

७) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण- वेदान्तानुसारं प्रमा प्रमाणादि विचार: ४५ वेदान्तपरिभाषा ऽनुपलब्धिपर्यन्ता:

(ख) प्रकरण- सांख्यानुसारं दु:खत्रय प्रमाण प्रकृति पुरूषादिविवेचनम् ३५ सांख्यतत्वकौमुदी

अथवा

बन्धमोक्षविचार प्रकृति पुरुषादिसिद्धि प्रकृतिपुरूषविवेक सांख्यप्रवचन- भाष्य

(ग) चार्वाक बौद्धदर्शन जैन रामानुजपूर्णप्रज्ञ पाशुपत शैवप्रत्यभिज्ञादर्शनानि २०

८) पाठ्यग्रन्था: (१) वेदान्तपरिभाषा आदितोऽनुपलब्धिपरिच्छेदान्ता

(२) सांख्यतत्वकौमुदी अथवा

न्याय(दर्शन) विषयक प्रमाणपत्र परीक्षोत्तीर्णानां छात्राणां कृते

सांख्यप्रवचनभाष्यस्यादितस्तृतीयाध्यायान्तो भाग:

(३) सर्वदर्शन संग्रह चार्वाकबौद्धजैन रामानुजपूर्णप्रज्ञपाशुपत शैवप्रत्यभिज्ञादर्शनानि

सहायकग्रन्था: सांख्य विवेक - चूडानाथ भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९) समस्या र समाधान - पाठ्यांशनाम ठूलो भयो वेदान्त सांख्य नास्तिक शैवादि-दर्शनानुसारं प्रमाणादिविचार: उचित हुनेछ ।

१०) पाठ्यांश नाम - न्याय बिन्दु: विज्ञप्तिमात्रतासिद्धि, ब्रम्हसूत्रशांकरभाष्यन्च
पत्र नाम - तृतीयम्
पाठ्यांशोद्देश्य- बौद्धदर्शनानुसार प्रत्यक्षविचार, विज्ञप्तिमात्रतासाधन ब्रम्हलक्षणादिनिरूपण ।

११) प्रकरण, अंक र पाठ्यविषय-

(क) प्रकरण- बौद्धदर्शनानुसारं प्रत्यक्ष प्रमाण विचार: २० न्यायबिन्दु१परिच्छेद
(ख) प्रकरण- विज्ञप्ति मात्रतासिद्धि: ३० विज्ञप्तिमात्रतासिद्धि:
(ग) प्रकरण - ब्रम्हलक्षणादिविचार: ५० ब्रम्हसूत्रशांकरभाष्य

१२) पाठ्यग्रन्था: (१) न्यायबिन्दु: धर्मोत्तरटीकासहित
(२) विज्ञप्तिमात्रतासिद्धि:
(३) ब्रम्हसूत्रशांकरभाष्यम् (प्रथमोऽध्यायो द्वितीयाध्याये प्रथम द्वितीय पादौच)

सहायकग्रन्था: (१) अद्वैत चूडामणि: चूडानाथ भट्टराय
(२) दर्शन समुच्चय: ,,

१३) न्यायबिन्दु: पाठ्यग्रन्थ प्रकरणानुसार प्रत्यक्षखण्ड मात्रै छ किन्तु पाठ्यग्रन्थमा प्रत्यक्ष खण्ड मात्र शब्द उल्लेख न भएकोले त्यसको उल्लेख हुनुपर्नै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.३ आचार्य(स्नातकोत्तर)स्तरका पाठ्यविषयहरू-

२.३.१ स्नातकोत्तर क्षेत्रको अध्ययन विशेष योग्यताको निमित्त गरिन्छ, आचार्यको उपाधि प्राप्त गर्नुको अर्थ त्यस विषयमा प्रौढ पाण्डित्य सम्पन्न भएको भन्ने बुझिन्छ । त्यसो हुंदा स्नातकस्तरसम्म अनिवार्य मूल साझा ऐच्छिक ४ वर्गमा विभक्त पाठ्यविषय स्नातकोत्तरस्तरमा केवल एक वर्ग मूलमा मात्र सीमित छ र स्नातकोत्तरस्तर तीन वर्षमा पूर्ण हुन्छ । प्रत्येक वर्षमा ९०० अंकका ४ प्रश्नपत्र हुन्छन् र यस रीति १२०० अंकका १२ प्रश्नपत्र हुन्छन् ! सम्पूर्ण पाठ्यक्रम शास्त्रीय विषय(मूलविषय) को नै हुनाले सो पाठ्यक्रम संस्कृत अध्ययन संस्थानले स्वयं निर्माण गरेको छ । स्नातकोत्तरमा पाठ्य शास्त्रीय विषयहरू निम्नलिखित छन् -

१) वेद २) व्याकरण ३) सिद्धान्तज्यौतिष ४) फलितज्यौतिष
५) प्राचीनन्याय ६) नव्यन्याय ७) साहित्य ८) इतिहासपुराण
९) पूर्वमीमांसा १०) शांकरवेदान्त ११) धर्मशास्त्र १२) सर्वदर्शन ।

यसमा पनि फलितज्यौतिषको अध्ययनको व्यवस्था हुन न सकेकोले केवल ११ विषयको मात्रै अध्ययनाध्यापन चलेको छ । वाराणसीमा भने २४ विषयको पाठ्यक्रम निर्मित भएको छ ।

२.३.२ यस्तो हुंदा कहीं पनि संस्कृतमा छात्रहरूको न्यूनता छ । आचार्य गर्ने छात्र अंगुलीगण्य मात्रै हुन्छन् । त्यसो हुंदा यसको व्यावसायिकीकरणको निमित्त केही आधुनिक विषयहरूको अतिरिक्त ऐच्छिक विषयको रूपमा स्नातकोत्तर तहमा पनि समावेश गर्ने भन्ने संस्तुति यस कार्यपत्रमा गरिएको छ । यसो गरिएमा छात्रहरूलाई दुइ अध्ययन संस्थानमा दौड्न पर्दैन र समयको क्षतको साथै शारीरिक श्रम पनि पर्दैन । स्नातकोत्तर दुवैतिर पढ्न दिने विश्वविद्यालयको नै नीति भएकोले र संस्कृतका छात्रहरूले प्रायः दुइ क्षेत्रमा अध्ययन गरी रहेका हुनाले छात्रहरूलाई दुइ स्थानमा पढ्न पर्ने कठिनाइ हटाउन यो व्यवस्थाको संस्तुति गरिएको हो । साथै यस्तो व्यवस्थाभएमा संस्कृतको अध्ययन गरेर मात्रै अन्य अध्ययनमा सफलता प्राप्ति हुने हुनाले संस्कृताध्ययनमा पनि प्रवृत्त हुनुपर्ने यस व्यवस्थाले ल्याउन सक्छ भन्ने आशा गर्न सकिन्छ । रात्रिकालिक र प्रातःकालिक अध्ययन व्यवस्था गरेर विश्वविद्यालयले सेवा कार्यरत व्यक्तिहरूलाई पनि पढ्न पाउने व्यवस्था गरेको छ । १० बजेदेखि ५ बजेसम्म कुनै कार्यालयमा कार्य गरेर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै व्यक्ति स्नातकोत्तर अध्ययन गर्न सक्षम हुन्छ भन्ने कुरा मानिन्छ भने स्नातकोत्तरमा दुइतिर पढ्न पनि सक्षम हुन सक्छ भन्ने कुरा पनि स्वीकार गर्न सकिन्छ ।

२.३.३ संस्कृत क्षेत्रको व्यावसायिकीकरण गर्नुपर्ने आवश्यकता अत्यन्त टडकारो रूपमा स्पष्ट छ । छात्रहरू संस्कृतको साथ अन्य विषयको अध्ययन व्यवसायको निमित्त नै गर्छन् । संस्कृतको अध्ययन स्नातकस्तरसम्म अनिवार्य रूपमा प्रारम्भ न भएसम्म यस्तो व्यवस्था चलाउनु आवश्यक देखिएको छ । यसले गर्दा स्वसंस्कृति र स्वदेश, नरेश, ईश भक्त जनशक्तिको उत्पादन गर्न सकिएला भन्ने कुरा हामीलाई लागेको छ ।अतः स्नातकोत्तरस्तरमा अतिरिक्त ऐच्छिक विषयको रूपमा -

१) नेपाली २) प्राचीनइतिहास र संस्कृति ३) अर्थशास्त्र ४) राजनीतिशास्त्र ५) शिक्षाशास्त्र यी पाँच विषयहरूको समावेश गर्नु उचित हुनेछ । यी विषयहरू अतिरिक्त विषयको रूपमा लिएर आचार्य उत्तीर्णलाई तत्तत् अतिरिक्त विषयमा एम०ए० उत्तीर्ण सरह मानिनु पर्छ र तदनुसार प्रतियोगितामा सम्मिलित हुने अधिकार हुनु पर्छ ।

२.३.४ शास्त्रीय विषय मूल विषयको नाममा अध्यापन गराइने विषयहरूको पनि संख्यावृद्धि गर्नु उचित देखिन्छ । ११ विषयको अध्यापन २०२५ सालदेखि चलेको हो। आजसम्म त्यो नै स्थिति छ । वाराणसीमा १९५४ मा आचार्य कक्षामा २५ विषयको अध्यापनको व्यवस्था थियो । १९६० मा २८ विषयको र १९७२ मा ३४ विषयको अध्यापनको व्यवस्था भएको पाइन्छ । हाम्रो विश्वविद्यालयमा पनि क्रमशः नवीन विषयहरूको समावेश गर्नु उचित हुनेछ । अतः मूल विषयको अध्ययनमा १) बौद्धदर्शन २) आगम(तन्त्र) ३) प्राचीनव्याकरण ४) सांख्ययोग ५) प्राचीनराजशास्त्रार्थशास्त्र(नीतिशास्त्र(६) वेद नैरुक्तप्रक्रियाको तत्काल समावेश गर्नु उचित देखिन्छ । विषयहरूको वृद्धिको क्रम निश्चित गर्नु पनि उचित देखिन्छ । वेद विषयमा केवल शुक्ल यजुर्वेदको माध्यन्दिन शाखा मात्रै चलेको छ । चारै वेदको अध्ययनको साथै वेदनैरुक्तप्रक्रियाको पनि अध्यापन चलाउनुपर्ने आवश्यकता देखिन्छ ।

हाम्रो पाठ्यक्रमबाट पाठ्यविषयको पत्ता लगाउनु पनि सामान्य दृष्टिले हेर्दा कठिन जस्तो हुन्छ । विषयोद्देश्य, प्रकरणोद्देश्य, प्रकरण हेर्दा पाठ्यांश विषय कति हो त्यसको ज्ञान गर्न असजिलो पर्ने देखिएको छ । साथै प्रत्येक प्रकरणको अंक विभाजनले मूल्यांकन(परीक्षा)मा पनि कठिनता ल्याएको छ । निर्धारित पाठ्यविषयमा चाहेको अंशमा प्रश्न गर्न सक्ने प्राश्निकको अधिकारको विषय रहेन, निर्धारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकरणमा निर्धारित अंक हुनैपर्ने बाध्यताले पनि पाठ्यवस्तु बाँधिएको छ । यस रीतिले प्राश्निक (परीक्षक)को योग्यतामा पनि यस पाठ्यक्रमले प्रश्न चिन्ह लगाई दिएको जस्तो छ । प्रकरण निर्धारण, प्रकरणोद्देश्यले पाठ्यवस्तुको परिचय प्राप्त गर्न सुविधा भएको छ र यो उचित हो, तर प्रकरणको अंक निर्धारणमा पनि विशेष सुधार गर्नु आवश्यक देखिन्छ । साथै यस पाठ्यक्रमको साथै प्रत्येकपत्रको पाठ्यपुस्तकहरूको मात्रै उल्लेख भएको पाठ्यविषयसार तैयार पार्नु पनि उचित हुनेछ ।

२.३.५ संस्कृत अध्ययन संस्थानको स्नातकोत्तर तहमा अध्यापन विषयहरूको तुलनात्मक दृष्टिले अध्ययन गर्नु आवश्यक छ । प्रत्येक विषयका विद्वान्हरूले बेग्लाबेग्लै आ-आफ्नो विषयको समीक्षणात्मक अध्ययन गरेर निष्कर्ष उपस्थापित गरेमा यथार्थ कुरोँ हुनेछ । यहाँ केवल सामान्य अध्ययनमात्रै उपस्थापित गरिएको छ । पाठ्यविषयहरूको पुनरध्ययन गरेर पाठ्यक्रमको पुन निर्धारण गर्नु आवश्यक देखिन्छ । वाराणसीसित र अन्य संस्कृताध्ययनका संस्थानहरूसित पाठ्यविषयको तुलनात्मक दृष्टिले अध्ययन गर्न " पाठ्यक्रम तुलनात्मकाध्ययन समूह " संघटित गरेर त्यसलाई तीनमासको अवधिमा प्रतिवेदन उपस्थापित गर्ने निर्देश गर्नु उचित होला भन्ने हामीले ठानेका छौं ।

२.३.६ यद्यपि स्नातकोत्तरको तुलनात्मक अध्ययन गरेर कार्यपत्र तैयार पारिएको हो। किन्तु टंकण आदिको समयाभावादिलाई विचार गरेर निष्कर्ष मात्रै उपस्थापित गरिन्छ।

२.३.७ शुक्ल यजुर्वेद -

समस्या र समाधान - संहिताभाष्यको सम्पूर्ण अध्ययन हुन सकेको छैन । स्वशास्त्रीयेतिहास निबन्ध तुलनात्मक अध्ययनमा पाठ्यग्रन्थ अथवा सहायक ग्रन्थको निर्देश छैन। नवम पत्रको जैमिनीय न्यायमालालाई केही न्यून गरेर २ प्रकरणमा सीमित पारेर तृतीय प्रकरणमा र अष्टमपत्रको (ख) (ग) प्रकरण हरिश्चन्द्रोपाख्यान र नासदीयसू हटाएर वेद भाष्य राख्न सकिन्छ होला ।

२.३.८ नव्यव्याकरण -

वाराणसीमा राखिएको परमलघुमञ्जूषाले स्थान प्राप्त गर्न सकेको छैन ।विशिष्टाध्ययनमा (द्वादशपत्रमा) अष्टमपत्रको नै पाठ्यविषय राखिएको छ । अतः त्यसको स्थानमा "प्राचीन व्याकरण नव्यव्याकरण स्तुलनात्मकमध्ययनम् " जस्तो विषय अथवा " प्राकृतव्याकरणाध्ययनम् " जस्तो विषय राखेर प्राकृतप्रकाश जस्तोग्रन्थको अध्ययन गराउनु उचित हुने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.३.९ सिद्धान्तज्यौतिष -

सिद्धान्त शिरोमणि ग्रन्थ वाराणसीमा दुइ पत्रको विषय बनेको छ । यहाँ त्यसको निवेश गरिएको छैन । "ग्रहलाघवसारिणी" तृतीय र चतुर्थ दुबै पत्रमा छ। दोहोरिएको जस्तो देखिन्छ । द्वितीय पत्रको (ग) प्रकरणमा आधुनिक ज्यौतिषम् भनेर राखिएकोमा ग्रन्थ तोकिएको छैन । यस विषयमा विषयविशेषज्ञ समितिले विचार गर्नु उचित हुनेछ ।

२.३.१० नव्यन्याय-

पाठ्य सहायकमा अंग्रेजीका पुस्तकहरूको निर्देशले अंग्रेजी न जान्नेलाई कठिनाई पर्छ । संस्कृताध्येता अंग्रेजी पढ्दै हुनुपर्छ भन्न सकिंदैन होला । आत्मतत्व विवेक(वाराणसीमा न भएका) को निवेशले नव्यन्याय प्राचीनन्यायतिर गए जस्तो देखिन्छ ।

२.३.११ फलितज्यौतिष -

स्वशास्त्रीय निबन्ध र इतिहासमा सहायक ग्रन्थको निवेश न्यून देखिन्छ । फलित - ज्यौतिषको विशेषाध्ययन सिद्धान्तज्यौतिषको नै छ । केवल फलितज्यौतिषको विशेषाध्ययन प्रस्तुत गर्नु उचित हुनेछ ।

२.३.१२ प्राचीनन्याय -

समस्या - न्यायवार्तिक ग्रन्थको सम्पूर्ण अध्ययन हुन सकेन । विशिष्टाध्ययनमा केवल एक ग्रन्थ मात्रै भयो । सहायक पुस्तकहरूको पनि निर्देश हुनुपर्ने ।

२.३.१३ साहित्य-

समस्या र समाधान- तृतीय पत्रमा काव्यालंकार कुवलयानन्दको अंक मिश्रित छ । अष्टम पत्रमा पूर्ण एक पत्रनै (७५ अंक) काव्यरचनामा गयो । वाराणसीमा त्यो केवल २० अंकको छ । अत: त्यसमा केही न्यून गरेर साहित्यको कुनै ग्रन्थ राखेमा उचित हुनेछ ।

२.३.१४ इतिहासपुराण--

समस्या र समाधान - अष्टम पत्र(ख) प्रकरणको आवश्यकता छैन, भारतीय इतिहासको अनुकरण आवश्यक छैन । त्यहाँ ग्रन्थ पनि केवल हिन्दीमा छ। अत: त्यसको स्थानमा योगसूत्र भोजवृत्ति राख्नु उचित हुनेछ । त्यो ग्रन्थ वाराणसीमा पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.३.१५ पूर्वमीमांसा-

समस्या र समाधान- अष्टमपत्रमा बृहती, प्रकरण पञ्चिका, न्यायरत्नमालामा अंक छैनन् । द्वादश पत्रमा अध्यापन गर्न कुन पुस्तक लिनुपर्ने स्पष्ट छैन । विशिष्टाध्ययनको मुख्य शीर्षक पनि छैन । स्पष्ट पार्नु आवश्यक छ ।

२.३.१६ शांकरवेदान्त-

समस्या र समाधान- विशिष्टाध्ययनमा भामती प्रस्थान अथवा विवरण प्रस्थानको विशेषाध्ययन राखेमा राम्रो हुने जस्तो देखिन्छ । शांकरभाष्यको एक रीतिले शास्त्रीमा नै अध्ययन भै सकेकोले त्यो अध्ययनने दोहोरिए जस्तो भएको छ । अद्वैतसिद्धिमा ३ पत्र अधि कै जस्तो देखिन्छन्। संक्षेप शारीरकलाई पनि पाठ्यक्रममा स्थान दिनु राम्रो हुनेछ ।

२.३.१७ धर्मशास्त्र-

समस्या र समाधान- पाठ्यविषयमा याज्ञवल्क्यस्मृतिको प्रायश्चित्ताध्याय रहेन । पञ्चम पत्रमा अर्थशास्त्र र मुहूर्तचिन्तामणिका अंक छुटिएनन् । यसै गरी षाष्ठपत्रमा पाराशरस्मृति र श्राद्धविवेकका अंक छुटिएनन् । सप्तम पत्रमा वीरमित्रोदयकादायभाग र बोधायन धर्मसूत्रमा अंक छुटिएनन् । कृत्यसार समुच्चय सम्प्रदाय विशेषको ग्रन्थ जस्तो हुनाले अरू कुनै ग्रन्थ निवेश गर्नु उचित हुनेछ ।

२.३.१८ सर्वदर्शन-

समस्या र समाधान- नवमपत्रमा भामतीको पूरै एक पत्र र शास्त्रदीपिकाको एकपत्र हुनुपर्ने । द्वादशपत्रको विशिष्टाध्ययनमा शास्त्रदीपिका राखेर भागवत र गीता हटाए हुने देखिन्छ । यी दुबै ग्रन्थ सप्तम पत्रमा राखिएका छन् । एकादश पत्रको सहायक ग्रन्थमा धेरै ग्रन्थहरू भए । भारतीय दर्शनको एक ग्रन्थ राखेर अरू हटाएमा हानि हुने छैन । विशिष्टाध्ययनमा सत्रप्रणालीको पाठ्यक्रममा " मृगेन्द्र तन्त्र " र " मालिनीविजयोत्तर तन्त्र " दुइ ग्रथ राखेर तन्त्र (आगम)दर्शनको विशिष्टाध्ययनको व्यवस्था गरिएको थियो । विषयको गहनतालाई ध्यानमा राखेर मृगेन्द्रतन्त्रमात्रै राखेर विशिष्टाध्ययन चलाए पनि हुने देखिन्छ । अरू ग्रन्थसहायक ग्रन्थका रूपमा थपे हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. शिक्षणविधि एवं शैक्षिक सामग्री

३.१ शुक्लयजुर्वेद

३.१(क) वर्तमानस्थिति

३.१(क)(१) प्रमाणपत्र

१) पढिसकेका पाठहरूको दृढताको लागि गुरू र छात्रहरूका बीचमा सामूहिक अभ्यास, चर्चा र तिनीहरूका छन्दहरूको बारेमा ज्ञान प्रेम्कसम्वाद गर्नु - गराउनु,

३.१(क)(२) शास्त्री

१) पूर्ववत्

३.१(क)(३) आचार्य

१) पाठ्यांशहरूको उद्देश्य प्रदर्शन पूर्वक ज्ञातव्यवस्तुहरूको परिचय प्रदान गर्नु र अरू पाठ्यांशहरूका साथ सम्वन्ध देखाउनु,

२) पाठ्यांशहरूका आशय वताउनु, पाठ र तिनका प्रतीकहरूको राम्री व्याख्यान दिनु,

३) सम्वद्ध विषयहरूलाई विश्लेषणात्मक रूपले प्रकाशित गर्नु,

४) छात्रहरूलाई आपसमा पाठको तात्पर्य बुझ्ने-बुझाउने काममा प्रेरणा दिनु,

५) पहिले पढिसकेका पाठको गुरूका साथ वारंवार अभ्यास गर्ने काममा छात्रहरूलाई प्रवृत्त गराउनु, र

६) दर्शपूर्णमास यागमा प्रयोग गरिने पात्रहरूको परिचय प्रदान गर्नु ।

३.१(ख) समस्याहरू

३.१(ख)(१) प्रमाणपत्र

१) कण्ठस्थ गर्ने प्रक्रियाहरूको उल्लेख छैन ।

२) मन्त्रहरूको स्वस्वर पाठ गर्दा गरिने हस्तचालन र स्वरका आरोह-आवारोहहरूको महत्ववारे वताउनेविधि उल्लिखित छैन ।

३) उद्देश्य र पाठ्यविवरणमा उल्लेख भएका कुण्ड-मण्डप निर्माणविधि एवं चूडोपनयन विवाह आदि संस्कारहरूका विधि एवं मुहूर्त ज्ञान गराउने प्रक्रियाहरूको उल्लेख भएको छैन ।

३.१(ख)(२) शास्त्री

१) उद्देश्यानुरूप पाठ्यविषयहरूमा सम्मिलित भएका इष्टि आदि श्रौतयज्ञ, दर्शपूर्णमास यागहरू, स्मार्तकर्म र संस्कारहरूको प्रयोग आदि विषयमा समुचित ज्ञान गराउने विधिहरूको उल्लेख छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) वैदिकस्वरज्ञान , पद, क्रम, जटा, घन आदि विकृतिपाठ, एवं वैदिक शब्दहरूको सिद्धि निर्वचन आदि उल्लिखित पाठ्य विषयहरूको शिक्षण विधिहरूको समावेश भएको छैन ।

३) शास्त्री तहमा सैद्धान्तिक विषयहरूको साथै प्रायोगिक विषयहरूको पनि समावेश भएको छ, तर तिनीहरूको प्रयोग गरेर सिकाउने समुचित विधिहरूको उल्लेख भएको छैन ।

४) शास्त्री तहमा शिक्षणविधि अन्तर्गत " पूर्ववत् " लेखिएको छ । यसले प्रवीणता प्रमाणपत्र तहहरूको शिक्षणविधि यस तहमा पनि अपनाइने कुरा स्पष्ट देखिन्छ । तर उद्देश्य र पाठ्य विषयहरूको विवरण हेर्दा प्रमाणपत्रतहको शिक्षणविधि शास्त्रीमा अपनाइनु उपयुक्त देखिंदैन, न पर्याप्त नै हुन्छ । यसकारण प्रमाणपत्रतहको शिक्षणविधि र शास्त्रीका उद्देश्य एवं पाठ्य विषयहरूको विवरणमा संगति र औचित्यको दृष्टिले सामञ्जस्य पाइँदैन ।

३.१(ग)(३) आचार्य

१) यस तहका लागि उल्लिखित शिक्षणविधिहरू प्राय: सबै नै व्याख्यानात्मक विधिमा आधारित भएका र सिद्धान्तज्ञानको लागि मात्र उपयोगी देखिन्छ

२) उद्देश्य र पाठ्य विषाय विवरणमा समावेश भए अनुसार कुनै प्रयोगविधिको उल्लेख भएको छैन ।

३) दर्शपूर्णमास यागमा प्रयोग हुने पात्रहरूको परिचय दिने कुराको उल्लेख छ, अन्य यज्ञ यागादि , श्रौत र स्मार्त गृहकर्महरूमा प्रयोग हुने उपकरणहरूको परिचय दिने विधिको समावेश छैन ।

४) तुलनात्मक अध्ययन अन्तर्गत प्राच्य र प्रतीच्य विचारहरूको समीक्षा गर्ने क्षेत्र एवं विधिको उल्लेख छैन ।

३.१(ग) सुझावहरू

३.१.(ग)(१)प्रमाणपत्र

१). यस तहको शिक्षणविधि तहगत उद्देश्य अनुरूप ठीक छ, तर यसलाई अवान्तर उद्देश्य र पाठ्य विषयवस्तुहरूलाई समेत ध्यानमा राखी अझ स्पष्ट गर्नु आवश्यक छ ।

२) वैदिक मन्त्रहरूलाई कण्ठस्थ गर्ने रोचक विधि एवं प्रक्रियाहरूको समावेश हुनु आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) मन्त्रहरूको सस्वर पाठ गर्दा हस्तचालन र स्वरको आरोह अवारोहको महत्वबारे छात्रहरूलाई यथास्तर जानकारी दिने विधिको उल्लेख हुनु आवश्यक छ ।

४) कुण्डमण्डप निर्माण एवं चूडा, उपनयन, विवाह आदि संस्कारहरूको ज्ञान सैद्धान्तिक भन्दा प्रयोगात्मक विधिहरूबाट बढी सरल, रोचक र सुगम ढंगले दिन सकिने हुंदा शिक्षकको निर्देशन एवं पर्यवेक्षणमा छात्रहरूले स्वयं ती कार्यहरू अभ्यासको रूपमा गर्ने र उक्त यज्ञ एवं संस्कारहरू हुंदा छात्रहरूले आफैं अवेक्षण गरी भएका विधि-विधानहरूको टिपोट गरी शिक्षक एवं सहपाठीहरूसंग छलफल गर्ने विधिहरू अपनाइनु उचित हुन्छ ।

३.१(ग)(२) शास्त्री

१) यस तहमा शिक्षणविधि अन्तर्गत " पूर्ववत् " न लेखी प्रत्येक अवान्तर उद्देश्य एवं पाठ्य विषय विवरण अनुरूप आवश्यक शिक्षणविधिहरूको बेग्ला बेग्लै स्पष्ट निर्धारण हुनु आवश्यक छ ।

२) श्रौत यज्ञ-यागादि एवं स्मार्तकर्महरूको स्वरूप परिचय व्याख्यानात्मक विधिले दिइएता पनि प्रयोगात्मक रूपमा ती कर्महरूको अभ्यास गर्ने-गराउने विधिहरू अपनाउनाले उक्त कर्महरूको इतिकर्तव्यता सम्बन्धी ज्ञान सरल, रोचक एवं सुगम ढंगबाट प्राप्त गर्न छात्रहरूलाई सुविधा हुने हुंदा यसको स्पष्ट उल्लेख हुनु पर्दछ ।

३) यस तहको विकृतिपाठ विधि मन्त्रहरूको कण्ठस्थीकरणसंग संवद्ध भएको हुंदा प्रमाणपत्र तहमा रहनु उचित देखिन्छ ।

४) वैदिक स्वर प्रक्रिया र वैदिक शब्दसिद्धि प्रक्रिया सिकाउंदा संवद्ध लौकिक प्रक्रियासंग पर्ने वा पर्न सक्ने अन्तरहरूलाई उदाहरणहरूद्वारा स्पष्ट पार्ने तरिका अपनाउनु बढी उपयोगी हुनेछ ।

३.१(ग)(३) आचार्य

१) यस तहमा उल्लिखित विधिहरू यज्ञ-यागादि श्रौत-स्मार्तकर्महरूसंग संवद्ध मन्त्रहरूको तात्पर्य विश्लेषण एवं वैदिक शब्दार्थ परिशीलनको लागि उपयोगी छन् । सिद्धान्त विश्लेषण यसबाट पर्याप्त हुन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) पाठ्य विभाग विवरण अनुसार ज्योतिष्टोम, वाजपेय, राजसूय, सौम नयन, सौत्रामणि , अश्वमेध, पुरुषमेध आदि यागहरूका प्रयोगात्मक ज्ञान गराउने विधिहरूको समावेश यस तहमा हुनु आवश्यक छ ।

३) उक्त प्रयोगात्मक शिक्षणविधि अन्तर्गत नै यी यागहरूमा प्रयुक्त हुने साधन, सामग्री एवं उपकरणहरूको परिचय प्रदान गर्नु उपयुक्त हुनेछ ।

४) यस तहमा समाविष्ट तुलनात्मक अध्ययनको क्षेत्र एवं विषयवस्तु नै स्पष्ट रूपमा उल्लेख न भएकोले तुलना के को र के संग एवं कुन रूपमा भन्ने कुरा विषयगत रूपमा स्पष्ट न भएमा यसको क्षेत्रको विशालताले शिक्षणकार्यमा अनिश्चितता ल्याउने तथ्य स्पष्ट भएको हुंदा सो कुरा स्पष्ट हुनु आवश्यक छ । साथै तुलना गर्ने आधारहरू पनि शिक्षणविधि अन्तर्गत उल्लिखित हुनु पर्दछ ।

३.१.(घ) शैक्षिक सामग्री र उपकरणहरू

१) पाठ्यपुस्तकहरू उद्देश्य, पाठ्य विषयवस्तु एवं शिक्षण विधिहरू अनुरूप यथास्तर टिप्पणी आवश्यक विश्लेषण सहित नयाँ लेखाई र अथवा सम्पादन गराई प्रकाशित गरिनु आवश्यक छ ।

२) संस्कृतका पुस्तकहरूको प्रकाशन व्यापारिक दृष्टिकोणले लाभप्रद न भएको पाठ्यपुस्तकहरू दुर्लभ हुंदै गएका हुंदा शास्त्र रक्षाको उद्देश्यले अतिमहत्वपू पुस्तकहरू पुन: प्रकाशन पनि हुनु जरूरी छ ।

३) वेद विषयक शिक्षणको निमित्त आवश्यक श्रौत एवं स्मार्त यज्ञमण्डपहरूको निर्माण गरिनु अत्यावश्यक छ ।

४) वैदिक एवं स्मार्तकर्ममा उपयोगमा आउने पात्र एवं उपकरणहरूको संग्रह अत्यावश्यक छ ।

५) यज्ञ- यागादिको प्रयोगात्मक शिक्षणको लागि स्थायी वा अस्थायी साधन सामग्रीहरूको खरीद गर्न वार्षिक आर्थिक विनियोजन हुनु आवश्यक छ । यसको परामर्श शिक्षण समितिहरूबाट प्राप्त गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) छात्रहरूलाई शिक्षकहरूको निर्देशन एवं पर्यवेक्षणमा यज्ञ यागादि एवं संस्कारहरू प्रत्यक्ष अवलोकन गराई स्थलगत अध्ययन गराउनको लागि आवश्यक आर्थिक सुविधाहरू प्रदान गर्नु अत्यावश्यक छ ।

७) वेद विषयक शिक्षणमा आएका वा आउन सक्ने समस्याहरूको यथोचित समाधानार्थ विचार विमर्श गर्ने र आवश्यक निर्णय लिने प्रयोजनको लागि प्रतिवर्ष कम्तीमा एकपल्ट वेद पढाउने सबै विद्यापीठका शिक्षण समिति-हरूको सामूहिक बैठक हुनु ज्यादै जरूरी छ ।

३.२ नव्य व्याकरण

३.२(क) वर्तमानस्थिति

३.२ (क)(१) प्रमाणपत्र

१) प्रत्येक प्रकरणको उद्देश्य देखाएर छात्रहरूलाई बुझाउनु,
२) प्रयोग साधनमा कुशलता प्रदर्शन गर्नु,
३) पाठ्यांश अन्तर्गतका प्रयोग प्रक्रियाहरू राम्ररी बुझाउनु,

३.२(क)(२) शास्त्री

१) प्रत्येक प्रकरणको उद्देश्य देखाएर छात्रहरूलाई राम्ररी बुझाउनु,
२) व्याख्यान दक्षताको प्रशिक्षण दिनु,
३) लेखन प्रशिक्षण गर्नु,

३.२(क)(३) आचार्य

१) सम्पूर्ण प्रकरणहरूको उद्देश्य देखाएर छात्रहरूलाई राम्ररी बुझाउनु,
२) शास्त्रीय विषयहरूको व्याख्यान-कौशलको प्रशिक्षण दिनु,
३) छात्रहरूमा परस्पर प्रश्नोत्तर गर्ने कार्यको सम्पादन गर्नु,
४) छात्रहरूमा सम्बद्ध विषयको विश्लेषण गर्ने प्रक्रिया बुझाउनु,
५) शास्त्रार्थ स्थलहरूमा लेखनको प्रशिक्षण दिनु,
६) विभिन्न उदाहरणहरू दिएर सालरूपबाट विषय बुझाउनु,

३.२(ख) समस्याहरू

३.२(ख)(१) प्रमाणपत्र

१) यस तहको पाठ्य विषय- सिद्धान्तकौमुदीका विभिन्न भागहरूमा रहेका प्रयोगहरूको साधन मात्र भएको हुंदा उपर्युक्त तीनवटा विधिहरूमध्ये पहिलो र दोश्रोको उपयोगिता नै देखिंदैन । तेश्रो पनि स्पष्ट छैन । प्रयोग प्रक्रियाहरू राम्ररी बुझाउने तरीकाको उल्लेख भएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) कुनै खास नियम अन्तर्गत यौटा प्रयोग साधन गर्न जाने पछि त्यसै नियम अन्तर्गत सिद्ध हुन सक्ने प्रयोगान्तरको साधन छात्रहरूबाट गराउने कुनै प्रक्रियाको उल्लेख पाइँदैन ।

३) शब्द सिद्धिको प्रक्रिया सम्बन्धी ज्ञान भए पछि त्यसैलाई दृढ बनाउने र सिद्ध शब्दहरूको लौकिक उपयोगमा ल्याउने प्रयोजनको लागि कुनै उपायहरू समाविष्ट भएको छैन ।

३.२(ख)(२) शास्त्री

१) यस तहमा वैयाकरण सिद्धान्तहरूको विश्लेषण प्रधान पाठ्य विषय रहेको हुंदा यस प्रकारको शिक्षणको प्रयोजनको लागि उपर्युक्त शिक्षण विधि स्पष्ट एवं पर्याप्त हुँदैनन् ।

२) व्याख्यानात्मक विधिले पाठ्यग्रन्थहरूको आशय सम्फाउनुको अतिरिक्त छात्रहरूले आफ्नै प्रयासले सम्बद्ध नयां कुरा सिक्न सक्ने वा पाउने कुनै विधिको उल्लेख निर्धारित भएको पाइंदैन ।

३.२(ख)(३) आचार्य

१) यस तहका पाठ्य विषयहरूमा वैयाकरण सिद्धान्तहरूको दार्शनिक विवेचन, शास्त्रार्थ पद्धतिबाट परमत खण्ड र स्वमत प्रतिष्ठापन आदिको प्रधानता रहेको हुंदा व्याख्यानात्मक विधिनै उपयोगी ठानिएको देखिन्छ, तापनि सरळ, रोचक एवं सुगम ढंगबाट ज्ञातव्यविषयहरू बोध छात्रहरूमा कसरी गराउने भन्ने बारे स्पष्ट विधिको उल्लेख छैन ।

२) अष्टम पत्र र एकादश पत्रहरूमा शिक्षण विधिहरूको उल्लेख छैन ।

३) तुलनात्मक अध्ययनको पत्रमा तुलनात्मक शिक्षणविधिको उल्लेख छैन ।

४) पाठ्यांशका कतिपय क्रियात्मक उद्देश्यहरू(जस्तै ३,४,६,१०,पत्रहरू) स्पष्ट छैनन् र विशेष महत्वाकाङ्क्षी पनि छन् । ठीक त्यही उद्देश्य सिद्धिको निमित्त उल्लिखित पाठ्यविषयहरूको शिक्षणकार्य कुन विधिबाट हुनुपर्ने हो विशेष उल्लेख छैन ।

३.२(ग) सुझावहरू

३.२(ग)(१) प्रमाणपत्र

१) यस तहको लागि उल्लिखित शिक्षण विधिहरूमध्ये तेश्रो नै उपयुक्त छ, पहिलो र दोश्रोको आवश्यकता उति देखिंदैन । बरू तेश्रो लाई नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अति व्याख्या गरेर प्रयोग प्रक्रियाहरूलाई राम्ररी बुझाउने तरीकाहरूको उल्लेख गर्नु आवश्यक देखिन्छ ।

२) सिद्धान्तकौमुदीमा अध्ययन गरिएको शब्द सिद्धि प्रक्रियालाई नै आधार मानी लोक व्यवहारमा प्रयोग हुने अन्य शब्दहरूको सिद्धि गर्ने विधि पनि सिकाउन सकेमा अरू अध्ययन बढी व्यावहारिक र रोचक हुन जान्छ ।

३) व्याकरणको शब्द साधन प्रक्रिया सधैं कण्ठस्थ रही रहनु आवश्यक भएको हुंदा त्यसलाई दृढ बनाउन यसका सिद्धान्तहरूको लौकिक प्रयोग हुंदै रहने अभ्यास विधि अपनाउन सकेमा उद्देश्य सिद्धि सजिलै हुन सक्ने थियो ।

३.२(ग)(२) शास्त्री

१) शास्त्री तहका पाठ्य विषयहरू विश्लेषण प्रधान भएका हुंदा अधीत सिद्धान्तहरूको प्रयोग क्षेत्र निर्धारण गर्ने र बढी भन्दा बढी उदाहरणहरू दिंदै प्रयोगात्मक विधिबाट ती सिद्धान्तहरूको प्रयोग सम्बन्धी अभ्यास गराउने प्रक्रिया अपनाउनु उचित हुन्छ ।

२) शिक्षकको उपस्थितिमा संबद्ध छात्रहरूलाई परस्परमा विषयगत छलफल गर्न लगाई अधीत विषयवस्तुलाई स्वतः स्पष्ट गर्ने गराउने अवसर प्रदान गर्नु समुचित होला ।

३.२(ग)(३) आचार्य

१) यस तहमा एकपल्ट अध्ययन गरिसकेको विषयवस्तुलाई नै लिएर छात्रहरूलाई कुनै यौटा विषयमा निबन्ध लेख्न लगाउनु, प्रवचन गर्न लगाउनु, शास्त्रार्थको आयोजना गरी भाग लिन लगाउनु आदि विधिहरू बढी सुगम र रोचक हुन सक्छन् । सामान्य पुरस्कारहरूले पनि यसतर्फ छात्रहरूको प्रवृत्ति र रूचि जाग्न सक्छ ।

२) अष्टम र एकादश पत्रको भिन्न शिक्षण विधिहरूको उल्लेख हुनु पर्दछ ।

३) शोधपत्र सबै विषयहरूमा साझा रूपले राखिएको हुंदा शिक्षणविधि सामान्यतया यौटै अपनाउनु नै बेश हुनेछ । विशेष परिस्थितिमा प्रयोगात्मक विधिहरू पनि अपनाउन सकिन्छन् ।

४) तुलनात्मक अध्ययनको पत्रमा अनेक प्रक्रियाहरू अपनाउन सकिन्छ । तुलना गरिने विषयलाई लिएर स्वशास्त्रीय सिद्धान्तको पहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिष्ठापन गर्ने र अन्य दर्शनहरूको सम्बद्ध विचारहरू यथावत् देखाउँदै मात्र जाने, आफ्नो मतको पुष्टिको लागि परमतको खण्डन पनि संगसँगै नै गर्दै जाने, प्रत्येक मतको साझा अंशलाई एकातिर र अर्कातिर विशिष्ट अंशलाई छुट्याउँदै जाने, अन्तमा आफ्नो वैशिष्ट्यको प्रतिपादन गरेर टुङ्ग्याउने आदि आदि - यस विषयमा स्पष्ट उल्लेख हुनु आवश्यक छ

५) यस तहका ३,४,६,११ पत्रका उद्देश्यप्राप्तिको लागि निर्धारित पाठ्यविषयको शिक्षण कार्यको निमित्त स्पष्ट विधिहरूको उल्लेख हुनु पर्दछ।

३.२.(घ) शैक्षिक सामग्री र उपकरणहरू

१) व्याकरण विषयका पाठ्य एवं सहायक पुस्तकहरूको हाल कुनै समस्या देखिँदैन । भारतमा प्रकाशित भएका संवद्ध पुस्तकहरू यथासमय प्राप्त गर्दै रहने सक्रियता मात्र अपेक्षित देखिन्छ ।

२) आफ्ना विद्यार्थीहरूको अपेक्षालाई ध्यानमा राखी लम्बे चौडे शास्त्रार्थ प्रक्रियालाई छोडी ग्रन्थको आशय मात्र राम्ररी स्पष्ट बुझाउने खालका टिप्पणीहरू भएका पाठ्यग्रन्थहरूको परिमार्जित रूपमा प्रकाशन गर्नु आवश्यक छ ।

३) यस विषयमा पनि सबै विद्यापीठका व्याकरण पढाउने शिक्षकहरूको भेट घाट कम्तीमा वर्षको एकपल्ट हुने अवसर प्रदान गरी त्यसै वैठकमा समस्याहरूको समाधान पहिल्याउने प्रयास हुनु जरूरी छ ।

३.३ सिद्धान्त ज्योतिष

३.३(क) वर्तमानस्थिति

३.३(क)(१) प्रमाणपत्र

१) पाठहरूको सारांश वताउनु,

२) कठीन विषयहरूको व्याख्यान,

३) क्षेत्र रचनाको प्रकारहरू वताउनु, र

४) पढाउनु पर्ने विषयहरूको परिचय दिनु ।

३.३(क)(२) शास्त्री

१) पाठ्यांशहरूको परिचय दिनु,

२) पाठहरूको सारांश वताउनु र कठीन विषयहरूको व्याख्यान दिनु, र

३) बोध प्रश्नादिद्वारा व्याख्यान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.३(क)(३) आचार्य

१) पाठ्यांशका विषयहरूको परिचय दिनु र महत्व देखाउनु,

२) कठीन विषयहरूको व्याख्यान दिनु,

३) बोध प्रश्नादिद्वारा छात्रहरूका ज्ञानको परीक्षा गर्नु, र

४) सम्बद्ध विषयहरूको व्याख्या गर्नु ।

३.३(ख) समस्याहरू

३.३(ख)(१)

१) यस तहका लागि मुख्य रूपले गणित र फलित ज्यौतिषका सामान्य आधारभूत पाठ्य विषयहरू निर्धारित गरिएका छन् । तर शिक्षण विधिहरू सबै नै शिक्षक प्रधान व्याख्यानात्मक मात्र छन् । छात्रहरूको स्वयं सहभागिता कस्तो हुने हो यसको उल्लेख छैन ।

२) ग्रहहरूको शुभाशुभ र बलाबलज्ञान एवं मुहूर्तज्ञान आदि पाठ्यविषयहरूको निमित्त पनि कुनै प्रयोग प्रधान शिक्षणविधि अपनाइएको छैन ।

३.३(ख)(२) शास्त्री

१) प्रमाणपत्रकै शिक्षणविधि यस तहमा पनि स्वीकृत भएका देखिन्छन् । तह अनुसार पाठ्यविषयहरूको प्रकृति गहनतर हुँदै गएपछि शिक्षण विधिमा पनि केही फरक आउनु पर्ने हो तर सो छैन ।

२) यस तहमा पनि बीजगणित, रेखागणित र त्रिकोणमिति आदि पाठ्यविषयहरूमा निर्धारित छन्, तर सो विषय सिक्न शिक्षकको सहायताले छात्रहरूको आफ्नै प्रयास कस्तो हुने हो - यसको उल्लेख छैन ।

३) विदेशकाल साधन, ग्रहणसाधन, प्राचीन भूगोलज्ञान आदि विषयहरू शिक्षणका लागि प्रयोगात्मक विधिहरू अपनाइएका छैनन् ।

३.३(ख)(३) आचार्य

१) यस तहका शिक्षण विधिहरू पनि सबै नै प्रमाणपत्र र शास्त्री तह कै भएका हुंदा तह अनुरूप यसमा परिष्कार भएको पाइँदैन ।

२) यस तहमा निर्धारित पाठ्य विषयहरूमध्ये प्राय: प्रयोग प्रधान देखिन्छन्, तर शिक्षण विधि भने केवल उक्त शिक्षक प्रधान व्याख्यानात्मक मात्रै छन् । यसबाट उक्त विषयहरूको ज्ञान सुगम र रोचक ढंगबाट हुन कठीन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) तुलनात्मक अध्ययन वाला पत्रमा शिक्षणविधि स्पष्ट छैन ।

३.३(ग) सुझावहरू

३.३(ग)(१) प्रमाणपत्र

१) गणित, शिक्षणमा शिक्षकको भन्दा बढी छात्रहरूको सहभागीता हुनु आवश्यक छ, यसकारण यस तहको लागि पाठ्यविषय अनुरूपको छात्रप्रधान अभ्यासात्मक शिक्षणविधिहरू निर्दिष्ट हुनु पर्दछ ।

२) ग्रहहरूको स्वरूप परिचय व्याख्यानात्मक विधिले भएतापनि उनीहरूको गति र प्रभावहरूको विषयमा विभिन्न आधुनिक उपकरणहरूद्वारा हुन सक्ने हुंदा यथास्तर यसको पनि समावेश हुनु पर्दछ ।

३) मुहूर्तज्ञानको निमित्त विविध संस्कारहरूमध्ये कुनैलाई तोकी मुहूर्त सम्बन्धी काल्पनिक समस्या उठाई मुहूर्त निर्धारण गर्ने गराउने प्रक्रिया अपनाउनु उचित होला ।

३.३(ग)(२) शास्त्री

१) यस तहमा पनि गणितको शिक्षणको लागि पूर्णतया शिक्षक माथि निर्भर रहने र आफ्नो तर्फबाट छात्रहरूले केही गर्नु न पर्ने प्रक्रियालाई हटाई शिक्षकको मार्ग- निर्देशनमा छात्रहरूके प्रयास हुनुपर्ने अभ्यासात्मक विधि अपनाइनु पर्दछ ।

२) यस तहमा पनि प्रयोगात्मक पदाहरू सम्मिलित रहेका हुंदा यसको शिक्षण मा शिक्षक-छात्र उभयप्रधान व्याख्यान र अभ्यास दुबै विधिहरू अपनाइनु पर्दछ ।

३.३(ग)(३) आचार्य

१) यस तहमा निम्नानुसार धेरै विषयहरू विभिन्न आधुनिक उपकरणहरूको प्रयोगद्वारा सिकाइन सकिने देखिन्छन् । यिनीहरूको प्रयोगविधि शिक्षण विधि अन्तर्गत यथास्तर समाविष्ट हुनु आवश्यक देखिन्छ ।

२) यस तहमा आवश्यकता अनुसार छात्रहरूले नगरकोट स्थित वेधशालामा गई अध्ययन गर्नुपर्ने विधि पनि अपनाइनु पर्दछ । ग्रहहरूको स्थिति र गति आदि विषयहरू ग्रन्थहरूको अध्ययनताट भन्दा प्रत्यक्ष अवेक्षणबाट बढी राम्ररी सिक्न सकिने र वर्तमान संसारमा यतापटि पर्याप्त अनुसन्धान भै ढल्केको हुंदा ती विधिहरू पनि क्रमश: लिंदै जानु अत्यावश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) पंचाङ्गनिर्माण विधि पनि महत्वपूर्ण र उल्लेखनीय छ ।

४) तुलनात्मक पत्र भएको एधारौं पत्रमा निर्धारित विषयहरूको कुन मतसंग कसरी तुलनात्मक अध्ययन गर्ने हो - यसबारे स्पष्ट उल्लेख हुनु अत्यावश्यक छ ।

३.३(घ) शैक्षिक सामग्री र उपकरणहरू

१) सिद्धान्तज्यौतिष विषय अन्तर्गत निर्धारित गणितीय सिद्धान्तहरूको आधुनिक पद्धतिबाट सिकाइने गणितका सिद्धान्तहरूसंग तुलना गरी, पारस्परिक अन्तर र वैशिष्ट्यहरू छुट्याउने र पारस्परिक सम्बन्धहरूलाई स्पष्ट्याउने प्रयोजनको लागि पाठ्य र सहायक पुस्तकहरू लेखाउनु आवश्यक छ ।

२) गणित मात्र होइन, खगोल र भूगोल विज्ञान सम्बन्धी पनि प्राच्य र प्रतीच्य विचारहरूमा फरक र पारस्परिक वैशिष्ट्य देखाउने खालका पुस्तकहरू लेखाउनु अत्यावश्यक छ । यसबाट सिद्धान्तज्यौतिष सम्बन्धी अध्ययनलाई युगोपयोगी, रोचक र ग्राह्य बनाउन बल प्राप्त हुनेछ ।

३) सिद्धान्तज्यौतिष सम्बन्धी अध्ययनलाई संस्कृत र परिष्कृत बनाउन सं.अ.सं. अन्तर्गत वाल्मीकि विद्यापीठमा यौटा लघु वेधशाला बनाउनु आवश्यक छ। पाठ्यक्रममा निर्धारित प्रत्यक्षत: अध्ययनीय विषयवस्तुहरूको प्रयोगात्मक अध्ययन केही उक्त आफ्नै वेधशालामा र केही नगरकोट वेधशालामा गराउने व्यवस्था मिलाउनु आवश्यक छ ।

४) हाल उपलब्ध शैक्षिक उपकरणहरूको अध्ययनमा प्रयोग गर्ने प्रक्रिया आरम्भ गरिहाल्ने र अन्य आवश्यक उपकरणहरू प्रतिवर्ष क्रमश: जुटाउँदै लै जाने व्यवस्था हुनु जरूरी छ ।

५) शास्त्री तहसम्मको काठमाडौं बाहिरका विद्यापीठहरूमा पनि अध्ययन हुने हुंदा त्यहाँका सम्बद्ध छात्रहरूलाई आवश्यकतानुसार प्रत्यक्ष अध्ययनको लागि केही समय काठमाडौं ल्याउने र राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

विशेष- शास्त्री र आचार्य तहका फलितज्यौतिषका शिक्षण विधिहरूका वर्तमानस्थिति, समस्याहरू सिद्धान्तज्यौतिष सरहनै भएकाले सुझावहरू पनि उनैसित मिल्दा जुल्दा नै हुन्छन् । फलितज्यौतिष विषय अझ प्रयोगप्रधान विषय भएकोले अभ्यास र क्रियाप्रधान प्रयोगात्मक शिक्षणविधिहरू हुनु ज्यादै आवश्यक देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.४ न्याय, नव्यन्याय र प्राचीनन्याय वैशेषिक

३.४(क) वर्तमानस्थिति

३.४(क)(१) प्रमाणपत्र

१) पाठ्यांशको उद्देश्य देखाएर जान्नुपर्ने विषयको परिचय दिनु,
२) पाठ्यवस्तुहरूको क्रमशः व्याख्यान गर्ने र पढाइसकेका पाठको वर्तमान पाठसंग सम्बद्ध देखाउनु,
३) प्रश्नोत्तर प्रणाली बाट दक्षता उत्पादन गर्नु, लेख्ने अभ्यास गराउनु र त्यतापछि प्रेरणा प्रदान गर्नु,

३.४(क)(२) शास्त्री

अ. नव्यन्याय

१) पाठ्यांशको उद्देश्य वताएर ज्ञेयवस्तुको परिचय दिनु,
२) पाठ्यपुस्तकको आधारमा पाठ्यवस्तुको विवेचना गर्नु, सम्भव भएमा सहायक ग्रन्थहरूबाट पनि सम्बन्धित वस्तुहरूको ग्रहण गर्नु,
३) प्रश्नोत्तरविधिले लेख्न सिकाउनु र विवेचना गर्ने शक्ति बढाउनु,

आ. प्राचीन न्याय वैशेषिक

१) पाठ्यांश र त्यस अन्तर्गत प्रकरणहरूको उद्देश्य वताउनु,
२) पाठ्यांशमा रहेका विषयहरूको संक्षेपले परिचय दिनु,
३) एक प्रकरणको अर्को प्रकरणसंग र एक पाठको अर्को पाठसंग सम्बन्ध देखाउनु,
४) आशय वताउनु र प्रत्येक पाठको व्याख्यान गर्नु,
५) लेखाभ्यास र प्रश्नोत्तर गर्नु,

३.४(क)(३) आचार्य

अ) नव्यन्याय

१) पाठ्यांशको उद्देश्य वताउनुको साथै ज्ञेयवस्तुको परिचय दिनु, अन्य पाठ्यांशहरूसंग सम्बन्ध देखाउनु,
२) पाठ्यवस्तुहरूको व्याख्यान गर्नु र विश्लेषण गर्नु,
३) वाद, जल्प र वितण्डा प्रणालीले पाठ्यवस्तु विषयक विचारमा छात्रहरूलाई लगाउनु,
४) आफूले पढेका विषयमा गृहकार्य गराउनु, प्रश्नोत्तर प्रणालीबाट लेख्ने अभ्यास गराउनु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आ. प्राचीनन्याय वैशेषिक

(यसका शिक्षणविधिहरू ३.४(क)(३) अ. नव्यन्याय अन्तर्गत लेखिए सरहनै छन्)

३.४(ख) समस्याहरू

३.४.(ख)(१) प्राज्ञपत्र

१) यी विधिहरू अन्य विषयहरू सरहनै सामान्य छन्। न्याय विषय शिक्षण कै लागि विशेष उपयोगी अन्यकुनै विधि छैन।
२) यस तहमा पढाइने विषयवस्तुहरूको लोक व्यवहारमा कहिको उपयोग हुन सक्छ भन्ने कुरा बताइँदैन।
३) यस तहमा न्याय, वेदान्त, मीमांसा, सांख्य र योग - यी सबै विषयहरूको सामान्य ज्ञान दिइन्छ तर यिनीहरू कै आपसमा मेल-बेमेल कति छ देखाइँदैन।
४) न्यायदेखि अतिरिक्त उपर्युक्त वेदान्त आदि विषयहरूको न्याय सम्बन्ध के कस्तो छ त्यो पनि बताउने विधि उल्लिखित छैन।
५) न्यायका अनुमान, हेतु, हेत्वाभास पदार्थ व्याप्ति आदि विषयहरू सुबोध र सरल ढंगबाट सम्झाउने विधि उल्लिखित छैनन्।

३.४(ख)(२) शास्त्री

अ. नव्यन्याय

१) यस तहमा सिद्धान्त ज्ञान गराउने व्याख्यानात्मक विधि ठीकै छ। तर आफ्नै विषय शिक्षणको लागि उपयोगी हुने खालको विशेष विधि कुनै छैन।
२) यस तहमा नव्यन्याय अन्तर्गत पढाइने व्यक्तिवाद हेत्वाभास पदार्थ, सन्निकर्ष आदिको लोक व्यवहारमा भएको उपयोग देखाउने विधि भएको छैनन्।
३) तिनै विषयहरूलाई पनि सरल र रोचक ढंगबाट सिकाइने कुनै विधि छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आ. प्राचीन न्याय वैशेषिक

१) प्राचीनन्याय वैशेषिक अन्तर्गत यस तहमा वैशेषिक दर्शन, न्याय दर्शन, र बौद्ध न्याय विषयहरू पढाइन्छन् । तर यी दर्शनहरूको आपसको सम्बन्ध कस्तो छ, मेल-बेमेल के कस्तो छ- देखाउनेविधि उल्लिखित छैन ।

२) यस तहमा शब्दशक्ति पनि पढाइन्छ तर यसै विषयमा संवद्ध अरू मान्यताहरूसंग प्रकृत पाठको सामञ्जस्य कति छ भन्ने कुरा कतै बताइँदैन ।

३.४(ख)(३) आचार्य

अ. नव्यन्याय

१) यस तहमा विश्लेषण प्रधान शिक्षण कार्य हुने हुंदा उल्लिखित विधि सिद्धान्त ज्ञानको निमित्त उपयोगी नै छन् ।

२) यस तहमा पठित विषयहरूको लोक व्यवहारमा उपयोग कसरी हुने र अन्य शास्त्रीय विषय विश्लेषणको निमित्त यसको के महत्व छ भन्ने कुरा देखाइंदैन ।

३) तुलनात्मक अध्ययन पत्रको निमित्त कुनै विशेष शिक्षणविधिको उल छैन ।

आ. प्राचीन न्याय वैशेषिक

१) यसका समस्याहरू पनि ३.४(ख)(३) अ. नव्यन्याय अन्तर्गत लेखिए सरहनै हुन् ।

२) विशेषत: यस तहमा उल्लिखित विषय शिक्षणका उद्देश्यहरूको पूर्तिको निमित्त निर्धारित विषयहरू सिकाउने विशेष विधि कुनै छैन ।

३) यस तहमा शिक्षणीय विषयहरूको बाहुल्य रहेको हुंदा तिनीहरूका आपस कै र अन्य विषयहरूसंगको सम्बन्ध देखाउने प्रणालीको उल्लेख छैन ।

३.४(ग) सुझावहरू

३.४(ग)(१) प्रवेशपत्र

१) यस तहमा नव्यन्यायकै आफ्नै प्रणालीबाट व्याप्तिवाद र अवच्छेदकत्वको परिष्कार गरिन्छ । पूर्वमध्यमामा सामान्यढंगबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसबारे केही ज्ञान गरेको भएतापनि यहां आएर नव्यन्यायको विशेष भाषा एवं शैलीलाई बुझ्न छात्रहरूलाई निक्कै नै अप्ठेरो पर्ने हुंदा यहां प्रतियोगिता, अनुयोगिता, अवच्छेदकत्वा, अवच्छेदकता आदि नव्यन्यायका पारिभाषिक शब्दावलीको परिचय दिने व्यवस्था हुनु पर्दछ । विशेष उदाहरणहरूले यसलाई सरल र रोचक बनाउन सकछन् ।

३) पारिभाषिक शब्दावलीको लौकिक भाषामा के उपयोग छ भन्ने कुरा पनि यहां सामान्य रूपबाट सिकाइनु आवश्यक छ- यसबाट ती शब्दहरूको स्वरूप र प्रयोग बुझ्न सरल हुनछ ।

३) व्याप्तिका उदाहरणहरू लक्ष्य र लक्ष्यहरूमा घटाई निष्कर्ष निकाल्न छात्रहरू आफैंनै समर्थ हुन् भन्ने उद्देश्यले छात्रलाई विशेष अभ्यास गराइनु आवश्यक छ ।

४) यस तहमा न्यायको अतिरिक्त सांख्य-योग , मीमांसा र वेदान्तशास्त्रका सिद्धान्तहरूको पनि सामान्य ज्ञान दिलाउने पाठ्यवस्तु भएका हुंदा तीदर्शनहरूको आपसमा मेल-बेमेल के कति छन् छात्रहरूलाई बुझाउनु पर्दछ।

५) विशेषत: प्रमाणवादबारे न्यायदर्शनको दृष्टिसंग उपर्युक्त दर्शनहरूको सैद्धान्तिक दृष्टिको सामञ्जस्य के कति छ देखाउनु पर्दछ ।

६) यस तहमा विशेष चित्र एवं तालिकाहरूको प्रदर्शनबाट विषयवस्तुको बोध सरल एवं रोचक ढंगबाट हुन सक्ने हुंदा तिनीहरूको निर्माण र विकास गरी अध्ययनमा तिनीहरूको उपयोग गरिनु ज्यादै आवश्यक छ ।

३.४(ग)(२) शास्त्री

अ.नव्यन्याय

१) यस तहको विषयवस्तु बुझ्न छात्रहरूले नव्यन्यायको विशिष्ट सरणी बुझिसकेको हुनुपर्ने हुंदा यहां प्रारम्भमा नव्यन्यायका पारिभाषिक शब्दावलीलाई कुनै स्थल विशेषमाई लिएर खेलाउने अभ्यास गराउनु पर्दछ । प्रारम्भमा के? प्रति सप्ताह यसको निमित्त एक विशेष कक्षा नै लिइनु आवश्यक छ । यसबाट छात्रलाई पाठ्यग्रन्थको अभिप्राय सम्झन कठिनाइ पर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) व्याप्तिवाद, हेत्वाभास, सामान्यलक्षण, पक्षता आदि विषय हरूको लोक व्यवहारमा के उपयोग छ भन्ने बारे छात्रहरूलाई विशेष उदाहरण लिएर सम्झाउँदै गरेमा अध्ययनमा रोचकता आउँदछ ।

३) चित्र र तालिकाहरूको निर्माण एवं विकास गरी तिनीहरूको माध्यमबाट विषयवस्तु सम्झाउने प्रणाली यहां पनि उपयोगी हुन सक्छ ।

४) यस तहको लागि पूर्व निर्धारित व्याख्यात्मक शिक्षणविधिहरू सिद्धान्तज्ञानको निम्ति उपयोगी नै छन् ।

आ. प्राचीनन्याय

१) यस तहमा न्याय, वैशिषिक र बौद्ध न्यायको शिक्षण हुने हुंदा तिनीहरूलाई एक्ला एक्लै समग्र पढाइ सक्नु भन्दा पढाउने क्रममै प्रतिपाद्य विषयहरूलाई लिएर ती दर्शनहरूको आपसमा मेल-बेमेल के कति छन् बुझाउंदै जानु उपयोगी होला ।

२) खास गरी लोक,व्यवहारमा आउने उपयोगी विषय विशेषको सन्दर्भलाई लिएर उपर्युक्त शास्त्रहरूको दृष्टि के छ - त्यसको सामा विवेचन प्रस्तुत गर्नु आवश्यक छ ।

३) यस तहमा शब्दशक्ति बारे पनि शिक्षण गराइने हुंदा र यो लोक व्यवहारमा निकै नै उपयोगी र ग्राह्य हुन सक्ने हुंदा यसको अध्ययनसंग लौकिक सन्दर्भ समेत जोड्न सकेमा अध्ययन रोचक हुनुको साथै सर्वजन ग्राह्य समेत हुन सक्ने छ ।

३.४(ग)(३) आचार्य

अ. नव्यन्याय

१) यस तहमा विश्लेषण र परिष्कार प्रधान पाठ्यवस्तुहरू रहेका हुंदा कुनै यौटा दुइटा विषयहरूमा छात्रहरूलाई आफै नै न्यायको पद्धतिबाट परिष्कार गराउने अभ्यास विधि अपनाउनु पर्दछ ।

२) यस तहमा शास्त्रान्तरमा न्यायको सरणी अपनाइएका विशेष स्थलहरूको सान्दर्भिक अवेक्षणात्मक अध्ययन गरिनु पर्दछ । यसबाट नव्यन्यायको सरणी सर्वशास्त्रोपयोगी कसरी हुन सकेको छ र हुन सक्छ भन्ने ज्ञान छात्रहरूलाई हुन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) यस तहमा परिष्कार सरणीलाई अभ्यासमा ल्याउन शास्त्रार्थ र प्रवचन प्रणाली अपनाइनु आवश्यक छ ।

४) शक्तिवाद र व्युत्पत्तिवाद जस्ता ग्रन्थहरूमा प्रतिपादित विषयवस्तु ज्यादै ग्राह्य र उपयोगी हुने हुंदा यस्ता विषयहरूको सान्दर्भिक र तुलनात्मक विश्लेषण प्रणालीबाट अध्ययन हुनु आवश्यक छ ।

५) यस तहमा तुलनात्मक अध्ययन वाला पत्रको निमित्त प्रमाणवाद विषय राखिएको हुंदा यसको प्रत्येक अवान्तर इकाइसंग शास्त्रान्तरमा प्रतिपाद्य संबद्ध विषयको सामन्जस्य विरोध के छ- त्यो देखाइनु पर्दछ ।

आ. प्राचीनन्याय वैशेषिक

१) यस तहका शिक्षण विधिहरू सबै नै ३.४(ग)(३) - अ.नव्यन्याय अन्तर्गत लेखिएका विधिहरूसंग मेल खान सक्छन् ।

२) विशेषत: यस तहमा निर्धारित पाठ्यग्रन्थहरूमा प्रतिपादित लोकोपयोगी विषयवस्तुहरूको सान्दर्भिक विश्लेषण प्रणालीबाट अध्ययन अध्यापन गराउनु उपयोगी हुन्छ ।

३.४(घ) शैक्षिक सामग्री

१) नव्यन्याय एवं प्राचीन न्याय वैशेषिक दर्शनका कतिपय विशिष्ट ग्रन्थहरूको प्रकाशन रोकिएका हुंदा बजारमा पाइन छोडे । पठन-पाठनको निमित्त ती उपलब्ध हुंदैनन् । अत: तिनीहरूको आवश्यक टिप्पणी व्याख्यासहित पुन: प्रकाशन हुनु पर्दछ ।

२) न्याय -(नव्यन्याय र प्राचीन न्याय वैशेषिक दुवै)का पारिभाषिक शब्दावलीहरूको परिचय र विश्लेषण स्रोत हुने गरी नयां ग्रन्थ लेखाइनु आवश्यक छ ।

३) आचार्यको तुलनात्मक अध्ययन पत्रको लागि पाठ्यग्रन्थ न भएको हुंदा सो लेखाइनु पर्दछ ।

४) लोक चिन्तनमा प्राय: आइरहने न्यायका सिद्धान्तहरूसंग संबद्ध विविध पदार्थहरूलाई लिएर तिनीहरूको सान्दर्भिक अध्ययन हुने ग्रन्थहरू लेखाउन विद्वान्हरूलाई प्रवृत्त र उत्साहित गर्नु पर्दछ । यस्ता ग्रन्थहरूकै माध्यमबाट समाजले संस्कृतको अध्ययनलाई आफ्नो निमित्त उपयोगी सम्झने स्थिति आउन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) विदेशी भाषाहरूमा (विशेषत: - अंग्रेजीमा) लेखिएका न्यायशास्त्री अध्ययनको लागि उपयोगी विशिष्ट ग्रन्थहरूको अनुवाद र प्रकाशन हुनु पर्दछ।

६) न्यायशास्त्र सम्बन्धी अध्ययनको लागि उपयोगी चित्र एवं तालिकाहरूका निर्माण गर्ने, अध्ययनमा यसको प्रयोग गरेर हेरी यसको परिमार्जन गर्ने आदि कार्य संवद्ध शिक्षकहरूबाट गराएर यसको प्रकाशन गर्नु पर्दछ ।

३.५ साहित्य

३.५(क) वर्तमानस्थिति

३.५(क)(१) प्रमाणपत्र

१) दण्डान्वयको अनुसरण गरेर पद्यकाव्यको व्याख्यान गर्नु,
२) वर्णनात्मक पद्धतिबाट काव्यको वैशिष्ट्य ,प्राकृतिक वैभव, सामाजिक-स्थिति चरित्र आदि उपस्थापन गर्नु,
३) विचारविमर्श प्रश्नोत्तर आदि प्रणाली पनि यथा अवसर अनुसरण गर्नु,
४) व्याख्यानात्मक दृष्टिले संवद्ध विषयवस्तुको बोध गराउनु,
५) पद-पदार्थ, अन्वय आदिको विश्लेषण गर्नु,
६) लेख्ने अभ्यास गराउनु,
७) प्रत्येक पंक्ति र प्रत्येक पदको व्याख्यान दिनु,
८) लेख, रचना गराउने अभ्यास गराउनु,
९) स्वर क्रमानुसार छन्दको अनुसरण गर्ने पद्धति अपनाउनु,

३.५(क)(२) शास्त्री

यस तहका शिक्षण विधिहरू पूर्ववत् नै हुनेछन् ,

३.५(क)(३) आचार्य

१) प्रत्येक पदको व्याख्यान गर्नु,
२) पद, पदार्थको तात्पर्य प्रकाशित गर्नु,
३) ग्रन्थान्तर संग संवद्ध भएका स्थलहरूमा आलोचनात्मक दृष्टिले विवेचना गर्नु
४) प्रश्नोत्तर प्रणाली अपनाउनु,
५) छात्रहरूमा आपसमा विचार-विमर्श गराउनु,
६) लेख र रचना गर्ने अभ्यास गराउनु,
७) पद र पदार्थहरूलाई फुटाएर शास्त्रीय रीतिले पाठ्यग्रन्थहरूको शिक्षण गर्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८) काव्यशास्त्रका विषयहरूको प्रतिपादन गर्ने शैलीको बोध गराउनु,

९) लक्षणशास्त्रहरूमा रहेका सूक्ष्म संकेत र गाम्भीर्यलाई राम्ररी प्रकाशित गर्नु,

१०) काव्यसिद्धान्तका विषयहरूको प्रतिपादनार्थ प्रौढ लेखहरू लेख्ने अभ्यास गराउनु,

११) छात्रहरूमा परस्पर प्रश्नोत्तर गर्ने गराउने विधि अपनाएर रुचिपूर्वक अध्ययन गर्नमा प्रवृत्त गराउनु,

१२) आवश्यक चित्र, तालिका, वर्गीकृत आदिको सहायताले सिकाइने विषयहरूलाई प्रस्फुटित पार्नु,

१३) विश्लेषण, व्याख्यान र तुलनात्मक पद्धतिले विषयको उपस्थापन गर्नु,

१४) विचार-विमर्श र प्रश्नोत्तर आदि प्रणाली पनि यथा अवसर अनुसरण गर्नु,

१५) श्याम पटको सहायताले र विभिन्न उदाहरणहरूद्वारा ऐतिहासिक क्रमको बोध गराउनु,

१६) समीक्षात्मक प्रणालीले छात्रहरूमा प्रश्नोत्तर गराएर ग्रन्थकारहरूको देश, काल कृति र वैशिष्ट्य सम्बन्धी बोध गराउनु,

१७) विभिन्न प्रकारका आफ्नो शास्त्र सम्बन्धी निबन्ध लेख्न सिकाउनु,

१८) तुलनात्मक अध्ययनद्वारा विभिन्न आचार्यहरूको सिद्धान्तगत पार्थक्य प्रकाशित गर्नु,

३.५(ख) समस्याहरू

३.५(ख)(१) प्रमाणपत्र

१) यस तहका पाठ्य विषयहरू अनुरूप शिक्षण विधिमा कुनै खास समस्या देखा पर्दैन ।

३.५(ख)(२) शास्त्री

१) यस तहमा प्रमाणपत्र कै शिक्षणविधि अपनाइएका छन् । त्यतिमात्र पर्याप्त छैन ।

२) यस तहमा प्राकृत भाषा पढाइन्छ तर संस्कृत भाषासँग यसको सामञ्जस्य दर्शाइएको छ, मेल-बेमेल कति छन् देखाउँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) साहित्यिक अभिलेखहरू सिकाइन्नन् । अभिलेखहरूको स्थलगंत अध्ययन गर्ने, पढ्ने प्रणाली, लिपि र तिनीहरूको साहित्यिक वैशिष्ट्यबारे बोध गराउने विधिको उल्लेख छैन ।

४) निर्धारित उद्देश्य अनुसार राष्ट्रभाषाको संरक्षण र संवर्धनमा उपयोगी शब्द प्रयोग सम्बन्धी औचित्य बताउने शिक्षण विधिको उल्लेख पाइँदैन।

३.५(ख)(३) आचार्य

१) पाठ्यवस्तुहरू अनुरूप शिक्षणविधि पर्याप्त नै छन् ।

२) विशेष- राष्ट्रभाषा क्षेत्रमा राष्ट्रिय संस्कृतिको संरक्षणमा महत्वपूर्ण योगदान दिन समर्थ जनशक्तिको उत्पादनको लागि निर्धारित पाठ्यवस्तुको कुन विधिबाट गर्ने हो विशेष उल्लेख छैन ।

३) न्यायका पारिभाषिक शब्दावलीको प्रयोग सम्बन्धी अभ्यास प्रणाली सिकाउने विधि उल्लिखित छैन ।

३.५(ग) सुझावहरू

३.५(ग)(१) प्रमाणपत्र

यसमा वर्तमान शिक्षणविधिनै पर्याप्त देखिन्छ ।

३.५(ग)(२) शास्त्री

१) यस तहमा प्राकृत भाषा सिकाउने हुंदा त्यस भाषाको संस्कृत भाषाको वर्तमान स्थितिसंग के कति मेल-बेमेल छ बताउंदै जानु उचित छ ।

२) साहित्यिक अभिलेखहरूको स्थलगत अध्ययन हुनु पर्दछ । अभिलेखको प्रतिलिपि उतार्ने, पढ्ने, आदि कार्य पनि छात्रलाई सिकाइनु पर्दछ यसको निमित्त लिपिज्ञान पनि गराइनु उचित छ । अभिलेखको अभिव्यक्तिमा साहित्यिक वैशिष्ट्यको विश्लेषण पनि गर्दै जाने विधि अपनाउनु पर्दछ ।

३) राष्ट्रभाषाको संरक्षण र संवर्धनमा उपयोगी शब्द प्रयोग सम्बन्धी औचित्य बताउने निर्धारित उद्देश्यको पूर्तिको लागि विशिष्ट शिक्षण विधि अपनाइनु पर्दछ । राष्ट्रभाषाका शब्दावली, प्रयोग, रचना अभिव्यक्ति आदिमा संस्कृतको देन, उपयोगिता आदि विषयहरूको सान्दर्भिक अध्ययन र विवेचन हुंदै जानु अत्यावश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.५(ग)(३) आचार्य

१) यसका प्राय सबै शिक्षणविधिहरू उपयुक्त नै छन् ।

२) यस तहमा पनि राष्ट्रभाषा क्षेत्रमा राष्ट्रिय संस्कृतिको संरक्षणमा महत्वपूर्ण योगदान दिन सक्ने जनशक्ति तैयार गर्न तदनुरूप प्रत्यक्षत: संबद्ध विषयवस्तुहरूको समावेश हुनु र संस्कृत वाङ्मयको राष्ट्रभाषा र राष्ट्रिय संस्कृतिका प्रत्येक पक्षहरूमा रहेको योगदान र अपरिहार्यता बारे बोध गराउने विधिहरूलाई यस तहको शिक्षणमा ग्राह्यता प्रदान गर्नु ज्यादै महत्वपूर्ण छ ।

३) न्यायको सरणीमा लेखिएका साहित्यिक ग्रन्थको अध्ययनमा सहयोग पुऱ्याउन यस तहमा न्याय पनि पढाइने हुंदा न्यायका विषयवस्तुहरूलाई व्याख्यानात्मक पद्धतिबाट शास्त्रहरूमा भर्नु भन्दा विचार-विमर्शको लागि उपयोगी न्यायको पारिभाषिक शब्दावलीको प्रयोग सम्बन्धी ज्ञान दिलाउनु बढी उपयोगी हुनेछ ।

३.५.(घ) शैक्षिक सामग्री

१) साहित्य विषयको शास्त्रीय शिक्षणको लागि पाठ्यपुस्तक र सहायक पुस्तकहरूको हाल कमी देखिंदैन ।

२) राष्ट्रभाषाको शुद्ध प्रयोग एवं अभिव्यक्ति सम्बन्धी विकासलाई साहित्य विषयको अध्ययनले निकै सघाउ पुऱ्याउने र राष्ट्रभाषा साहित्यका स्वरूप, संरचना र शैलीले समेत संस्कृत साहित्यलाई आत्सात् गरेकोले यसक्षेत्रलाई अगाल्ने गरी केही पाठ्य र । अथवा सहायक ग्रन्थहरू लेखाउने व्यवस्था हुनु पर्दछ ।

३) साहित्य विषयका विशिष्ट ग्रन्थहरूले तर्कशास्त्रको शैलीलाई पनि आत्मसात् गरेका हुंदा साहित्य विषय अन्तर्गत यसको पनि शिक्षणकार्य चल्ने गरेकोले यस क्षेत्रमा पनि सान्दर्भिक अध्ययन हुने ग्रन्थ लेखाउनु आवश्यक छ ।

४) शिक्षणविधिहरूमा चित्र, तालिका, वर्गवृक्ष आदिको सहायताले अध्ययन अध्यापन हुने कुराहरू पनि समाविष्ट भएका हुंदा यस्ता वस्तुहरूको निर्माण र विकास गरी शिक्षणमा प्रयोग हुनु आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) आचार्य तहको तुलनात्मक अध्ययन वाला पत्रको लागि पाठ्यग्रन्थ लेखिनु पर्दछ -(यो काम लघु अनुसन्धान परियोजना अन्तर्गत हुन सकेमा लाभदा हुने देखिन्छ।)

३.६ इतिहासपुराण

३.६(क) वर्तमानस्थिति

३.६(क)(१) प्रमाणपत्र

१) पाठ्यांशको उद्देश्य प्रदर्शन गरेर विषयवस्तुको परिचय दिनु,
२) विषयका [illegible] प्रदर्शन गर्नु र विश्लेषणात्मक रूपले प्रकाश पार्नु,
३) श्लोकहरूमा व्याख्यानात्मक विधिले प्रकाश पार्नु,
४) पाठ्यविषयहरूको तात्पर्य बताउनु,
५) पठितविषयमा लेखको अभ्यास गराउनु र प्रेरणा उत्पादन गर्नु,

३.६(क)(२) शास्त्री

१) भक्तितत्वको विषयमा केही व्याख्यान दिएर छात्रलाई प्राथमिक ज्ञान प्रदान गरेर जिज्ञासा प्रदा गर्नु,
२) पाठ्यविषयमा विवेचनात्मक रीतिले प्रकाश पार्नु,
३) छात्रहरूलाई आदर्श चरित्र सम्पादनको लागि प्रेरित गर्नु,
४) छात्रहरूलाई सांख्यतत्वज्ञान दिएर उद्बुद्ध बनाउनु,
५) नेपालको सांस्कृतिक गौरवको विषयमा प्रवचन दिएर पाठको उद्घोष गर्नु,
६) पठित विषयहरूको अभ्यास गराउनु र लेख लेखाउने आदि कार्यको संचालन गर्नु,

३.६(क)(३) आचार्य

१) यस तहका शिक्षण विधिहरू सबै उपर्युक्त ३.६(क)(१) प्रमाणपत्र तहको लागि उल्लिखित सरहनै छन् ।

३.६(ख) समस्याहरू

३.६(ख)(१) प्रमाणपत्र

१) यस तहका उपर्युक्त शिक्षणविधिहरू तह अनुरूप निर्धारित विषयवस्तुहरूका सम्यक् ज्ञानको लागि विशेष उपयोगी छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) यस तहमा नेपालको धार्मिक इतिहास र नेपालका विभिन्न अभिलेखहरूको अध्ययन गरिने हुंदा खसमा उक्त विधिहरू विशेष उपयोगी हुंदैनन् ।

३.६(ख)(२) शास्त्री

१) यस तहको लागि उल्लिखित शिक्षण विधिहरू सांख्यदर्शनको तात्त्विक निर्वचन एवं अभिलेख आदिको ज्ञानको लागि पर्याप्त छैनन् ।

२) हिनवत् तीर्थहरूको महत्व र वैशिष्ट्य जानको लागि प्रत्यक्ष अपेक्षण विधिको उल्लेख छैन ।

३) प्रारम्भ भित्र रहेका दार्शनिक ज्ञान सम्बन्धी शिक्षण पनि उक्त विधिवाट सम्यक् रूपेण हुन सक्ने देखिंदैन ।

३.६(ख)(३) आचार्य

१) आचार्य तहको निमित्त पनि प्रमाणपत्र तहकै शिक्षण विधिहरू स्वीकृत हुनु विशेष उपयोगी हुंदैन । प्रमाणपत्र तह र आचार्य तहका उद्देश्यहरू, विषयवस्तुको प्रकृति र प्रतिपादन एवं ग्रहणका सरणीहरूमा सिद्धान्ततः एवं व्यवहारतः पनि निकै भेद रहने हुंदा प्रमाणपत्रका शिक्षण विधिहरू आचार्य तहको निमित्त विशेष उपयोगी मानिंदैनन् ।

२) पुराण शिक्षाको माध्यमवाट मानव चरित्र उत्थानको लागि दिइने शिक्षाको कुनै विधिको उल्लेख पाइंदैन । उक्त विधिवाट कथाज्ञान हुन सकेतापनि त्यस्वाट के सिक्ने र कसरी भन्ने कुरा थाहा पाउन सकिंदैन ।

३) यस तहमा पुराणीक दार्शनिक तत्व ज्ञान विश्लेषणात्मक रूपमा सिकाइन्छ, तर त्यसको विश्लेषण कसरी भन्ने कुरा देखाइएको छैन ।

४) निर्धारित विषयवस्तु अनुसार विविध तीर्थहरूको महत्व र वैशिष्ट्य जानको लागि विशेष सरणीको उल्लेख पाइदैन ।

५) शैव, शाक्त र भागवत्(वैष्णव) धर्म एवं संवद्ध सम्प्रदायवारे विशेष रूपले ज्ञान प्राप्त गर्न प्रत्यक्ष अवेक्षण विधिको उल्लेख भएको छैन ।

६) तुलनात्मक अध्ययन सम्बन्धी विषय र विधिहरू पनि उपयुक्त छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.६(ग)(३) आचार्य

१) इतिहासपुराणका पाठ्यविषयहरूलाई मुख्यतया निम्नांकित रूपमा वर्गीकृत गरी विषयको प्रकृति अनुरूप शिक्षण विधिहरू अपनाइनु उचित हुन्छ।

२) क) इतिहास, चरित्र, जीवनवृत्त, इतिवृत्त अभिलेख आदि ,
   ख) धार्मिक चर्चा
   ग) ज्ञान(दर्शन)
   घ) देवस्थल, तीर्थस्थलहरूको परिचय, वैशिष्ट्र्य आदि,
   ङ) अन्य विषय

२) इतिहास, चरित्र, जीवनवृत्त, इतिवृत्त आदिबाट पानिसले व्यक्ति, समाज र राष्ट्रकै अभ्युत्थानको निमित्त विशेष गुणात्मक र चारित्रिक शिक्षा प्राप्त गर्न सकिने हुंदा उपर्युक्त वर्णनलाई प्रतीक मात्रमानी त्यसबाट प्राप्त हुने शिक्षालाई प्रधान रूपमा सिकाउनु आवश्यक हुन्छ। केवल कथा जानेर कार्यक्षेत्रमा अपेक्षित रूपले यसको उपयोग हुन न सकेमा यसको कुनै महत्व हुंदैन ।

३) प्राचीन अभिलेखहरूको अध्ययन गराउंदा आचार्य तहका तात्कालिक स्थितिको पूर्ण विवेचना पनि प्रस्तुत हुनु आवश्यक छ । वास्तवमा अभिलेख नै इतिहासको मूल आधार हुन्छ ।

४) धार्मिक चर्चाको अध्ययन गर्दा वर्तमान युगमा प्रचलित संबद्ध क्रियाकलापसंग त्यसको कस्तो सामन्जस्य छ, विश्लेषण हुनु आवश्यक छ ।

५) ज्ञानखण्ड(दर्शन)को विवेचना गर्दा पुराण र संबद्ध दार्शनिक ग्रन्थहरूका दृष्टिहरूमा केही पार्थक्य देखापर्नै गरेको छ । यसको पनि अध्ययन हुंदा आचार्यमा विवेचनात्मक पद्धतिलाई नै अपनाउनु पर्दछ ।

६) देवस्थल तीर्थस्थलहरूको वैशिष्ट्र्यज्ञानको लागि ग्रन्थहरूको साथसाथै स्थलगत अध्ययन भ्रमण विशेष उपयोगी हुन सक्छ । कतिपय देवस्थल, तीर्थस्थलहरू ग्रन्थमा वर्णित छन् तर तिनीहरूको वास्तविक अवस्थिति वर्तमान युगमा कहां र कुन रूपमा छ भन्ने कुरा कसैलाई ज्ञात छैन । तिनीहरूको खोजी गर्ने, विवरण संकलन गर्ने, व्यवस्थालाई पनि यस तहको विशिष्ट अध्ययन वा अध्ययन पत्रको विषय बनाउन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७) अन्य कला कौशल, शिल्प विधाहरूको ज्ञान पनि पुराणहरूबाट हुन सक्छ तिनीहरूको प्रयोग आजको कार्यक्षेत्रमा कसरी हुन सक्छ र तिनीहरूको महत्व के छ भन्ने बारे पनि प्रकाश पार्दै लैजानु उचित छ ।

८) वास्तवमा पुराणको अध्ययन ज्यादै महत्वपूर्ण हुने हुंदा यसको अध्ययन विधि केवल ग्रन्थवाचन र कथाश्रवणमा मात्र सीमित हुनु हुंदैन । यसका प्रयोग क्षेत्र र विवेचनात्मक सरणीको पनि विकास र अनुसरण हुनु पर्दछ ।

३.६.(घ) शैक्षिक सामग्री

१) लुप्त हुन लागेको र भै सकेका पौराणिक ग्रन्थहरूको पुनरुद्धार हुनु पर्दछ। सर्वप्रथम मूलपुराण र उपपुराणहरूको विषयगत महत्व हेरी क्रमश: सम्पादन र प्रकाशन हुंदै जानु पर्दछ । अन्यथा अब निकट भविष्यमै अध्येय सामग्रीकै अभाव हुन जाने आशंका छ ।

२) संस्कृत शिक्षालाई युगोपयोगी र समाज ग्राह्य बनाउन पौराणिक साहित्यले प्रमुख भूमिका खेल्न सक्छ । त्यसकारण समाजलाई प्रत्यक्ष रूपले उपयोगी सिद्ध हुने धार्मिक र सामाजिक विषयहरूका साथै कला र शिल्प विधाहरूको उल्लेख भएका साहित्यबाट तत्तद अंश उद्धृत गरी पाठ्य एवं सहायक पुस्तकहरूको निर्माण र प्रकाशन हुनु पर्दछ ।

३) प्राचीन अभिलेखहरूबाट उदाहरण दिंदै प्राचीन लिपिज्ञान गराउने, अभिलेखहरूबाट लिपि उतार्ने, प्राचीन लिपि पढ्ने, टुटे-फुटेका अभिलेखहरूलाई कल्पना एवं अनुमानबाट पूर्ण अर्थ निकाल्ने आदि विधिहरूको उल्लेख भएका पाठ्य सामग्रीहरू लेखाइनु पर्दछ ।

४) नेपाल अधिराज्यका विशिष्ट देवस्थलहरू, तीर्थस्थलहरू, ऐतिहासिक एवं सांस्कृतिक महत्वका अभिलेख आदि महत्वपूर्ण वस्तुहरू अब धमाधम लुप्त हुंदै जान लागेका हुंदा तिनीहरूका चित्रहरू संकलन गर्ने र परिचय सहित प्रकाशित गर्नु अत्यावश्यक छ । यो कार्य गर्न अत्यन्त विलम्ब भै सक्यो। अब दश वर्ष भित्रमा नेपालका महत्वपूर्ण वस्तुहरूको अभावमा देशको सांस्कृतिक अध्ययन र गर्नु ज्यादै कठीन हुने डरलाग्दो संभावना अगाडि आइसकेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) नेपालका तीर्थस्थल एवं देवस्थलहरूको महात्म्य र वैशिष्ट्यबारे प्राचीन ग्रन्थहरूको सन्दर्भ दिंदै वर्तमान अवस्थिति समेतको विश्लेषण गरेर ग्रन्थहरू लेखिनु पर्दछ ।

६) पुराणीक ऐतिहासिक चरित्रहरूको संकलन र वैशिष्ट्य विश्लेषणले साचित प्रकाशन हुनु पर्दछ ।

७) पुराणहरूका प्रतिपाद्य विषयहरूमा रहेका आपसका मेल-बेमेलहरूलाई छुट्याई तिनीहरूको विवेचना सहितका शैक्षिक सामग्रीहरूको निर्माण हुनु पर्दछ ।

८) नेपाली संस्कृतिसंग घनिष्ठ रूपले तालमेल राख्ने भारतीय इतिहास, पुराण र संस्कृति सम्बन्धी साहित्य एवं शैक्षिक सामग्रीहरूको संकलन हुनु आवश्यक छ ।

९) समय-समयमा इतिहास, संस्कृति, पुराणसंग संवद्ध स्वदेश एवं विदेशका विद्वान्हरूको प्रवचन गराई, उक्त प्रवचनहरूको लिखित सामग्रीको अध्ययनमा उपयोग गर्ने व्यवस्था हुनु आवश्यक छ ।

३.७ पूर्वमीमांसा

३.७(क) वर्तमानस्थिति

३.७(क)(१) शास्त्री

१) पाठ्यांशको उद्देश्य बताएर जेयवस्तुको परिचय दिनु,

२) पाठ्यांशको आशय प्रतिपादन गर्नु,

३) संवद्ध विषयमा विश्लेषणात्मक ढंगले प्रकाश पार्नु,

४) विद्यार्थीहरूलाई पारस्परिक रूपमा तात्पर्य कथन तर्फ प्रेरित गर्नु,

५) पहिले पढिसकेका पाठहरूको गुरूका सामु बारंबार अभ्यास गर्नु प्रश्नोत्तर विधि अपनाउनु,

६) छात्रहरूमा परस्परमा प्रश्नोत्तरहरू गराएर विषय बोधमा दृढता उत्पादन गर्नु,

३.७.क(२) आचार्य

१) आचार्य तहका शिक्षण विधिहरू पनि शास्त्री तहका विधिहरू समान नै छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.७(ख) समस्याहरू

३.७(ख)(१) शास्त्री

१) यस तहमा नेपाल अधिराज्यमा प्रचलित वैदिक सनातन धर्महरूको व्यावहारिक पदाहरूको ज्ञान छात्रहरूलाई दिने भन्ने उद्देश्य राखिएको हुंदा निर्धारित पाठ्य विषयहरूको कुन विधिले शिक्षण भएमा उक्त उद्देश्य पूर्ण हुने हो बताइएको छैन ।

२) मीमांसा दर्शनमा अन्य दर्शनीक प्रमेय पदार्थहरूसंग के कस्तो सामन्जस्यता विरोध छ यो देखाइने व्यवस्था छैन ।

३.७(ख)(२)

१) आचार्य तहको निमित्त पनि शास्त्री कै शिक्षण विधिहरू नै अपनाइनु हुंदैन ।

२) तुलनात्मक अध्ययन पत्रमा मीमांसा दर्शनका निमित्त पदाहरूको तुलनात्मक अध्ययन गर्ने भनिएकोमा सीमांकन गरिएका छैन । यसवाट क्षेत्रको विशालताले गर्दा अन्योलको स्थिति आउन सक्छ ।

३.७(ग) सुझावहरू

३.७(ग)(१) शास्त्री

१) उद्देश्यमा लेखिए बमोजिम नेपाल अधिराज्यमा प्रचलित वैदिक सनातन धर्मका व्यावहारिक पदाहरूको ज्ञान दिलाउन तदनुरूप विषयवस्तुको निर्धारण र नेपालको सन्दर्भमा तिनीहरूको अध्ययन हुनु आवश्यक छ । फेरि व्यवहारिक पदा भने पछि यो प्रयोगात्मक पदा भएकोले छात्रले स्वयं गर्ने के र कसरी भन्ने कुराहरूको पनि उल्लेख हुनु पर्दछ ।

२) मीमांसा शास्त्रोक्त प्रमेय पदार्थहरूको सैद्धान्तिक ज्ञानको साथै अन्य दर्शनका प्रमेय पदार्थसंग तिनीहरूको सामन्जस्य वा विरोध के छ देखाउंदै जानु उचित हुन्छ ।

३) विषयलाई रोचक बनाउन शिक्षण विधिमा सुधार ल्याउनु पर्दछ । चित्र, तालिका, कुण्डा आदि उपकरणको विकास हुनु र शिक्षणमा तिनीहरूको प्रयोग हुनु आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.७.(ग)(२) आचार्य

१) यस तहमा दार्शनिक विषयहरूको विवेचनात्मक अध्ययन हुने हुंदा व्याख्यानात्मक विधि नै ठीक छ ।

२) छात्रहरूले स्वयं पनि संलग्न भएर शास्त्रीय चर्चा गर्ने, प्रवचन, शास्त्रार्थहरूको आयोजना गर्ने आदि विधि पनि अपनाइनु पर्दछ ।

३) तुलनात्मक अध्ययन वाला पत्रमा समस्यामा उल्लेख भए भैं तुलना हुने विषयहरूको सीमाङ्कन हुनु पर्दछ र तुलना कसरी हुने हो यी विधिहरूको पनि उल्लेख हुनु आवश्यक छ ।

३.७(घ) शैक्षिक सामग्री

१) प्राचीन ग्रन्थहरूको प्रकाशन वाट्न भएकाले र प्राचीन ग्रन्थ दुर्लभ भएका हुंदा पाठ्यग्रन्थहरू न पाइने समस्या उग्र भएको छ । यसकारण यी अंशहरूको प्रकाशन हुनु पर्दछ ।

२) अध्ययनलाई सरल र रोचक वनाउन चित्र, तालिका वर्गवृन्दा आदिको विकास गरिनु आवश्यक छ ।

३.८ शांकरवेदान्त

३.८(क) वर्तमानस्थिति

३.८(क)(१) शास्त्री

१) पाठ्यांशको उद्देश्य प्रदर्शन गर्नु र जान्नुपर्ने विषयहरूको परिचय दिनु,

२) संवद्ध विषयहरूमा विश्लेषणात्मक ढंगले प्रकाश पार्नु,

३) पठित विषयमा लेख्ने अभ्यास गराउनु,

४) छात्रहरूलाई परस्परमा तात्पर्य कथन तर्फ प्रेरित गर्नु,

३.८(क)(२) आचार्य

१) विषयहरूको परिचय दिनु र उद्देश्य वताउनु,

२) एक पाठ्यांशको अर्को पाठ्यांश सितको सम्बन्ध देखाउनु,

३) पाठको सारांश वताउनु,

४) कठिन स्थलहरूको व्याख्यान दिनु,

५) कठिन प्रमेयहरूको विस्तारपूर्वक विशद व्याख्यान दिनु,

६) कठिन पदार्थको वाक्यार्थ फुटाउनु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७) बोध प्रश्नहरू दिएर शिष्यको ज्ञान जांच्नु,

८) आवश्यकतानुसार पुनर्विषयहरूको प्रतिपादन गर्नु,

९) कक्षामा अभ्यासको व्यवस्था गर्नु,

३.८(ख) समस्याहरू

३.८(ख)(१) शास्त्री

१) यस तहमा वेदान्त शास्त्र सम्मत प्रमाणवाद र आत्मतत्वको प्रतिपादन सम्बन्धी ज्ञान दिइन्छ, तर शास्त्रान्तर सम्मत प्रमाणवादको र आत्मतत्वक ज्ञान संगसंगै न दिंदा एकांगी हुन गएको छ ।

२) गीताको कर्म-भक्ति ज्ञानयोग रहस्यको महत्व जीवनमा के छ, यसको वर्तमान सन्दर्भमा शिक्षण हुने व्यवस्था छैन ।

३.८(ख)(२) आचार्य

१) यस तहमा उपनिषद्हरूको ज्ञान दिलाइन्छ, तर विविध उपनिषद्हरूमा पारस्परिक मेल-बेमेल, सामन्जस्यविरोध आदिको अध्ययन गर्ने विधि उल्लिखित छैन ।

३.८(ग) सुझावहरू

३.८(ग)(१) शास्त्री

१) यस तहमा वेदान्तका प्रमाणवाद, आत्मतत्व प्रतिपादन र मोक्षतत्व विचार आदि विषयहरूको ज्ञान दिलाइन्छ । यी विषयहरूमा प्राय सबै आस्तिक र नास्तिक दर्शनहरूले पनि विचार गरेका छन् । अतः अन्य दर्शनका मतहरू पनि संक्षेपमा यस तहमा सिकाउनु आवश्यक छ । यसबाट आचार्य तहमा विवेचनात्मक अध्ययन गर्ने पृष्ठभूमि तैयार हुन सक्छ ।

२) गीताका कर्मयोग, भक्तियोग र ज्ञानयोगको मानवजीवनमा प्रत्यक्ष उपयोग हुन सक्छ र यसबाट मानवजीवन वास्तविक अर्थमा सुखी हुन सक्छ एवं मोक्ष पनि परत्रमा पाउन सकिन्छ । तर यी विषयहरूको वर्तमान सामाजिक सन्दर्भमा अध्ययन हुनु जरूरी छ ।

३) वेदान्त दर्शनका मूलतत्वहरूको शिक्षणलाई सरल, रोचक रूपमा बोधगम्य बनाउन चित्र, तालिका, वर्गीकृत आदि अन्य सामग्री एवं उपकरणहरूको निर्माण र विकास गरी अध्ययनमा यिनीहरूको उपयोग हुनु आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.८(ग)(२) आचार्य

१) यस तहका लागि विषयगत विवेचनात्मक अध्ययनको निमित्त निर्धारित व्याख्यानात्मक शिक्षण विधिहरू उपयुक्त नै छन् । तर कतिपय स्पष्ट छैनन्, तिनीहरूलाई स्पष्ट गर्नु आवश्यक छ ।

२) यस तहमा उपनिषद्हरू पढाइन्छन्, उपनिषद् अनेक छन् र विषय पनि अनेक । अद्वैततत्वको प्रतिपादन पनि पृथक् पृथक् रूपमा गरिन्छ । अत: यी उपनिषद्हरूको प्रतिपाद्य विषय र शैली एवं निष्कर्षमा सामन्जस्य र विरोधका विन्दुहरू पनिलाई विवेचना हुनु पर्दछ ।

३) कर्मबाट ज्ञानमा पु-याउने पूललाई अफ स्पष्ट्याउन सके विषय रोचक र ग्राह्य हुन जानेछ ।

४) विषयलाई स्पष्ट पार्न, दृढ बनाउन र उपस्थित राख्न यस तहमा विचार प्रवचन र शास्त्रार्थ सरणीलाई अपनाउनु ज्यादै आवश्यक छ ।

३.८(क) शैक्षिक सामग्री

१) यस विषयमा हाल पाठ्य एवं सहायक पुस्तकहरू न पुग छैन । तुलनात्मक अध्ययनवाला पत्रको लागि पनि ग्रन्थहरू पाइन्छन् ।

२) गीता र उपनिषद्का विषयवस्तुहरूको लौकिक उपयोगवारे अध्ययन गरिएका शैक्षिक सामग्रीहरूको लेखन र प्रकाशन आवश्यक छ ।

३) शांकरवेदान्त र तन्त्रशास्त्र अद्वैतवादको विवेचनामा कहिं संगसंगै र कहिंकहीं आ- आफ्ना वैशिष्ट्य लिएर छिंडछन् - यिनीहरूको समन्वयात्मक अध्ययन हुने ग्रन्थ लेखिनु आवश्यक छ ।

४) वेदान्तका प्रतिपाद्य विषयहरूको शिक्षण कार्यलाई रोचक रूपमा बोध गम्य बनाउन आवश्यक शैक्षिक उपकरणहरूको निर्माण र विकास गरिनु पर्दछ।

३.९ धर्मशास्त्र

३.९(क) वर्तमान स्थिति

३.९(क)(१) शास्त्री

१) पाठ्यांशको उद्देश्य बताएर पाठ्यवस्तुको परिचय दिनु,

२) पाठको सारांश बताउनु र अरू पाठ्यांशसंग सम्बन्ध देखाउनु,

३) छात्रहरूको बोध जांच्नु,

४) आवश्यक भएमा विषयहरूको फेरी व्याख्यान दिनु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.९(क)(२) आचार्य

१) विषयहरूको परिचय दिनु,

२) व्याख्यानद्वारा अर्थ बुझाउनु

३) छात्रहरूमा परस्पर पाठहरूको अभ्यास गर्न प्रेरणा दिनु,

४) कठिन विषयहरूको विशेष रूपमा व्याख्यान दिनु,

३.९(ख) समस्याहरू

३.९(ख)(१) शास्त्री

१) यस तहमा विशेषत: धर्म र अधर्मको विचार, वर्णाश्रम धर्म र संस्कारहरू सिकाइन्छन् तर तिनीहरूको व्यवहारमा उपयोग के कति भएका छन् भन्ने सिकाइँदैन ।

२) वर्णाश्रम धर्महरू र संस्कारहरू एवं राजधर्म, लोकधर्म आदि समाजसंग प्रत्यक्ष सम्बन्ध भएका विषयहरू भएर पनि यसको अध्ययन वर्तमान काललाई पर राखेर गरिंदा अति महत्वपूर्ण विषय पनि जन समाजको लागि ग्राह्य बन्न सकेन ।

३) प्रायश्चित विचार, संस्कार विचार र आन्हिक विचार सम्बन्धी विषयहरू पनि प्रत्यक्ष अवेक्षणको आधारमा पढाइने व्यवस्था छैन ।

३.९(ख)(२) आचार्य

१) यस तहमा व्यवहार निर्णय, दायभाग, सापिण्ड्य, वर्णाश्रम कर्म, आशौच निर्णय आदि अनेक व्यावहारिक र उपयोगी विषय निर्धारित छन्, तापनि तिनीहरूको वर्तमानकालमा लोकव्यवहारमा चलेका धर्म-कर्महरूसंग सान्दर्भिक अध्ययन हुंदैन । यसबाट धर्मशास्त्रको अध्ययन युगोपयोगी मानिन सकेको छैन ।

२) तुलनात्मक अध्ययन वाला पत्रमा पनि निर्धारित विषयहरूको लोकव्यवहार प्रचलित धर्म र कर्महरूसंग तुलना गरिने व्यवस्था छैन ।

३.९(ग) सुझावहरू

३.९(ग)(१) शास्त्री

१) यस तहमा निर्धारित विषयहरूको अध्ययनको साथै वर्तमान लोकधर्म र व्यवहारको पनि अध्ययन हुनु पर्दछ । यसबाट आचार्य तहमा विवेचनात्मक अध्ययन गर्ने पृष्ठभूमि तैयार हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) समाजसंग प्रत्यक्ष सम्बन्ध भएका उपयोगी विषयहरूको शास्त्री ग्रन्थहरूबाट अध्ययन गरेपछि प्रत्यक्ष अवेक्षण पद्धतिबाट अधीत विषयहरूको प्रयोग सम्बन्धी अध्ययन पनि हुनु पर्दछ । यसबाट शास्त्र र व्यवहारमा भएका मेल – बेमेलको ज्ञान हुन सक्छ र व्यवहारलाई शास्त्रानुसारी बनाउंदै लैजाने कामना बल मिल्दछ ।

३.६(ग)(२) आचार्य

१) यस तहमा पनि व्यवहारमा नित्य आइ रहेका शास्त्रोक्त विषयहरूको ज्ञान प्रत्यक्ष अवेक्षण पद्धतिबाट पनि गराउनु पर्दछ । दुवै तर्फबाट तथ्यहरूको संकलन भए पछि विवेचनात्मक पद्धतिले दुवैको अध्ययन हुनु अत्यावश्यक छ ।

२) व्यवहार निर्णय, दायभाग जस्ता विषयहरूको नेपालको वर्तमान मुलुकी ऐनको र तत्सम्बन्धी ऐन- नियमहरूको सन्दर्भ सहित अध्ययन हुनु पर्दछ ।

३) वर्णाश्रम धर्म, आशौच, सापिण्ड्य आदि धार्मिक विषयहरूको नेपालमा विभिन्न सम्प्रदायहरूमा प्रचलित धार्मिकपर्वहरूसंग के कस्तो सम्बन्ध छ, सामन्जास्य विरोध के छ, भन्ने बारे पनि विश्लेषणात्मक विधिबाट अध्ययन हुनु आवश्यक छ ।

३.६(घ) शैक्षिक सामग्रीहरू

१) धर्मशास्त्र ज्यादै नै उपयोगी र समाजसंग प्रत्यक्ष सम्बन्ध रहेको विषय हो। यसको अध्ययनको लागि लोकधर्म, राजधर्म, वर्णाश्रम व्याख्या, संस्कारहरू, सनातन व्यवहार आदि विषयमा शास्त्रीय वचन र लौकिक व्यवहार दुवैलाई अगाडि राखी विवेचनात्मक अध्ययन प्रस्तुत गर्ने शैक्षिक सामग्रीको निर्माण हुनु पर्दछ ।

२) दायभाग आदि सनातन व्यवहारको नेपाल ऐनसंग सान्दर्भिक अध्ययन हुने पाठ्यग्रन्थै लेखाउनु आवश्यक छ ।

३) आंशौच, सापिण्ड्य आदि विषयमा र वर्णाश्रम धर्म एवं संस्कारहरूको विषयमा पनि नेपाली समाजमा प्रचलित विभिन्न सम्प्रदायहरूमा चलेका कर्मकाण्ड संग सान्दर्भिक अध्ययनं प्रस्तुत गर्ने शैक्षिक सामग्रीको निर्माण हुनु आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) कर्मकाण्ड विषयमा धर्मशास्त्र सम्बन्धी विभिन्न ग्रन्थहरूका भिन्न भिन्न पदहरूको उल्लेख गरी, तिनीहरूको विवेचनावाट निष्कर्ष निकालिएको ग्रन्थ बन्नु ज्यादै जरूरी छ ।

३.१० सर्वदर्शन

३.१०(क) वर्तमानस्थिति

३.१०(क)(१) शास्त्री

१) प्रथम पाठमा तर्क संग्रह आदिमा प्रतिपादित पदार्थहरूको उपस्थापन र पूर्व पाठको संगति प्रदर्शन गरी पूर्वज्ञानको उत्पादन गर्नु,

२) न्याय अनुसार पदार्थको उपस्थापनमा प्रेरणा प्रदान गर्नु,

३) आदर्श पाठ

४) श्यामपट्टमा कठिन शब्दहरूको अर्थ लेख्नु,

५) प्रवचनद्वारा पाठ्यांशको आशय प्रतिपादन गर्नु,

६) प्रश्नोत्तर पद्धतिबाट पुनरावृत्ति गराउनु र बोध परीक्षा गराउनु,

७) गृहकार्य दिनु र लेख्ने अभ्यास गराउनु,

३.१०(क)(२) आचार्य

१) न्याय शब्दार्थ प्रदर्शन गर्नु,

२) वैशेषिक सम्मत पदार्थज्ञानको उपस्थापन गर्नु,

३) श्यामपट्टमा कठिन शब्दहरूको अर्थ लेख्नु,

४) प्रवचनद्वारा पाठ्यांशको आशय बताउनु,

५) प्रश्नोत्तर पद्धतिबाट पुनरावृत्ति र बोध परीक्षा गर्नु,

६) गृहकार्य दिनु र लेख्ने अभ्यास गराउनु,

३.१०(ख) समस्याहरू

१) यस तहमा प्रायः सबै आस्तिक र नास्तिक दर्शनहरूको स्वरूप ज्ञान गराइन्छ, तर ती दर्शनहरूले सबैले विचार गर्ने प्रमाणवाद, आत्मतत्व, जगत्, जन्म-मरण, मोक्ष आदि प्रमुख विषयहरूलाई लिएर दर्शनहरूको मतभेदका बिन्दुहरूलाई औंल्याउने पद्धति उल्लिखित छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) यस तहको लागि निर्धारित उपर्युक्त शिक्षण विधिहरू पर्याप्त र स्पष्ट छैनन् ।"

३) उक्त विधिहरूमध्ये १ र २ केवल प्रथम पत्रका लागि हुन्, तर अन्य सबै पत्रहरूमा पनि `पूर्ववत्' भनिएको छ, त्यो उपयुक्त भएन ।

३.१०(ख)(२) आचार्य

१) यस तहमा पनि सबै आस्तिक र नास्तिक दर्शनहरूको विशिष्ट अध्ययन गराइन्छ । तिनीहरूमध्ये प्रत्येकको सरासरी आदिदेखि अन्तसम्म ग्रन्थ वाचन गरी प्रतिपादित विषयहरू पढाइ सक्ने मात्र विधि अपनाइएको छ। उक्त दर्शनहरूमा आपसमा सम्मति - वैमत्य के कस्तो छ हेर्ने र विवेचना गर्ने अवसर छैन ।

२) यस तहमा पनि निर्धारित उपर्युक्त शिक्षणविधिहरूमध्ये १ र २ प्रथमपत्रका लागि मात्र हुन्, तर अरू पत्रहरूको लागि पनि तिनीलाई `पूर्ववत्' शब्दले ग्रहण गरिएको छ । त्यो उपयुक्त छैन ।

३) आचार्य तहमा विश्लेषण र विवेचना प्रधान अध्ययन हुनुपर्ने कुराको उल्लेख छैन ।

३.१०(ग) सुझावहरू

३.१०(ग)(१) शास्त्री

१) निर्धारित पाठ्यग्रन्थहरूका विषयवस्तुहरूको सरसरती विषयज्ञान उक्त व्याख्यानात्मक विधिबाट हुन जतिसुकै ती दर्शनका प्रमुख प्रतिपाद्य विषयहरू प्रमाणवाद, आत्मतत्व विचार, जन्म-मरण, मोक्ष, जगत् रचना आदिमा पारस्परिक सम्मति - वैमत्य के छ देखाउनु आवश्यक छ ।

२) यस तहका लागि निर्धारित उपर्युक्त शिक्षणविधिहरू मध्ये १ र २ झिक्ने र अरूलाई स्पष्ट गर्नु आवश्यक छ ।

३.१०(ग)(२) आचार्य

१) ३.१०(ग)(१) १ मा उल्लेख भए बमोजिम विभिन्न दर्शनका प्रमुख प्रतिपाद्य विषयहरूमा पारस्परिक विवेचना गरी समीक्षात्मक अध्ययन गराउने विधि यस तहमा अपनाइनु आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) शास्त्रहरूलाई पनि एक पल्ट पढि सकेका विभिन्न दर्शनहरूका प्रतिपाद्य विषयहरूलाई लिएर विचार-विमर्श, शास्त्रार्थ आदि गराउने विधि उपयुक्त ठहरिन सक्छ ।

३) आचार्य तहमा विश्लेषणा र विवेचनात्मक अध्ययन गर्नुपर्ने कुराहरूको शिक्षाणविधि अन्तर्गत उल्लेख हुनु आवश्यक छ ।

४) उपर्युक्त निर्धारित शिक्षाणविधिहरूमध्ये १ र २ उपयुक्त छैनन् ।

३.१०(घ) शैक्षिक सामग्रीहरू

१) यस विषयमा पनि प्राय: प्राचीन ग्रन्थहरू दुष्प्राप्य भै सकेको हुंदा पठनीय ग्रन्थहरूको पुनर्मुद्रण गर्ने व्यवस्था हुनु आवश्यक छ ।

२) विभिन्न दर्शनहरूको निमित्त संस्कृत, हिन्दी, मा लेखिएका अन्य सहायक ग्रन्थहरूको पनि संकलन र प्रतिष्ठापन हुनु आवश्यक छ ।

३) विभिन्न पत्रिकाहरूमा लेखिएका दार्शनिक लेखहरूको संकलन र सहायक शैक्षिक सामग्रीको रूपमा तिनीहरूको सन्निवेश हुनु उचित छ ।

४) तुलनात्मक अध्ययनवाला पत्रको निमित्त पाठ्यग्रन्थ लेखिनु पर्दछ ।

३.११ अनिवार्य विषयहरू

३.११(क) वर्तमानस्थिति

३.११(क)(१) प्रमाणपत्र

यस तहमा अनिवार्य वैकल्पिक संस्कृत रचना र साझा मूल - ख दुई अनिवार्य विषयहरू छन्, तिनीहरूमध्ये -

अ. अनिवार्य वैकल्पिक संस्कृत रचना

१) अभ्यास प्रश्नोत्तर आदि विधिहरू रचना सिकाउंदा यथा अवसर अपनाइनु,

२) शब्द स्वरूप निर्वचनमा प्रमुख सूत्रहरूको उल्लेख गर्नु,

३) गद्य काव्य शैलीको अनुशीलनमा पर्याय, कोष्ठा, विग्रह प्रदर्शन गर्नु,

४) गद्य काव्य अन्तर्गत पर्ने अनुच्छेद र वाक्यहरूको भावार्थ प्रकाशन गर्नु,

५) प्रमुख पात्रहरूको चित्रण, गर्नु, स्थलहरूको वैशिष्ट्य देखाउनु,

आ. साझा मूल-ख

१) प्रयोग प्रश्नोत्तर आदि विधिहरू शिक्षाण कालमा यथा अवसर अवलम्बन गर्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.११(क)(२) शास्त्री

अ. अनिवार्य वैकल्पिक संस्कृत रचना

१) प्रत्येक पदको व्याख्यान दिनु,

२) तात्पर्य-प्रकाशन गर्नु,

३) सम्बद्ध स्थलहरूमा ग्रन्थान्तरका साथ तुलनात्मक दृष्टिले समालोचना गर्नु,

४) छात्रहरूमा परस्पर विचार गराउनु,

५) प्रश्नोत्तर प्रणाली अपनाउनु,

६) लेख लेख्ने अभ्यास गराउनु,

३.११(ख) समस्याहरू एवं सुझावहरू

३.११(ख)(१) प्राग्पत्र

१) यस तहमा साहित्य, व्याकरण र न्यायका सिद्धान्तहरूको सामान्य अध्ययन गराइने हुंदा ती विषयहरूमा आ-आफ्ना मूल विषयको निमित्त निर्धारित शिक्षण विधिनै उपयुक्त हुन सक्छन् ।

२) अनिवार्य वैकल्पिक संस्कृत रचना अन्तर्गत लेखिएका शिक्षण विधिहरू उपयुक्त नै छन् ।

३) खास गरी अनिवार्य विषय पढाउनुको प्रमुख उद्देश्य विषयज्ञान भन्दा पनि मूलविषय पढ्ने योग्यता सम्पादन गर्नु, भाषिक योग्यता बढाउनु तदनुगत व्युत्पत्तिमा क्षमता बढाउनु आदिनै रहेका हुंदा तदनुरूप नै व्याख्यानात्मक विधि अपनाएर संस्कृत रचना सम्बन्धी सिद्धान्तको ज्ञान दिनुको साथै छात्रहरूबाट पनि विचार विमर्श गराउने, संस्कृतमा वार्तालाप गराउने, शास्त्रार्थ बाह्य साहित्य, पत्र-पत्रिका आदि पढ्ने बानी बसाल्ने आदि उपाय अपनाउनु वेश हुनेछ ।

३.११(ख)(२)

१) शास्त्री तहका साधारण संस्कृत मूल-ख वाला पत्रमा विभिन्न प्रकृतिका विभिन्न विषयहरू (साहित्य, आचारशास्त्र, नीति, दर्शन, इतिहास) समाविष्ट रहेका र तिनीहरूको शिक्षण विधि वेग्ला वेग्लै हुन सक्ने हुंदा तत्तद् मूलविषयको लागि निर्धारित पद्धति यहां पनि अपनाइनु वेश हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) अन्य प्रमाणपत्र सरह दै विधिहरू यहां पनि हुन सक्छन् । तर प्रमाणपत्र भन्दा यसमा विश्लेषण प्रधान अध्ययन हुने हुंदा त्यसमा केही विश्लेषणात्मक पद्धति अपनाउनु उचित हुन्छ ।

३.११(ग). शैक्षिक सामग्री

१) अनिवार्य विषय शिक्षणको लागि पाठ्यपुस्तकहरू बेग्लै तयार्नु आवश्यक छ ।

२) संस्कृत भाषा सामान्य लेख पढको निमित्त उपयोगी हुने गरी सिकाउने प्राथमिक लक्ष्यले सरल र रोचक कथावस्तुहरू पुराणहरूबाट उद्धृत गरी तिनीहरूको माध्यमबाट व्याकरणका नियमहरू र शब्द प्रयोग सिकाउने पाठ्यग्रन्थ हुनु आवश्यक छ ।

३) मूलविषय अध्ययनमा मदत पुऱ्याउन सक्ने आधार ग्रन्थको रूपमा विशेष भाषा सिकाउन र अभिव्यक्ति प्रदान गर्न उपयोगी पाठ्य ग्रन्थ पनि (तद् तद् विषयका उदाहरणहरू भएका) लेखाउनु आवश्यक देखिन्छ ।

विशेष- यी शिक्षणविधिहरूलाई तत्तत् विषयका विद्वान्हरूले केलाई आ-आफ्ना विषयको लागि उपयुक्त हुन सक्ने - नसक्नेबारे विचार-विमर्श गरी पाठ्यक्रममा समावेश गर्ने र शिक्षण कार्यमा उपयोग गर्ने गरेमा उद्देश्यानुरूप विषयवस्तुहरूको शिक्षणकार्यमा सुधार आउने छ भन्ने आशा गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. मूल्यांकन पद्धति

४. क) वर्तमानस्थिति

१) हाल मूल्यांकन सम्बन्धी नीति निर्देशन र नियन्त्रणको केन्द्र त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालय अन्तर्गत परीक्षा नियन्त्रण कार्यालय हुन गएको छ । यहींबाट मूल्यांकन सम्बन्धी समस्त नियम उपनियमहरू तैयार भै विभिन्न अध्ययन संस्थान अन्तर्गतका विद्यापीठ(क्याम्पस)हरूमा पठाइएका छन् र सबै विद्यापीठहरूले तिनैलाई लागू गर्दछन् ।

२) प्रत्येक तहको लागि प्रत्येक वर्ष प्रत्येक पत्रको वार्षिक परीक्षा गरिन्छ । यसको लागि त्यस पत्रको निमित्त निर्धारित पूर्णांकको ८० % अंक निर्धारित छन् । तर व्यक्तिगत छात्रको लागि भने १०० % अंक कै वार्षिक परीक्षा हुन्छ ।

३) नियमित छात्रको लागि २० % अंकको आन्तरिक मूल्यांकन विद्यापीठमा संवद्ध कक्षा मै लिने गरिन्छ । व्यक्तिगत परीक्षार्थीले भने यो आन्तरिक मूल्यांकन परीक्षा दिनु पर्दैन ।

४) परीक्षा नियन्त्रण कार्यालयले वार्षिक परीक्षाको निमित्त संवद्ध शिक्षकबाट प्रश्नपत्र तैयार गराउंदछ, र यस्ता प्रश्नपत्रहरूको प्रश्नपत्र व्यवस्थापन समितीबाट संशोधन गराइन्छ , अनि यिनीहरूको प्रयोग वार्षिक परीक्षामा हुने गर्दछ ।

५) ती प्रश्नपत्रहरूमध्ये पनि प्रत्येकको पांच सेट्र तैयार गरिन्छ र पाचै सेटको उपर्युक्त समितिबाट एकै पल्ट संशोधन समेत हुन्छ, अनि कार्यालयले चिठ्ठा झिके जस्तै गरी तीमध्येबाटै आवश्यकता अनुसार प्रश्नपत्र झिकी परीक्षामा प्रयोग गर्दछ । यसबाट प्रश्नहरू समय भन्दा पहिले चुहिने संभावनाबाट वच्न सकिन्छ भन्ने विश्वास गरिन्छ ।

६) परीक्षा लिंदा पनि यौटा विद्यापीठका छात्रहरूको केन्द्र अर्कै विद्यापीठमा राखी आफ्ना चिर परिचित शिक्षकहरू न रहेको वातावरणमा जांच लिइन्छ । यसबाट परीक्षामा परीक्षार्थीहरूको अवैध क्रियाकलाप चोरी कम हुन्छ भन्ने विश्वास लिइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७) हाल संस्कृत अध्ययन संस्थानका विद्यापीठहरूमा आन्तरिक मूल्यांकन लिंदा निम्नांकित व्यवस्था गरेको देखिन्छ ।

१) कुनै गोटा प्रश्न दिई कक्षा मै संबद्ध छात्रलाई एक वा दुई घण्टाको समय दिई उत्तर लेखाउने र त्यसमा अंक दिने,

२) प्रश्नको उत्तर छात्रले घरैबाट लेखी ल्याए पछि त्यसमा अंक प्रदान गर्ने ।

३) कक्षामा संबद्ध छात्रको कार्य हेरी त्यसको आधारमा निजको मूल्यांकन गरी अंक प्रदान गर्ने ।

८) आन्तरिक मूल्यांकन सामान्यतया कक्षाको अवधिमा एक पल्ट लिइन्छ । तर त्यसमा संबद्ध छात्र अनुत्तीर्ण भएमा परीक्षा शुरू हुनु भन्दा केही समय अगि पुन: एकपल्ट छात्रलाई आन्तरिक मूल्यांकन दिने अवसर दिइन्छ ।

९) आन्तरिक मूल्यांकनमा उत्तीर्ण न भै वार्षिक परीक्षामा सम्मिलित हुने अधिकार न हुने हुंदा वार्षिक परीक्षा दिने अवसरबाटै छात्रलाई किन वञ्चित गर्नु भन्ने भावले सामान्यतया छात्रलाई आन्तरिक मूल्यांकनमा उत्तिर्ण गराइंदैन । यो नियम होइन, व्यवहारिक सत्य हो ।

१०) प्रथम खण्डको वार्षिक परीक्षामा कुनै कारणवश सम्मिलितसम्म हुन सकेमा पनि कक्षा पूरा गरेको आधारमा अर्को खण्डमा अध्ययन गर्न पाइने सुविधा छात्रलाई उपलब्ध छ ।

११) वार्षिक परीक्षामा अनुत्तीर्ण भएको पत्रमा उत्तीर्ण न हुन्जेलसम्म जति पटक-सम्म पनि परीक्षा दिइ रहन पाइने सुविधा छात्रले पाएका छन् ।

१२) वार्षिक प्रश्नपत्र बनाउंदा निम्नांकित आधारहरू अपनाइएका छन् -

१) प्रमाणपत्र - ३० अंको १ निबन्धात्मक प्रश्न र
७० अंकका ७ संक्षिप्त उत्तरात्मक प्रश्नहरू

२) शास्त्रीमा ५० अंकका २ निबन्धात्मक प्रश्नहरू र ५० अंकका ६ संक्षिप्त उत्तरात्मक प्रश्नहरू,

३) आचार्यमा ६० अंकका ३ निबन्धात्मक प्रश्नहरू र ४० अंकका ५ संक्षिप्त उत्तरात्मक प्रश्नहरू ,

४) उपर्युक्त प्रत्येक प्रश्नपत्रमो ४० % अंकका प्रश्नहरू विकल्पमा दिने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३) प्रत्येक तहको निमित्त प्रत्येक पत्रको प्रश्न बनाउंदा प्राश्निकले पनि उपर्युक्त अंक संयोजना र विभिन्न प्रकरणहरूका लागि निर्धारित अंकहरूलाई सम्भव भए-सम्म आधार मानि ग्रन्थका सबै भागहरूबाट पर्ने गरी प्रश्नहरू बनाउंछ ।

१४) उपर्युक्त प्रश्नपत्रहरूबाट छात्रहरूका उत्तरको मूल्यांकन गरी प्राप्त अंकको आधारमा ४० %, ५० %, ६० % अंक आएमा क्रमश: तृतीय श्रेणी, द्वितीय श्रेणी, र प्रथम श्रेणी प्रदान गरिन्छ र ८० % अंक आएमा विशेष योग्यता मानिन्छ ।

४.ख) समस्याहरू

१) शिक्षणकालीन मूल्यांकनलाई हाल अहिं पनि उति ध्यान दिइन्दैन । छात्रले पढिसकेको पाठ उपस्थित राखेको छ वा छैन शिक्षकलाई ज्ञात हुंदैन । तै पनि शिक्षकले पाठ बढाउँदै लैं जान्छ र पाठ सकि दिन्छ ।

यसबाट छात्र पनि पाठ बुझाउनु पर्ने आवश्यकता न ठानी पहिले पढिसकेको पाठको नियमित तैयारी गर्दैन र हुंदा हुंदै परीक्षाको समयमा एकै पल्ट सबै तैयारी गर्न न सक्ता प्राय छात्र अनुत्तीर्ण हुन जान्छ ।

यसमा निम्नलिखित कारणंहरू देखा पर्दछन् -

१) पढिसकेको पाठ बुझाए पछि मात्र अर्को पाठ लिने प्रक्रिया उच्च शिक्षा-लाई स्वाहुंदैन, यो त तल्ला कक्षा (विद्यालय तहमा)हरूको निमित्त मात्र उपयुक्त छ भन्ने भाव हुनु,

२) छात्रहरू अधिक भएर पाठ सोध्न न भ्याउनु,

३) कक्षाको समय थोरै भएर ग्रन्थ पढाइ सक्न हतारो पर्नु,

४) यौटै पत्रको निमित्त पनि पाठ्य विषयहरू आवश्यकता भन्दा अधिक हुनु,

५) शिक्षकको संख्या पर्याप्त न हुनु,

६) शिक्षकहरूले पढाइ भन्दा अन्य संस्थागत, व्यक्तिगत वा सामाजिक बाहिरी काममा लाग्नु वा लाग्न पर्नु,

७) छात्रहरूको अन्य मनस्कता, वा अन्य कारणवश कक्षामा अनुपस्थित हुनु,

८) शिक्षकको छात्रहरू प्रतिको उपेक्षा वृद्धि हुनु, आदि ।

संस्कृत अध्ययन संस्थानका विद्यापीठहरूमा उपर्युक्त कारणहरूमध्ये प्राय: सबै आ-आफ्ना भूमिका खेलिरहेका देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) वर्तमान आन्तरिक मूल्यांकन पद्धतिले खास कुनै उद्देश्य सिद्ध हुन सकेको छैन । नियमित छात्रलाई यसबाट २० प्र. अंको लाभ अवश्य भएको छ तापनि प्रति अंक पाउंदा पाउंदै पनि वार्षिक परीक्षामा प्राय: छात्र अनुत्तीर्ण हुने हुंदा आन्तरिक मूल्यांकन स्वयं पनि इमान्दारीपूर्ण छ र यसले अपेक्षित उद्देश्य प्राप्त गर्न सकेको छ भन्न सकिंदैन ।

३) आन्तरिक मूल्यांकन लिने प्रक्रियामा धेरै अनियमितताहरू छन् ।

१) वार्षिक परीक्षा जस्तै उचितै स्तर र संख्यामा प्रश्नहरू दिई उचित समयमा उत्तर लेखि सक्नु पर्ने बाध्यता न हुंदा आन्तरिक मूल्यांकन औपचारिकता पूरा गर्ने वा नियम पालन नगरि टौपले कार्य मात्र भएको छ ।

२) गृहकार्य दिंदा छात्रले कक्षामा पढेको आधारमा आफ्नो प्रतिभा प्रदर्शन गर्नुपर्ने प्रश्न न दिई ग्रन्थ वा टीका टिप्पणीबाट उत्तर लेख्न सकिने प्रश्न दिंदा छात्रको सही मूल्यांकन हुन पाएको छैन ।

३) कक्षामा त माथि लेखिए झैं शिक्षणकालीन मूल्यांकन (पाठ सोध्ने, बुझाउने कार्य) न हुंदा छात्रको ज्ञान जांच्ने अवसरै छैन । गुरू बोल्दै जाने, छात्र सुन्दै जाने यसको आधारमा आन्तरिक मूल्यांकन गर्न सकिंदैन।

४) छात्रहरूमा विषयगत विचारविमर्श, प्रश्नोत्तर ,प्रवचन, शास्त्रार्थ आदि न हुंदा यसबाट पनि आन्तरिक मूल्यांकन हुने अवसर प्राप्त छैन।

४) आन्तरिक मूल्यांकनको अंक प्रदान गर्दा गुरूजन सैद्धान्तिक भन्दा व्यावहारिक बढी देखिनुबाट यसको अपेक्षित प्रयोजन सिद्ध भएको छ भन्न सकिंदैन ।एकपल्ट आन्तरिक मूल्यांकन दिएको छात्र प्राय: अनुत्तीर्ण भएको देखिंदैन - तर वार्षिक परीक्षामा त्यही छात्र धेरै पल्ट अनुत्तीर्ण हुन्छ भने यस आन्तरिक मूल्यांकनको प्रयोजन सिद्धि भयो भनेर कसरी भन्ने !

५) व्यक्तिगत परीक्षार्थीले आन्तरिक मूल्यांकन दिनु न पर्ने र नियमित परीक्षार्थीले मात्र दिनु पर्ने यसबाट पनि समानताको आधारमा न्याय भएको भन्न सकिंदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) वार्षिक परीक्षाको निमित्त प्रश्नपत्र बनाउँदा पनि एकै तहका सबै विषयहरूमा स्तरीयताको दृष्टिले एकरूपता पाइँदैन । स्तरमा धेरै अन्तर छ । नमूना प्रश्नपत्र हाल कसैको छैन ।(केही समय अगि परीक्षा नियन्त्रण कार्यालयको निर्देशनमा एकपल्ट सबै विषयका नमूना प्रश्नपत्रहरू तैयार गरिएका थिए तापनि हाल ती प्रायः मिल्दैनन् र तिनीहरूको अनुसरण पनि प्रायः गरिँदैनन्)

७) निर्धारित उद्देश्य प्राप्तिको लागि, निर्धारित विषयवस्तुको ज्ञान निर्धारित प्रक्रियाबाट कक्षामा छात्रलाई दिलाइ सके पछि सो उद्देश्य साधनको निमित्त छात्रको ज्ञान प्राप्ति छ वा छैन, छात्र सक्षम छन् वा छैनन् भनी हेर्ने दृष्टि अझै प्राप्त भएको छैन ।

८) प्रकरणगत अंक विभाजन उपर्युक्त अंक संयोजना अनुरूप छैन भनौं अथवा उपर्युक्त अंक संयोजना प्रकरणगत अंक विभाजन अनुरूप छैन । यसले गर्दा निश्चित प्रकरण-बाट त्यत्तिनै अंकका प्रश्नहरू आउनु पर्दछ भनिएता पनि व्यवहारमा त्यो उत्रन सकेको छैन ।

९) उत्तरपुस्तिका परीक्षणको लागि कुनै खास आधारहरू तोकिएका छैनन् । परीक्षकले कुनै पनि प्रश्नको निर्धारित अंकको सीमा भित्र रही स्वेच्छया अंक प्रदान गर्न सक्छ । यसबाट मूल्यांकनले वस्तुगत हुन पाएको छैन ।

कुन प्रश्नको उत्तर कति लामो हुनुपर्ने हो, भाषा, विषय, शैली के कस्तो हुनु आवश्यक छ निश्चित गरिएको छैन । थोरै अंकले पनि उत्तीर्ण गराउनबाट रोक्नु पर्ने र उत्तीर्णसम्म गराइ दिने आधार बलियो छैन ।

१०) परीक्षा केन्द्रमा हुने व्यापक चोरी, अनुशासन हीनता र अव्यवस्थाहरूले पनि ज्यादै ठूला समस्याहरूको सृजना गरेका छन् । शुद्ध वातावरणको अभावमा अनुचित उपायको अवलम्बन गरी लेखिएका उत्तर राम्रै भएता पनि तिनीहरूको आधारमा गरिएको मूल्यांकनले अपेक्षित उद्देश्य पूर्ति गर्न सक्दैन ।

११) कुनै पनि तहको पहिलो खण्डको परीक्षामा सम्मिलितसम्म पनि न भै पाठ्यभार (कोर्स) पूरा गरेको प्रमाणितसम्म भएका दोस्रो खण्डमा पढ्न पाउनाले पनि समस्याहरूको सृजना गरेको छ । यसबाट -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१) प्रथम खण्डमा पढाइएका विषयवस्तुको राम्रो ज्ञानै न भएका छात्रलाई दोश्रो वर्षमा पढाउन पर्दा कक्षामा पढाइएको विषयकै निजले बुझ्न गाह्रारो परेको देखिएको छ । पहिलेकै आधारभूत कुरालाई बारंबार सम्झाउनु पर्दा समय अनावश्यक खर्च हुन्छ ।

२) दोश्रो वर्षमा एकैपल्ट पहिलो र दोश्रो खण्डका सबै पत्रहरूको तैयारी गर्न पर्दा छात्रलाई भयंकर गाह्रारो पर्न गएको छ ।

३) दोश्रोवर्ष दोश्रो खण्डको मात्र पढाइ हुंदा पहिलो खण्डमा पढाइ सकेका विषयहरू छात्रले बिर्सि सको हुंदा पनि सबैलाई पछि फेरी सो को तैयारी गर्न दोव्बर भार पर्न गएको छ ।

४) दुवै खण्डका परीक्षाहरू एकै पल्ट दिनु पर्दा तैयारी गर्न न सक्दा छात्र अक्सर अनुत्तीर्ण हुन्छन् । पुन: परीक्षा पटक पटक दिनु पर्दा समय, धन, परिश्रम सबैको अपव्यय हुन गएको छ ।

११) परीक्षाफल निकाल्ने काममा विलम्ब हुन जांदा पनि धेरै समस्याहरूको प्रादुर्भाव भएको छ । यसबाट -

१) प्रथम खण्डको परीक्षा परिणाम न निस्कंदै द्वितीय खण्डको अध्ययन चालू राख्न पर्दा छात्रले म कुन विषयमा निर्बल छु र केमा बढी परिश्रम गर्नु पर्‍यो भन्ने कुरा थाहा पाउन सक्दैन । आत्ममूल्यांकन हुन सक्दैन ।

२) शिक्षकले पनि छात्रलाई कुन विषयमा बढी परिश्रम गराउने भन्ने कुरामा अनिश्चित हुनु पर्दा छात्रको विषयगत अध्ययनमा शैथिल्य आउन जान्छ ।

३) विद्यापीठ प्रशासनलाई पनि छात्रहरूको प्रवेश, दर्ता, कक्षा संचालन, छात्रावासमा स्थान एवं छात्रवृत्ति वितरण आदि काममा निक्कै अप्ठ्याराहरू पर्न आउंदछन् ।

४) परीक्षा परिणाम ठीक समयमा न निस्केको कारणले गर्दा छात्रावासको स्थान र छात्रवृत्तिहरूको अनुचित उपयोग अनुत्तीर्ण हुने छात्रले गर्न पाइ रहेको हुंदा तिनीहरूको दुरुपयोग भएको समस्या हाल सालै पनि सबै संस्कृत विद्यापीठहरूले भोग्न परेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) शिक्षकले कक्षाको समयमा स्वयं व्यक्तिगत वा बाह्य सामाजिक कार्यकलापमा न लाग्ने र संस्थाले पनि यसरी शिक्षकलाई अन्यत्र व्यस्त राख्ने स्थितिको अन्त गरी कक्षागत कार्यहरूको निरीक्षण र नियन्त्रणमा प्रशासनले कडाइ ल्याउनु आवश्यक छ ।

७) छात्रहरूको अन्यमनस्कता वा अन्यत्रको सक्रियताले कक्षामा उपस्थित न हुने स्थितिको अन्त भने प्राशासनिक नियन्त्रणले गर्न सकिन्छ । सबै कक्षाहरूको उपस्थिति हेरेर मात्र वृत्ति दिने हालको व्यवस्थाले केही आशा जगाएको छ । तर सबै वृत्तिभोजीमा यौटै व्यवहार हुनु आवश्यक छ ।

८) छात्र र शिक्षकका बीचको सम्बन्धहीनता सम्बन्धी समस्या छात्र र शिक्षक स्वयंको बीचको कुरा भएतापनि यसका सूत्र शैक्षिक क्षेत्र भन्दा बाहिर पनि भैसकेको हुंदा सबै क्षेत्रले छात्रलाई गुरुप्रति श्रद्धा गर्न सिकाउनु र गुरुलाई छात्रप्रति प्रेम गर्न सिकाउने कार्यक्रमहरू अपनाउनु पर्दछ ।

(उपर्युक्त सुझावहरूमध्ये कतिपय मूल्यांकन सित प्रत्यक्षः सम्बन्ध न भए जस्तो देखिएता पनि तिनीहरूको प्रभाव मूल्यांकनमा पर्ने देखी उल्लेख गरिएको हो)

३) आन्तरिक मूल्यांकन गर्दा निम्नांकित विधिहरू अपनाउनु उचित हुनेछ -

१) वार्षिक परीक्षामा जस्तै तीन घण्टाकै समय दिई उत्तिकै प्रश्नहरू दिएर कक्षामा उही रूपबाट उत्तर लेख्न लगाई त्यसको मूल्यांकन गर्ने,

२) प्रतिहप्ता गरिने शिक्षणकालीन मूल्यांकनकै क्रममा छात्रहरूबाट विषयगत विचार विमर्श, प्रवचन, शास्त्रार्थ आदि गराएर शिक्षकले त्यो हेरी त्यसैको आधारमा मूल्यांकन गर्ने,

३) माथिल्लो कक्षाका छात्रलाई त्यस भन्दा तल्लो कक्षामा कुनै दिन साझा विषयका कक्षा लिन लगाउने, त्यसैको आधारमा विषयज्ञान र अभिव्यक्ति हेरी पढाउने छात्रको मूल्यांकन गर्ने,

४) कक्षामा पढिसकेको विषय तर ग्रन्थ र टीका एवं टिप्पणीबाट यथावत् सार्न न पाइने, तिनीहरूका आधारमा आफ्ना प्रतिभाले उत्तर दिनुपर्ने प्रश्न दिई घरबाट, उत्तर लेखी ल्याउने पर्ने गरी गृहकार्य दिने र त्यसको मूल्यांकन गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.ग) सुझावहरू

१) मूल्यांकनलाई तीन भागमा बाँड्नु उचित हुनेछ -

१) शिक्षणकालीन मूल्यांकन
२) आन्तरिक मूल्यांकन र
३) वार्षिक मूल्यांकन

२) शिक्षणकालीन मूल्यांकनको लागि निम्नांकित व्यवस्था गर्नु आवश्यक छ -

१) आ-आफ्नो कक्षाको समय र व्यस्तता हेरी सम्भव भएसम्म प्रत्येक दिन अथवा प्रत्येक दोश्रो-तेश्रो दिन, सम्भव न भए प्रतिहप्ता एकपल्ट त अवश्यै पनि पहिले पढि सकेका पाठहरूको सिंहावलोकन गर्नु आवश्यक छ। यस प्रक्रिया उक्त पाठहरू छात्रलाई उपस्थित भए न भएको कुराको मूल्यांकन हुन आवश्यक छ । उपस्थित न भए संक्षिप्त रूपमा तिनै कुराहरू-लाई पुन: एकपल्ट शिक्षकले बताइ दिने गर्नु पर्दछ ।यस्तो मूल्यांकन मौखिक वा लिखित (लेखाभ्यासको क्रममा) पनि गर्न सकिन्छ ।

२) पाठ लगाउने र पाठ बुझाएर मात्र नयाँ पाठ लिने प्रक्रिया हरेक तहमा उपयोगी हुन्छ भन्ने कुराको महत्व छात्रले बुझ्नु आवश्यक छ ।यसको निमित्त प्रत्येक शिक्षण समितिले समय-समयमा आन्तरिक कार्यक्रमहरू राखी सबै तहका छात्रहरूलाई सम्मिलित गराई प्रत्येक तहका विषयगत समस्याहरू-लाई लिएर छात्रहरूमा विचार विमर्श ,प्रवचन वा शास्त्रार्थहरू गराउनु पर्दछ ।

३) संस्कृत विद्यापीठहरूमा प्राय: सबै कक्षाहरूमा अधिक छात्र न भै सीमित संख्यामा मात्र रहने हुँदा यस्ता मूल्यांकन कार्यक्रमहरू राख्न केही गाहारो हुँदैन ।

४) कक्षाको समय थोरै हुने र पाठ्यग्रन्थहरू र विषयहरूको अधिकताले गर्दा पढाइ चाँडै सक्नुपर्ने वाध्यता भने विचारणीय कुरो हो तापनि ७ दिन १५ दिनमा एकपल्ट उक्त कार्यक्रम गर्न उति असजिलो हुँदैन ।

५) शिक्षक संख्या पर्याप्त न हुनु यौटा अर्को समस्या हो । यसको समाधान प्रशासनले गर्नु पर्दछ । कुनै पनि शिक्षकलाई निश्चित संख्यामा भन्दा अधिक भार दिइनु हुँदैन । अतिरिक्त पारिश्रमको आशाले बढी कक्षा स्वीकार गर्नु शिक्षकको निमित्त पनि उचित छैन । आवश्यक शिक्षकहरूको प्रबन्ध प्रशासनबाट भएमा यो समस्या सुल्झाउन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी उपर्युक्त विधिहरूमध्ये कुनै एउटा दुइटाको माध्यमबाट आन्तरिक मूल्यांकन लिइनु पर्दछ । यौटै पत्रको लागि एक भन्दा बढी विधिहरू अपनाउनु परेमा वा अपनाइएका प्राप्तांकलाई अनुपातले २० ।. अंकमा परिणत गरी वार्षिक परीदामा जोडेमा उपयुक्त हुने हुन्छ ।

४) आन्तरिक मूल्यांकन गर्दा शिदाकले शिष्य दयावशंवद हुनु अथवा औपचारिकता पुऱ्याउनु ठीक होइन । शिदाकलाई फितलो हुन वाध्य हुनुपर्ने स्थिति अन्यत्र कतैबाट पनि आउनु वान्छनीय होइन ।

५) यसरी वार्षिक परीदामा अंक जोडिने खालको आन्तरिक मूल्यांकन नियमित र व्यक्तिगत दुवै थरि परीदार्थीहरूको निमित्त समान रूपले लागू हुनु पर्दछ। व्यक्तिगत परीदार्थीले पनि आन्तरिक मूल्यांकन कुनै यौटा सम्बद्ध विद्यापीठमा नियत समयमा गई दिन सक्छ । अन्यथा नियमित परीदार्थीलाई पनि यसको वाध्यता हुनु हुँदैन । यी दुवै पदाहरूमा आन्तरिक मूल्यांकन दुवैले उपर्युक्त रूपमा दिनु नै वेश हो ।

६) वार्षिक परीदामा एकै तहका सबै विषयका प्रश्नहरू समान स्तरका हुनु अत्यावश्यक छ । यसको निमित्त निम्नांकित काम हुनु आवश्यक छ -

१) प्रत्येक तहको निमित्त प्रत्येक पत्रको नमूना प्रश्नपत्र संबद्ध शिदाण समिति-बाट तैयार पारिनु पर्दछ ।

२) यस भन्दा पहिले प्रत्येक तहका प्रश्नपत्रको लागि अंक संयोजना निर्धारित हुनु आवश्यक छ । वर्तमान अंक संयोजनामा केही परिवर्तन गरी निम्नांकित रूप दिनु उचित हुन्छ -

(क) प्रमाणपत्र	२ निवन्धात्मक प्रश्नहरू अंक ४० (प्रत्येक २० अंकका २ प्रश्न,१ विकल्प; ३ मध्ये कुनै २ गर्नुपर्ने) ६ संक्षिप्त उत्तरात्मक प्रश्न अंक ६० (प्रत्येक १० अंकको प्रश्न) ३ विकल्प, ९ मध्ये कुनै ६ गर्नुपर्ने)
(ख) शास्त्री	यस तहमा पनि सोही विधि अपनाउने,
(ग) आचार्य	३ निवन्धात्मक प्रश्नहरू अंक ६०(प्रत्येक २० अंकका तीन प्रश्न, २ विकल्प, ५ मध्ये कुनै तीन गर्नुपर्ने) ४ संदिाप्त उत्तरात्मक प्रश्नहरू अंक ४० (प्रत्येक १० अंकका ४ प्रश्नहरू, १ विकल्प, कुनै पांचमध्ये ४ गर्नुपर्ने)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) तदनुसार अनुकूल हुने गरी पाठ्यक्रममा प्रत्येक तहगत प्रकरणका अंक विभाजनहरू मिलाउनु आवश्यक छ । प्रत्येक प्रकरणको लागि ० अन्तमा आउने १०, २०, ३० आदि अंक दिइनु आवश्यक छ ।

४) प्रश्नपत्र बनाउंदा प्रत्येक प्रकरणको लागि निर्धारित अंक त्यसै प्रकरणको प्रश्नलाई मात्र दिइनु आवश्यक छ ।

५) प्रत्येक मूलविषयको प्रश्नपत्रमा प्रत्येक निबन्धात्मक प्रश्नको लागि निर्धारित अंकमध्ये भाषालाई १० ॑।. , विषयवस्तुलाई ८० ॑।. र अभिव्यक्तिलाई १० ॑।. अंक प्रदान गर्ने, एवं भाषा रचना सम्बन्धी अनिवार्य विषयको प्रश्नपत्रमा भाषालाई ५० ॑।. विषयलाई २५ ॑।. र अभिव्यक्तिलाई २५ ॑।. अंक दिइने छ भन्ने नीति अपनाई सो कुराको उल्लेख पाठ्यक्रममा हुनु आवश्यक छ ।

७) परीक्षकले उत्तरपुस्तिकाको मूल्यांकन उपर्युक्त ६(५) बमोजिम नै गर्नु पर्दछ । यसो भएमा मूल्यांकन बढी वस्तुगत हुन सकछ ।

८) प्रत्येक तहको लागि निर्धारित अंक नमूना प्रश्नपत्रमा समाविष्ट प्रश्नहरूका नमूना उत्तरहरू अथवा उत्तरमा रहनु पर्ने कुराहरूको सारांश शिक्षण समिति-हरूबाट तैयार पारी छात्रहरूलाई उपलब्ध गराउनु आवश्यक छ । यसबाट छात्रहरूले कस्ता प्रश्नहरूको कति उत्तर लेख्नु आवश्यक छ र उत्तर लेख्दा के के कुराको ध्यान दिनु पर्दछ भन्ने बारे जानकारी पाउन सक्छन् ।

९) प्रश्नपत्रहरूको स्वरूप र स्तर निर्धारण एवं उत्तर मूल्यांकन सम्बन्धी आधारहरू सबै विद्यापीठका शिक्षण समितिहरूका सामूहिक बैठक वा कार्यशाला गोष्ठी-हरूबाट तय गर्नु उचित हुनेछ । त्यसपछि पुन स्तरको एकरूपता कायम गर्ने प्रयोजनको लागि विशेष संयुक्त गोष्ठी हुनु पर्दछ ।

१०) परीक्षा केन्द्रको व्यापक चोरी र अनुशासन हीनता एवं अव्यवस्था रोक्नु जरूरी छ । यसको निमित्त निम्नांकित कार्य गर्नु आवश्यक छ-

१) केन्द्रमा निरीक्षणको दायित्व शिक्षकमाथिनै राख्नु पर्दछ ।

२) उनीहरूको सुरक्षा हुनु ज्यादै आवश्यक छ ।

३) उचित पारिश्रमिकको व्यवस्था हुनु पर्दछ।(एउटा ज्यामीको ज्याला प्रतिदिन रू. ३० र शिक्षक निरीक्षकको रू. १२।- ज्यादै ज्यादै अनुपयुक्त र अनुचित छ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu